काठमाडौं जिल्ला प्रशासन कार्यालय द.नं. ६६/०६२/०६३

ISSN 2505-1091

स्वायत्त शासन

(त्रैमासिक)

महिला विशेषाङ्क

'द लास्ट पेज' मा
विकास बहस

INLOGOS
स्वशासन अध्ययन प्रतिष्ठान

मूल्य : रू. १५०/-

At Apex College, our mission is to develop principled and insightful leaders who can transform organizations and the society we live in, through innovative education, research, and networking.
Yes.
And we have been achieving it.
Sukriti Shrestha
BBA-BI Semester IV
Tel: 4467922, 4478841
www.apexcollege.edu.np
/apexcollegeofficial
/apexcollegeofficial
/apexcollegeofficial
APEX COLLEGE
Affiliated to Pokhara University
Building Human Capital.

स्वायत्त शासन
Local-Self Governance
(Quaterly)

सल्लाहकार
खेमराज नेपाल

सम्पादक मण्डल
पद्मा माथेमा
रविन्द्रनाथ अधिकारी
विनोदप्रसाद ढकाल

सम्पादक
गोपीकृष्ण ढुंगाना

प्रकाशन सहयोगी
नरविर देवान

प्रकाशक
स्वशासन अध्ययन प्रतिष्ठान
Institute of Local Governance Studies (INLOGOS)
नयाँ बानेश्वर, काठमाडौं
जि.पि.ओ. बक्स २१०९८
टेलिफोन : ४४६५९४२
इमेलः info@inlogos.org
inlogos.org@gmail.com
वेभसाइटः www.inlogos.org

मुद्रण
आरम्भ एड. प्रा. लि.
बबरमहल, काठमाडौं
फोन : ४२६३९७६
इमेलः aarambhaad@gmail.com

असार, २०७५, वर्ष ५, अंक १७-१८, स्वायत्त शासन (June/July, 2018)

विषय-सूची

क्र. सं.	विषय	पृष्ठ
१.	नीति निर्माण र निर्णय प्रक्रियामा महिला सहभागिता **- राधिका अर्याल**	१
२.	निर्वाचन प्रणाली र महिला प्रतिनिधित्व **- शशी श्रेष्ठ**	८
३.	शिक्षामा महिला **- जानुका पौडेल**	१७
४.	महिलाको बसाइँसराई र रोजगारी **- मञ्जु गुरुङ**	२२
५.	नेपाली महिलाको स्वास्थ्य सेवामा पहुँच : चुनौति र समाधान **- पदमा माथेमा**	३०
६.	स्थानीय तहमा न्यायिक अधिकारको अभ्यास **- सीता ढुंगाना**	३५
७.	डा. उषा झाको व्यक्तित्व	३९
८.	**Capacity Assesment of Electiced Local leaders** **- Samjhauta Nepal**	४०
९.	मञ्जुदेवी गुरुङको व्यक्तित्व	४२
१०.	स्वशासन अध्ययन प्रतिष्ठानका गतिविधिहरू	४३
११.	विकास बहसमा महिला, मानवता र महानता **- गोपीकृष्ण ढुंगाना**	४६

प्रकाशकीय

नागरिक सहभागिता लोकतन्त्रको आधार

नागरिक सहभागिता लोकतन्त्रको आधार हो । २०६८ सालको जनगणनाअनुसार नेपालको कूल जनसंख्या दुई करोड ६४ लाख ९४ हजार पाँच सय चार रहेको छ । यसमध्ये महिलाको जनसंख्या ५१.५ प्रतिशत छ ।

यस आधारमा पनि शासन प्रक्रियामा महिला सहभागिता झनै महत्वपूर्ण छ । नेपालको संविधानले राज्यका संयन्त्रहरूमा न्यूनतम एक तिहाई महिला सहभागिता रहनुपर्ने व्यवस्था गरेको छ । मुलुकको संघीय संसद, प्रदेश सभा र स्थानीय सभाहरूमा महिलाको सहभागिता वृद्धि भएको छ ।

यसरी मुलुकको संरचना र शासन व्यवस्थामा आएको परिवर्तनसँगै निर्णय प्रक्रियामा समेत महिला सहभागिता प्रभावकारी र अर्थपूर्ण हुन आवश्यक छ । प्रभावकारी र अर्थपूर्ण सहभागिताको लागि अवसर, क्षमता र वातावरणले असर गर्दछ । यसर्थ संस्थागत तवरबाट महिला सहभागिता वृद्धि गर्न यस्ता विषयमा समेत ध्यान जानु आवश्यक छ ।

हाल कति महिला कानुन निर्माण प्रक्रियामा संलग्न छन् ? कति कर्मचारीतन्त्रसँग आवद्ध छन् ? कति राजनीतिमा लागेका छन् ? कति न्यायिक क्षेत्रमा छन् ? कति प्राविधिक एवं विज्ञ समूहमा रहेका छन् ? कति उद्यम व्यवसायतिर संलग्न छन् ? कति अन्य क्षेत्रमा संलग्न छन् ? भन्ने विषयका साथै कुन क्षेत्रमा महिला सफल छन् भन्ने विषय पनि महत्वपूर्ण हुन्छ ।

यसै विषयलाई ध्यानमा राख्दै यो अंकमा केही विज्ञ महिलाको विचार समावेश गरिएको छ । यो लेखकको व्यक्तिगत विचार हो । तथापी यसमा समावेश भएका विषयहरू र लेख-रचनामार्फत् व्यक्त भएका विचारहरू मुलुकको नीति निर्मातादेखि स्थानीय स्तरमा रही आ-आफ्नो व्यवसाय सञ्चालन गरिरहेका नागरिक खासगरी महिला र सम्वद्ध सबै पक्षका लागि उपयोगी र सहयोगी हुनेछ ।

मुलुकको शासन पद्धतिमा सुधार ल्याउन सहयोग पुऱ्याउने हाम्रो अभियानमा सहभागी भई आफ्ना लेख-रचना र विचार तथा अनुभवहरू उपलब्ध गरिदिने सबै विज्ञ व्यक्तित्वप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै यस्तो सहयोग र सहभागिता भविष्यमा समेत प्राप्त हुने विश्वास लिएको छु ।

स्वायत्त शासनका पाठकबाट प्राप्त सुझाव र प्रतिक्रियाले हामीलाई मार्गदर्शन गरिरहेको छ । यस अंकमा पनि हामी हाम्रा पाठक वर्गको सुझाव तथा प्रतिक्रियाको अपेक्षा गर्दछौं ।

प्रधान सम्पादकको रुपमा स्वायत्त शासन पत्रिकाको यस अघिका १० वटा अंकहरूको सफल सम्पादन गर्नुहुने प्रतिष्ठानका संस्थापक अध्यक्ष श्री खेमराज नेपालप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस अंकदेखि सम्पादक मण्डलको तर्फबाट प्रत्रिका सम्पादनको कार्य गरिएको छ ।

अन्त्यमा, यस अंकको प्रकाशनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने विज्ञ व्यक्तित्व, कार्यालय, संघ, संस्था, निकाय, प्रतिष्ठानका पदाधिकारी, सदस्य, कर्मचारी र सम्बन्धित सबै पक्षलाई स्वशासन अध्ययन प्रतिष्ठानको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

बंशीधर घिमिरे
कार्यकारी अध्यक्ष
स्वशासन अध्ययन प्रतिष्ठान
काठमाडौं

२०७५/०३/२० गते

सम्पादकीय

अर्थपूर्ण महिला सहभागिता - आजको आवश्यकता

महिला सशक्तीकरण र लैंगिक समानताका लागि एक शताब्दीभन्दा बढी समयदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रबाट भएका प्रयासहरूले पितृसत्तात्मक संरचनाबाट लैङ्गिक समानताका आधारभूत सिद्धान्त, मूल्य र मान्यताहरू विश्वभर सामाजिक परिवर्तनको एक सशक्त संवाहकका रूपमा निर्देशित भएको छ ।

मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघको विश्वव्यापी घोषणा, १९४८ तथा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक महासन्धि, १९७६ ले महिलालाई समान नागरिक र विकासका समान साझेदारको मान्यता प्रदान गरेको छ । कुनै पनि मुलुकको सर्वाङ्गीण विकासको आधारशिला महिलाको समावेशीकरण तथा सहभागिताबाट मात्र सम्भव हुन्छ भन्ने विश्वका विकसित तथा विकासशील राष्ट्रहरूका अनुभवबाट प्रष्ट भइसकेको छ ।

संयुक्त राष्ट्र संघको हस्ताक्षरी सदस्य राष्ट्र नेपाल यसप्रति प्रतिवद्ध छ र यस अनुरूप लैङ्गिक समानता र महिला सशक्तीकरणको उत्तरदायित्व वहन गरिरहेको छ । नेपालले छैठौं योजना (सन् १९८०–१९८५) देखि लैङ्गिक समानताका लागि महिला विकाससम्बन्धी विशेष नीति अवलम्वन गर्दै आएको छ । चौधौं योजना (सन् २०१५–२०१८) सम्म आइपुग्दा नेपाल सरकारले लैङ्गिक समानता, समावेशीकरण र मूलप्रवाहीकरण नीति अपनाउनुका साथै CEDAW, Beijing Platform of Action 1325, 1820 र चेलीबेटी बेचविखन तथा नियन्त्रणसम्बन्धी कार्ययोजना तर्जुमा गरी यसको कार्यान्वयन गर्दै आएको छ ।

नेपाल सरकारले अवलम्वन गर्दै आएको लैङ्गिक उत्तरदायी बजेट प्रणालीले मुलुकमा लैङ्गिकमैत्री वातावरण सृजना गर्न मद्दत पुऱ्याएको छ । सरकारी, गैरसरकारी, सहकारी, निजीक्षेत्र तथा नागरिक समाजबाट लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि गरिएका प्रयास र महिला समानतासम्बन्धी नीति तथा कार्यक्रम सञ्चालनबाट महत्वपूर्ण उपलब्धी हासिल भएको छ ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत रहेका महिलाहिंसा नियन्त्रण, समानवंशीय हक, महिला रोजगारी, सामाजिक सुरक्षा एवं महिला शोषणविरुद्धका विषयहरूलाई महिलाअधिकार सुनिश्चित गर्ने विशेष कानुनी व्यवस्थाको रूपमा लिन सकिन्छ । संघ, प्रदेश तथा स्थानीय तहका निर्वाचित जनप्रतिनिधिमा ३३ प्रतिशत र संवैधानिक तथा सरकारी आयोगमा २० प्रतिशत महिला रहनुपर्ने व्यवस्था गरिएको छ ।

यसले लैङ्गिक तथा सामाजिक समावेशीकरणका क्षेत्रमा नेपालले हाँसिल गरेको सफलतालाई स्पष्ट गरेको छ । राज्य सञ्चालनका लागि मुलुकले अवलम्वन गरेको संवैधानिक, कानूनी एवं नीतिगत व्यवस्थाले राज्य संरचनाका विविध क्षेत्रमा महिला प्रतिनिधित्व उल्लेख्य रूपमा वृद्धि भएको छ । महिलाको प्रतिनिधित्व हुनु र सहभागिता बढ्नु फरक फरक विषय हुन् ।

हामीले महिला प्रतिनिधित्वका साथै महिला सहभागिताको अपेक्षा गरेका हौं । सहभागिता खास केही व्यक्ति र निकायसम्ममात्र सीमित नरही आमनागरिकको तहसम्म पुग्नु पर्दछ । त्यसैले अर्थपूर्ण महिला सहभागिताको मर्मलाई व्यवहारमा उतार्नु मुलुकका लागि चुनौतीको विषय बनेको छ । यस चुनौतीको सामना गर्न हामी सबैको प्रयास अपरिहार्य छ ।

यस प्रक्रियामा स्थानीय तहका सरकारहरू (गाउँपालिका र नगरपालिकाहरू) बाट समन्वय, सहकार्य र सहजीकरण भएको छ । हालसम्म भएका उपलब्धीको रक्षा गर्दै आगामी दिनमा महिला सशक्तीकरणको पक्षमा थप कार्य गर्न स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहन्छ ।

यी विविध विषयलाई सम्बोधन गर्न स्थानीय सरकारको संस्थागत क्षमता विकास गरी महिला सहभागिता र महिला नेतृत्वको गुणात्मक पक्षलाई प्राथमिकता दिनु आजको आवश्यकता हो ।

पद्मा माथेमा

संयोजक, सम्पादक मण्डल

२०७५/०३/२०

स्वशासन अध्ययन प्रतिष्ठान
Institute of Local Governance Studies (INLOGOS)

कार्यसमिति

वंशीधर घिमिरे
अध्यक्ष

वीरेन्द्रबहादुर देउजा
निवर्तमान अध्यक्ष

पद्मा माथेमा
उपाध्यक्ष

सूर्यशरण रेग्मी
कोषाध्यक्ष

रविन्द्रनाथ अधिकारी
सदस्य

बसन्त राज गौतम
सदस्य

खोमदत्त बराल
सदस्य

ज्ञानीसिंह केसी
सदस्य

विनोदप्रसाद ढकाल
सचिव/निर्देशक

प्रतिष्ठानको अनुरोध

- यस पत्रिकामा छापिएका सामग्रीहरूका विषयमा पाठक प्रतिक्रिया पठाउन ।
- यस पत्रिकाको आगामी अंकमा सफल कार्यक्रमहरू छपाउनका लागि लेख र फोटो पठाउन ।
- यस पत्रिकामार्फत सूचना-सन्देश र सन्देशमूलक विज्ञापन पठाउन ।

१. विनोदप्रसाद ढकाल/निर्देशक
फोन : ४४६५९४२
मोबाइल : ९८४१२६४८४१
इमेल : binodpdhakal@inlogos.org

२. नरवीर देवान
फोन/फ्याक्स : ४४६५९४२
मोबाइल : ९८४१३४४७५०
इमेल : info@inlogos.org, inlogos.org@gmail.com

पाठक-प्रतिक्रिया

"स्वायत्त-शासन" सबै स्थानीय तहमा पुग्नुपर्छ

स्वशासन अध्ययन प्रतिष्ठानद्वारा प्रकाशित त्रैमासिक स्थानीय सरकार कानुन विशेषाङ्क (२०७४ पुस) हात लाग्यो । सरकार सञ्चालनका सम्बन्धमा स्थानीय तहका सबै गाउँपालिका तथा नगरपालिकामा अन्योलता रहेको अवस्थामा स्थानीय तहका संवैधानिक अधिकार, तिनका स्रोतसाधन व्यवस्थापन, विधायिकी अधिकार र सीमाहरू समेटिएर आएको उक्त विशेषाङ्क स्थानीय सरकार प्रमुख र पदाधिकारीहरूका लागि उपयोगी त रहला नै, हामी जस्ता विषय जिज्ञासुहरूका लागि पनि उपयोगी रहेको छ ।

स्थानीय तहहरू स्थानीय कानुन निर्माण गर्दै योजना तर्जुमा पद्धतिलाई विधिसम्मत गर्दै जाने कुरामा समयमै सजग हुनुपर्छ जुन देखिएको भने छैन । धुलिखेल नगरपालिकाका प्रमुख अशोक व्याञ्जुसँग लिइएको अन्तर्वार्तामा भनिएझैं संघीय सरकारद्वारा हुने हस्तक्षेपकारी भूमिका बढ्न नदिन स्थानीय सरकार प्रमुखहरू आफैं पनि क्षमतावान् हुनुपर्छ ।

सूर्यनाथ उपाध्यायद्वारा लिखित 'संविधानमा प्राकृतिक स्रोत, अधिकार र कार्यान्वयन' विषयक लेखले राज्यमा रहेका सबै किसिमका प्राकृतिक स्रोतको स्वामित्व राज्यमा निहित रहने र संवैधानिक अधिकार बाँडफाँड सोही अवधारणामा गरिएको तथ्यलाई स्थानीय तथा प्रदेश सरकारका लागि मनन्योग्य पक्ष हुन् ।

गोपीकृष्ण ढुंगानाको 'द लास्ट पेज' को 'विकास-बहस' ले मुलुकमा हुने र गर्नुपर्ने समग्र विकासप्रति सरकार र विपक्षमा रहेका सबैलाई सचेत तुल्याउनेमा दुईमत छैन । पाठकमा पनि यो बहसले एक किसिमको तरंग ल्याउने देखिन्छ । विषयवस्तुको उठान र बैठानको कलात्मक प्रस्तुतिले यो स्तम्भ सह्रानीय देखिन्छ । बहसमा भनिएझैं स्थानीय तहहरू वाई-फाई फ्रि जोन बनाउने र उपकरण जडान गर्नेतर्फ अग्रसर भएको त देखियो तर जडान भएको भोलिपल्टै नचल्ने देखावटी वाई-फाईले नागरिकको, खास गरेर युवाजमातको स्थानीय तहप्रतिको विश्वास घटाउने काममात्र गरेको देखियो । यसप्रति मुलुकभरका सबै स्थानीय सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

स्थानीय तहमा ठुलो संख्यामा महिला पदाधिकारी निर्वाचित भएको र अधिकांश उपप्रमुख पदमा महिला निर्वाचित भई समावेशी स्थानीय सरकार निर्माण हुँदै गरेको अवस्थामा यस त्रैमासिकका आगामी अंकहरूमा महिला पदाधिकारीले यथेष्ठ स्थान पाउन सकून् । आधा आकाश ढाकेका महिलाको सन्दर्भमा अब पनि विगतजस्तै ढंग र शैलीमा यथास्थितिमै चलिरहने हो भने सञ्चार जगतले समेत आफूलाई स्थापित गर्न नसक्ने देखिन्छ । महिला जसरी अघि बढेका छन्, त्यसरी नै सञ्चार माध्यमले पनि स्थान दिनु गणतान्त्रिक व्यवस्थाको पनि विशेषता हो भन्ने मलाई लाग्दछ ।

हुनत यसरी म्यागजिनको स्वरूपमा मुलुकभर सयौं पत्रपत्रिका प्रकाशन भइरहेका छन् । सबैले पाठकको मन नजित्लान् पनि । लेखन, सम्पादन र प्रकाशनमा गुणस्तर पनि नहोलान् तर यो स्वायत्त शासनको सन्दर्भमा के भन्न सकिन्छ भने यसले भूकम्प, गरिबी लगायतका विभिन्न विषयगत विशेषांक प्रकाशन गरेर छुट्टै स्थानमा आफूलाई उभ्याएको छ । लाग्छ यस्ता अंकले पाठकको मन जितेको मात्र छैन, अनुसन्धानमा संलग्नहरूलाई यसका विशेष लेखले सहज बनाएको छ ।

स्वायत्त शासनको गुणस्तर बढाउने हो भने विकास-बहसजस्तै दुई/चार स्तम्भ विकास गरी सोही अनुसारका विषयलाई जोडतोडका साथ उठाउनुपर्छ । पत्रिकाको निरन्तरता कायम राख्दै यसलाई प्रत्येक स्थानीय तह र तिनका सबै वडामा पुऱ्याउन प्रकाशकको ध्यान आकृष्ट गराउन चाहन्छु ।

विजयराज पन्त
नेपालगञ्ज, नेपाल

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सम्मान-पत्र

नेपालमा विकेन्द्रीकरण प्रवर्द्धनको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याए वापत तपाईं श्री स्वशासन अध्ययन प्रतिष्ठानलाई नेपाल सरकार (माननीय उपप्रधानमन्त्रिस्तर) को मिति २०७४/०३/२६ को निर्णयानुसार विकेन्द्रीकरण प्रवर्द्धन पुरस्कार-२०७४ स्वरुप नगद रु ३,००,०००/- (अक्षेरुपी रुपैंया तीन लाख) सहित यो सम्मान-पत्र प्रदान गरिएको छ ।

(दिनेश कुमार थपलिया)
सचिव
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(बिजय कुमार गच्छदार)
माननीय उपप्रधानमन्त्री एवं
संघीय मामिला तथा स्थानीय विकास मन्त्री

नीति निर्माण र निर्णय प्रक्रियामा

महिला सहभागिता

राधिका अर्याल*

१. विषय प्रवेश

नेपालले महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९, बेइजिङ घोषणा तथा कार्यनीति १९९५ र दिगो विकास लक्ष २०१५ लगायत संयुक्त राष्ट्रसंघीय निकायका निर्णयहरूमा हस्ताक्षर गरी राज्यको सबै तहको नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको सहभागिता सुनिश्चित गर्ने प्रतिवद्धता जनाएको छ ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको भाग २ को धारा- ७ मा महिलाको सरकारी नीति निर्माणमा र त्यसको कार्यान्वयन गर्ने तथा सार्वजनिक क्रियाकलाप सम्पादन गर्ने अधिकार सुनिश्चित गरिएको छ । यसैगरी, बेइजिङ घोषणा तथा कार्यनीतिले पहिचान गरेको महिलाका १२ वटा सरोकारका क्षेत्रमध्ये शक्ति संरचना र निर्णय प्रक्रियामा महिला (Women in Power and Decision Making) एक रहेको छ ।

सन् २०३० सम्मका लागि तय गरिएको दिगो विकास लक्षको लक्ष नं. ५ को उपलक्ष्य ५.५ मा राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनको सबै तहको नीति निर्माण र नेतृत्व तहमा महिलाको पूर्ण, प्रभावकारी र समान अवसर सुनिश्चित गर्ने उल्लेख छ । हाल कार्यान्वयनमा रहेका यी तीनवटा दस्तावेजहरूले महिलाको नीति निर्माण र निर्णय प्रक्रियामा सहभागी हुने र निर्णयमा प्रभाव पार्ने कुरा अन्तर्राष्ट्रिय स्तरमा नै सुनिश्चित भइसकेको छ ।

राष्ट्रिय रूपमा हेर्दा २०६२/६३ सालको आन्दोलनपछि पुनर्स्थापित अन्तरिम संसदको पहिलो बैठकले राज्यका सबै संरचनामा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व गराउने संकल्प प्रस्ताव पारित गरेको थियो । यसपछि जारी भएको नेपालको अन्तरिम संविधान २०६३ ले पहिलोपटक महिलाको हकलाई मौलिक हकका रूपमा स्थापित गरेको थियो । जसले मुलुकको राज्य संरचनाका सबै अंगहरूमा समानुपातिक समावेशिताको आधारमा सहभागी गराउने नीतिगत व्यवस्था गरेको थियो । २०७२ सालमा जारी भएको संघीय शासन व्यवस्थासहितको नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहको संसदमा कम्तिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्ने अनिवार्य व्यवस्था गरेको छ । साथै संवैधानिक निकायका पदहरू, राजदूतलगायत राजनीतिक नियुक्ति हुने पदमा समावेशी सिद्धान्त अवलम्वन गर्ने व्यवस्था संविधानतः सुनिश्चित गरिएको छ ।

सोही संविधान बमोजिम सम्पन्न तीनै तहको निर्वाचनबाट प्राप्त परिणामले सबै क्षेत्रको सरकारमा महिलाको प्रतिनिधित्व सन्तोषजनक देखाएको छ । निर्वाचनसम्बन्धी कानुनले प्रदान गरेको समानुपातिक प्रतिनिधित्वका साथै निजामती सेवा, प्रहरी, नेपाली सेनालगायत अन्य सरकारी सेवा तथा सार्वजनिक सेवाका पदहरूमा राज्यले अवलम्वन गरेको सकारात्मक विभेदको नीतिबाट निर्माण तथा नेतृत्व तहमा महिलाको उल्लेखनीय सहभागिता देखिएको छ । महिला सहभागितालाई लैंगिक समानता र दिगो तथा न्यायिक विकासको सूचकको रूपमा हेर्ने गरिएको छ । त्यसैले महिलाको नीति निर्माण र निर्णय प्रक्रियामा हुने अर्थपूर्ण सहभागिताको सूचक वृद्धिले समतामूलक विकासमा योगदान दिन सक्दछ । यस लेखमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयनबाट नेपालले नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको सहभागिता सम्बन्धमा हासिल गरेका मुख्य उपलब्धि र यससँग सम्बन्धित चुनौतिहरूलाई हेर्ने प्रयास गरिएको छ ।

२. नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको सहभागिताको वर्तमान अवस्था

नेपालले अवलम्वन गरेको समानताको नीति, सारभूत समानतामा जोड, विशेष संरक्षणको नीति र महिलाको शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा भएको सुधार र अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयनबाट नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको सहभागिता उल्लेख्य रूपमा अर्थात् देख्न सकिने गरी वृद्धि भएको छ । राष्ट्रिय औसतमा हेर्दा देखिएको सकारात्मक वृद्धि सबै क्षेत्र, तह, वर्ग र समुदायमा समान रूपमा लागू हुन सक्दैन । त्यसैले महिलाको सहभागिता अभिवृद्धि गर्न महिला भित्रको समूह र समावेशीकरणलाई सूक्ष्म रूपमा विश्लेषण गर्नुपर्ने हुन्छ । विभिन्न तह र क्षेत्रमा भएको महिला सहभागिताको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

२.१ संसदमा महिला सहभागिता

२.१.१. संघीय संसद

नेपालको संविधानको भाग ८ मा संघीय व्यवस्थापिकाको व्यवस्था गरिएको छ । यसअन्तर्गत प्रतिनिधि सभा र राष्ट्रिय सभा रहेको छ । प्रतिनिधि सभामा दुई सय ७५ सदस्य रहने व्यवस्था छ भने राष्ट्रिय सभामा ५९ जना सदस्य रहने व्यवस्था छ । संघीय संसदमा कूल तीन सय ३४ जना सदस्यहरू छन् । संविधानबमोजिम सम्पन्न भएको संघीय संसदको निर्वाचनबाट ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित भएको छ । हाल

* सहसचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय

प्रतिनिधि सभामा ९० जना र राष्ट्रिय सभामा २३ जना महिला सदस्यहरू छन् । प्रतिनिधि सभा र राष्ट्रिय सभाको सदस्यहरूको प्रादेशिक प्रतिनिधित्व निम्नानुसार रहेको छ ।

(क) प्रतिनिधि सभामा महिला सहभागिता

प्रतिनिधि सभा संघीय कानुन निर्माण गर्ने महत्वपूर्ण स्थान हो । यसमा महिलाको सहभागिताले महिलामैत्री कानुन निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । हाल मिश्रित निर्वाचन प्रणालीअन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने महिला सदस्य (सांसदको) संख्या कूल एक सय ६५ सिटमध्ये जम्मा छ वटामात्र रहेको छ भने समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत कूल एक सय १० सिटमध्ये महिलाको संख्या ८४ रहेको छ । जसअन्तर्गत प्रतिनिधि सभामा महिलाको सहभागिता ३२.७३ प्रतिशत रहेको छ ।

तालिका १ : प्रतिनिधि सभामा महिला सहभागिता

सि.नं.	प्रदेश	पहिलो हुने निर्वाचित			समानुपातिक निर्वाचन			कूल जम्मा		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
१	प्रदेश नं. १	१	२७	२८	१४	३	१७	१५	३०	४५
२	प्रदेश नं. २	-	३२	३२	२३	३	२६	२३	३५	५८
३	प्रदेश नं. ३	१	३२	३३	१३	६	१९	१४	३८	५२
४	प्रदेश नं. ४	१	१७	१८	८	६	१४	९	२३	३२
५	प्रदेश नं. ५	२	२४	२६	१६	४	२०	१८	२८	४६
६	प्रदेश नं. ६	-	१२	१२	४	१	५	४	१३	१७
७	प्रदेश नं. ७	१	१५	१६	६	३	९	७	१८	२५
	कूल जम्मा	**६**	**१५९**	**१६५**	**८४**	**२६**	**११०**	**९०**	**१८५**	**२७५**
	प्रतिशत	**३.६४**	**९६.३६**	**१००**	**७६.३६**	**२३.६४**	**१००**	**३२.७३**	**६७.२७**	**१००**

स्रोत : निर्वाचन आयोग, २०७४

(ख) राष्ट्रिय सभामा महिला सहभागिता

राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट तीन-तीनजना महिलाहरू निर्वाचित भएका छन् भने नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित एकजना गरी कूल ५९ सदस्यमध्ये २२ जना सदस्यहरू महिला छन् । यसरी हेर्दा राष्ट्रिय सभामा महिलाको प्रतिनिधित्व ३७ प्रतिशत रहेको देखिन्छ ।

तालिका २ : राष्ट्रिय सभामा महिला सहभागिता

सि.नं.	प्रदेश	निर्वाचित		
		महिला	पुरुष	जम्मा
१.	प्रदेश नं. १	३	५	८
२.	प्रदेश नं. २	३	५	८
३.	प्रदेश नं. ३	३	५	८
४.	प्रदेश नं. ४	३	५	८
५.	प्रदेश नं. ५	३	५	८
६.	प्रदेश नं. ६	३	५	८
७.	प्रदेश नं. ७	३	५	८
	मनोनित	१	२	३
	कूल जम्मा	**२२**	**३७**	**५९**
	प्रतिशत	**३७.२९**	**६२.७१**	**१००**

स्रोत : निर्वाचन आयोग, २०७४

नेपालले अवलम्वन गरेको समानताको नीति, सारभूत समानतामा जोड, विशेष संरक्षणको नीति र महिलाको शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा भएको सुधार र अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयनबाट नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको सहभागिता उल्लेख्य रूपमा अर्थात् देख्न सकिने गरी वृद्धि भएको छ । राष्ट्रिय औसतमा हेर्दा देखिएको सकारात्मक वृद्धि सबै क्षेत्र, तह, वर्ग र समुदायमा समान रूपमा लागू हुन सक्दैन ।

२.१.२. प्रदेश सभा

नेपालको संविधानबमोजिम प्रत्येक प्रदेशमा एक सदनात्मक प्रदेश व्यवस्थापिका रहने व्यवस्था छ। यसमा सम्बन्धित प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य संख्याको दोब्बर संख्यामा हुन आउने सदस्य र यसबमोजिम कायम हुने सदस्य संख्यालाई ६० प्रतिशत मानी बाँकी ४० प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्यहरू रहने व्यवस्था छ। प्रदेश सभाको कूल सदस्य संख्या सातवटै प्रदेशमा गरी जम्मा पाँच सय ५० रहेकोमा महिलाको संख्या एक सय ८९ छ अर्थात् प्रदेश सभामा महिलाको सहभागिता करिब ३४.३६ प्रतिशत देखिन्छ। नेपालको संविधान बमोजिम सम्पन्न ऐतिहासिक निर्वाचनबाट प्रत्येक प्रदेशबाट निर्वाचित भएका सदस्यहरू र निर्वाचित महिला सदस्यको संख्या निम्नानुसार छ :-

तालिका ४ : प्रदेश सभामा महिला सहभागिता

सि.नं.	प्रदेश	पहिलो हुने निर्वाचित			समानुपातिक निर्वाचन			कूल जम्मा		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
१.	प्रदेश नं. १	२	५४	५६	३०	७३	१०३	३२	६१	९३
२.	प्रदेश नं. २	५	५९	६४	३२	११	४३	३७	७०	१०७
३.	प्रदेश नं. ३	५	६१	६६	३२	१२	४४	३७	७३	११०
४.	प्रदेश नं. ४	२	३४	३६	१८	६	२४	२०	४०	६०
५.	प्रदेश नं. ५	२	५०	५२	३०	५	३५	३२	५५	८७
६.	प्रदेश नं. ६	-	२४	२४	१३	३	१६	१३	२७	४०
७.	प्रदेश नं. ७	१	३१	३२	१७	४	२१	१८	३५	५३
	कूल जम्मा	**१७**	**३१३**	**३३०**	**१७२**	**११४**	**२८६**	**१८९**	**३६१**	**५५०**
	प्रतिशत	**५.१५**	**९४.८५**	**१००**	**७८.१८**	**२१.८२**	**१००**	**३४.३६**	**६५.६४**	**१००**

स्रोत : निर्वाचन आयोग, २०७४

२.१.३ स्थानीय व्यवस्थापिका (गाउँसभा/नगरसभा)

नेपालको संविधानबमोजिम देशभर सात सय ५३ वटा स्थानीय तह रहने व्यवस्था छ। स्थानीय तहमा निर्वाचित कूल सदस्य संख्या ३५ हजार ४१ रहेकोमा महिलाको संख्या १४ हजार तीन सय ५३ जना छ। प्रतिशतका हिसाबले स्थानीय तहमा महिलाको प्रतिनिधित्व ४०.९६ हुन्छ। स्थानीय तहमा निर्वाचित पदाधिकारीहरूको संख्यामा महिलाको संख्या उत्साहजनक देखिनुको साथै नेपालको इतिहासमा राजनीतिक तहमा अहिलेसम्मकै उच्च सहभागिता हो। यसले आगामी दिनहरूमा स्थानीय तहमा महिलाको सहभागिता वृद्धि गर्नुको साथै महिलाको सशक्तीकरण, निर्णय क्षमतामा वृद्धि गरी उच्च तहको राजनीतिक संरचनामा पनि महिलाको सहभागिता अभिवृद्धि गर्न मद्धत पुऱ्याउँदछ। स्थानीय तहमा निर्वाचित महिला र पुरुषहरूको विवरण निम्नानुसार छ :-

तालिका ५ : स्थानीय गाउँसभा/नगरसभामा महिला सहभागिता

सि.नं.	लिंग	प्रमुख/ अध्यक्ष	%	उपप्रमुख/ उपाध्यक्ष	%	वडा अध्यक्ष	सदस्य महिला	दलित महिला	अन्य	जम्मा	प्रतिशत
१	महिला	१८	२.३९	७००	९२.९६	६१	६७४२	६५६७	२६४	१४३५२	४०.९६
२	पुरुष	७३५	९७.६१	५३	७.०४	६६८१	०	०	१३२२०	२०६८९	५९.०६
	जम्मा	**७५३**	**१००**	**७५३**	**१००**	**६७४२**	**६७४२**	**६५६७**	**१३४८४**	**३५०४१**	

स्रोत : निर्वाचन आयोग, २०७४

२.२ मन्त्रिपरिषद्मा महिला सहभागिता

संविधानअनुसार संघीय संसदका सदस्य मध्येबाट समावेशी सिद्धान्तबमोजिम प्रधानमन्त्रीसहित बढीमा २५ जना मन्त्री रहने गरी मन्त्रिपरिषद् गठन गर्न सकिने व्यवस्था छ। यसअनुसार, केपी शर्मा ओलीको अध्यक्षतामा गठन भएको मन्त्रिपरिषद्मा २४ जना सदस्य छन् जसमा चारजना महिला छन्। यो संख्या हेर्दा मन्त्रिपरिषद्मा महिलाको सहभागिता करिब १७ प्रतिशतमात्र हो।

२.३. निजामती सेवा, सेना र प्रहरीमा महिला सहभागिता

नेपाल सरकारले सकारात्मक विभेदको नीति अवलम्वन गरेपश्चात् निजामती सेवामा महिलाको सहभागिता उल्लेख्य रूपमा वृद्धि भएको छ। हाल निजामती सेवामा महिलाको सहभागिता २३ प्रतिशतभन्दा बढी छ। निजामती किताबखानाको बि. सं. २०७५ असार महिनाको तथ्यांक अनुसार निजामती सेवामा कार्यरत कूल ८९,८२१ कर्मचारी मध्ये पुरुष कर्मचारी ६८,६७९ छन् भने महिला कर्मचारी २१,१४२ छन्। निजामती सेवामा नीति, निर्माण र निर्णय प्रक्रियामा सहभागी हुने सचिव र सहसचिव पदमा महिलाको सहभागिता क्रमशः ३.१ प्रतिशत र ६.५ प्रतिशत रहेको छ। न्याय क्षेत्रमा महिलाको संख्यात्मक वृद्धि भए पनि समग्रमा महिला प्रतिनिधित्व निम्न स्तरकै छ। हाल महिलाको सहभागिता ३.३४ प्रतिशत छ।

तालिका ६ : निजामती सेवामा महिला सहभागिता

	पुरुष	प्रतिशत	महिला	प्रतिशत	जम्मा
राजपत्रांकित श्रेणी	**१३७०२**	**८८.७१**	**१७४४**	**११.२९**	**१५४४६**
१. विशिष्ट श्रेणी	६२	९६.९	२	३.१३	६४
२. रा.प. प्रथम श्रेणी	५८६	९३.४६	४१	६.५४	६२७
३. रा.प. द्वितीय श्रेणी	३३८२	९३.४५	२३७	६.५५	३६१९
४. रा.प. तृतीय श्रेणी	९६७२	८६.८५	१४६४	१३.१५	११,१३६
राजपत्र अनंकित श्रेणी	**२४९८५**	**८२.०६**	**५४६१**	**१७.९४**	**३०,४४६**
१. रा.प.अनं.प्रथम	१५०१५	८४.६९	२७१५	१५.३	१७७३०
२. रा.प.अनं. द्वितीय	९२२९	७७.५	२६७७	२२.४८	११९०६
३. रा.प.अनं.तृतीय	५८५	९०.१	६४	९.८६	६४९
४. रा.प.अनं.चतुर्थ	११७	९६.७	४	३.३१	१२१
५. रा.प.अनं. पाँचौं	३९	९७.५	१	२.५	४०
श्रेणी विहिन	**१५५०७**	**९१.४५**	**१४५०**	**८.५५**	**१६९५७**
अन्य सेवा	**१४,४८५**	**५३.७०**	**१२,४८७**	**४६.३०**	**२६,९७२**
कूल संख्या	**६८६७९**	**७६.४६**	**२११४२**	**२३.५४**	**८९,८२१**

स्रोत : निजामती किताबखाना, २०७५ असार महिना

नेपाली सेना र प्रहरीतर्फ महिलाको सहभागिता क्रमशः ३.२ प्रतिशत, ५.७ प्रतिशत र ४.९ प्रतिशत मात्र देखिन्छ। उच्चस्तरको नीति निर्माण तहमा महिलाको सहभागिता न्यून छ।

तालिका ७ : नेपाली सेना र प्रहरीतर्फ महिला सहभागिता

विवरण	तह	महिला प्रतिशत	पुरुष प्रतिशत
नेपाली सेना	अधिकृत	५.५४	९४.४६
	अन्य	१.७५	९८.२५
नेपाल प्रहरी	अधिकृत	४.४५	९५.५५
	अन्य	५.८७	९४.१३
सशस्त्र प्रहरी बल	अधिकृत	५.१४	९७.८६
	अन्य	३.४३	९६.५७

स्रोत : सामान्य प्रशासन मन्त्रालय २०७४/७५

नेपालको संविधानबमोजिम देशभर सात सय ५३ वटा स्थानीय तह रहने व्यवस्था छ । स्थानीय तहमा निर्वाचित कूल सदस्य संख्या ३५ हजार ४१ रहेकोमा महिलाको संख्या १४ हजार तीन सय ५३ जना छ । प्रतिशतका हिसाबले स्थानीय तहमा महिलाको प्रतिनिधित्व ४०.५६ हुन्छ । स्थानीय तहमा निर्वाचित पदाधिकारीहरूको संख्यामा महिलाको संख्या उत्साहजनक देखिनुको साथै नेपालको इतिहासमा राजनीतिक तहमा अहिलेसम्मकै उच्च सहभागिता हो । यसले आगामी दिनहरूमा स्थानीय तहमा महिलाको सहभागिता वृद्धि गर्नुको साथै महिलाको सशक्तीकरण, निर्णय क्षमतामा वृद्धि गरी उच्च तहको राजनीतिक संरचनामा पनि महिलाको सहभागिता अभिवृद्धि गर्न मद्धत पुऱ्याउँदछ ।

• • •

नेपालको संविधानबमोजिम प्रत्येक प्रदेशमा एक सदनात्मक प्रदेश व्यवस्थापिका रहने व्यवस्था छ । यसमा सम्बन्धित प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य संख्याको दोब्बर संख्यामा हुन आउने सदस्य र यसबमोजिम कायम हुने सदस्य संख्यालाई ६० प्रतिशत मानी बाँकी ४० प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्यहरू रहने व्यवस्था छ । प्रदेश सभाको कूल सदस्य संख्या सातवटै प्रदेशमा गरी जम्मा पाँच सय ५० रहेकोमा महिलाको संख्या एक सय ८५ छ अर्थात् प्रदेश सभामा महिलाको सहभागिता करिब ३४.३६ प्रतिशत देखिन्छ ।

विगत केही वर्षदेखि नीति निर्माण र निर्णय गर्ने तहमा महिलाको प्रतिनिधित्व संख्यात्मक रूपमा वृद्धि भएको बाहेक नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व ३३ प्रतिशत पुग्न सकेको छैन । निजामती सेवा लगायत सबै सरकारी सेवामा महिला लगायत अन्य पिछडिएका र सीमान्तकृत वर्ग तथा क्षेत्रको सहभागिता बढाउने उद्देश्यले नेपाल सरकारले २०६४ सालदेखि सकारात्मक विभेदको नीति कार्यान्वयनमा ल्याएको हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको एक अध्ययन अनुसार, २०६६/६७ देखि कार्यान्यनमा आएको यस नीतिले आ.व. २०७३/७४ सम्मको अवधिमा अर्थात् समावेशी व्यवस्था लागू भएको सात वर्षको अवधिमा कूल २६ हजार एक सय छ जना निजामती सेवामा प्रवेश गर्दा महिलाको प्रवेशदर ३२.८ प्रतिशत पुगेको थियो ।

यही दरमा वृद्धि हुँदा पनि दीगो विकासको लक्ष अनुसार र समानुपातिक समावेशी सिद्धान्तबमोजिम महिला र पुरुषको समान सहभागिता कायम गर्न धेरै वर्ष पर्खनुपर्ने देखिन्छ । त्यसैले पनि यो विषय चुनौतीपूर्ण छ । निजामती सेवामा हाल भएको पदपूर्तिलाई पदका आधारमा विश्लेषण गरेर हेर्दा नीति निर्माण तह खासगरी उपसचिव र सहसचिवमा महिलाको प्रवेशदर क्रमशः १३.३६ र १०.४८ प्रतिशत छ । सचिव (विशिष्ट श्रेणी) मा यो दर झन् न्यून २.८ प्रतिशतमात्र छ ।

३. नीति निर्माण र निर्णय प्रक्रियामा महिला सहभागिताका चुनौतीहरू

राज्यका निर्णायक तह तथा नीति निर्माण तहमा महिलाको सहभागिताले उनीहरूको व्यक्तित्व विकास हुनुको साथै नेतृत्व सीपको विकास हुन्छ । यसले महिलाको आत्मसम्मान र आत्मविश्वासमा वृद्धि हुन्छ । यसका साथै राजनीतिक, आर्थिक र सामाजिक सशक्तीकरणको तहमा समेत वृद्धि हुन्छ ।

ऐन, नियम निर्माण तथा निर्णय प्रक्रियामा महिलाको उल्लेख्य उपस्थिति हुँदा महिलामैत्री ऐन तथा नियमहरू बन्ने सम्भावना हुन्छ । यसले समाजमा वास्ताविक समानताको अनुभूति गर्न सकिने वातावरणको सिर्जना गर्दछ । नेपाली समाजको संरचना, बनावट, सामाजिक मूल्य, मान्यता, सोच र शैक्षिक अवस्था आदिका कारण नीति निर्माण र निर्णायक तहमा महिलाको सहभागिता आशातीत रूपमा बढ्न सकेको छैन । अझै महिला सहभागिताको संख्यात्मक बढोत्तरी अनुसार गुणात्मक र अर्थपूर्ण सहभागिता बनाउने विषय चुनौतीका रूपमा देखिएको छ । नीति निर्माण र निर्णय प्रक्रियामा महिला सहभागिताको सम्बन्धमा देखिएका चुनौतीहरूलाई देहायअनुसार प्रस्तुत गरिएको छ :-

(क) सामाजिक संरचना, मूल्यमान्यता र सोच

नेपाली समाज अझै पनि पितृसत्तात्मक सोच, मूल्य र मान्यताद्वारा निर्देशित छ । नेपालको संविधान, महिलाको हक अधिकार सम्बन्धी विशिष्टीकृत ऐन, नियम तथा कानुन र अन्तर्राष्ट्रिय प्रतिवद्धताले महिला र पुरुषको समान सहभागिताको व्यवस्था गरे पनि व्यावहारिक रूपमा समाजमा छोरालाई बढी मूल्य दिने, छोरीलाई भन्दा छोरालाई बढी अवसर दिने र मुख्य सामाजिक तथा धार्मिक गतिविधिहरूमा छोराको उपस्थितिको अनिवार्यता बोध गर्ने प्रचलन कायमै छ भने महिलाले घरभित्रको सम्पूर्ण काम गर्नुपर्ने अवस्था विद्यमान छ । प्रजनन् भूमिका जस्तै बालबच्चाको रेखदेख र परिवारमा वृद्धवृद्धाको स्याहार जस्ता भूमिकामा महिलाको संलग्नता बढी भएको र यी कार्यमा पुरुषको पूर्णरूपमा सहभागिता नभएका कारणले पनि महिलाको सहभागितामा वृद्धि हुन सकिरहेको छैन ।

(ख) महिलाको न्यून शैक्षिक स्तर र सूचनामा अपर्याप्त पहुँच

नेपालमा पुरुषको तुलनामा महिलाको साक्षरता दर कमी छ । अझ उच्च शिक्षामा महिलाको सहभागिता कम छ । २०६८ को जनगणना अनुसार महिला साक्षरता दर ५७ प्रतिशत मात्र छ । यसमा पनि आर्थिक तथा सामाजिक रूपले पिछडिएका वर्ग, समुदाय र

क्षेत्रमा रहेका महिलाको शैक्षिक स्तर न्यून छ । यसले गर्दा न्यूनतम शैक्षिक योग्यता चाहिने सरकारी सेवा तथा निजामती सेवाजस्ता नीति निर्माणमा प्रत्यक्ष रूपमा संलग्न हुने क्षेत्रमा महिलाको संख्यात्मक सहभागिता कम छ । न्यूनतम शैक्षिक योग्यता आवश्यक नपर्ने क्षेत्र (जस्तै राजनीतिक क्षेत्र) मा पनि शैक्षिक स्तर, पर्याप्त ज्ञान र विज्ञता नभएका कारण महिलाको सहभागिता भए पनि निर्णयमा प्रभाव पार्न सक्ने गरी अर्थपूर्ण र गुणात्मक सहभागिता हुन सकेको छैन । यसका साथै सबै क्षेत्रमा भएका सूचनाहरूमा महिलाको सहज पहुँच छैन भने सही र पूर्ण सूचनाको अभावले पनि महिलाको सहभागिता खुम्चिन पुगेको छ ।

(ग) महिला स्वयंमा आत्मविश्वास र जोखिम लिन सक्ने क्षमता तुलनात्मक रूपमा कम हुनु

महिला हुर्केको समाजको सामाजिक संरचना, मूल्य र मान्यता, उनले आर्जन गरेको शिक्षा र ज्ञानको स्तर, आर्थिक स्रोत तथा साधनमा महिलाको स्वामित्व तथा नियन्त्रणको अवस्था अर्थात् आर्थिक परनिर्भरताको अवस्था आदिका कारणले गर्दा पनि सार्वजनिक क्षेत्रको नेतृत्व तथा निर्णायक तहमा महिलाको सहभागिता कम छ । यसका साथै महिलाको जोखिम बहन गर्ने क्षमता पनि पुरुषको तुलनामा (महिला पछि परेका कारणबाट) कम भएको पाइन्छ ।

(घ) महिलामा भएको ज्ञान, सीप, क्षमता र योग्यता कौशलताप्रति सजिलै विश्वास नगर्ने तथा स्वीकार नगर्ने प्रवृत्ति

समाजमा विद्यमान पितृसत्तात्मक सोच, संरचना आदिका कारण महिलाको सीप, क्षमता र ज्ञानलाई समाज, संगठन र संस्थाले सहजै स्वीकार गर्न सक्ने अवस्था छैन । महिलाले लिएको नेतृत्वको छहारी भित्र पुरुष सहजै बस्ने प्रवृत्ति छैन । कतिपय अवस्थामा कानुनी रूपमा बाध्यकारी भए पनि व्यावहारिक रूपमा महिलाको नेतृत्व र नियन्त्रणलाई सहजै स्वीकार गर्न सकेको पाइँदैन । यसले महिला स्वयंलाई आफ्नो क्षमतामा अवमूल्यन गर्न बाध्य पार्ने र आफूमा भएको योग्यता, क्षमताप्रति नै निराशा पैदा हुन सक्ने जोखिम सिर्जना गर्दछ । विविध कारणले महिलालाई निर्णायक तहको जिम्मेवारी कम दिइने कारणबाट पनि नीति निर्माण र निर्णायक तहमा महिलाको सहभागिता कम देखिएको छ ।

(ङ) महिला तथा बालबालिका उपर हुने शारीरिक, मानसिक तथा यौनजन्य हिंसाको विद्यमानता

नेपाली समाजमा महिला हिंसाको प्रमुख कारकका रूपमा अशिक्षा, अभाव, अन्धविश्वास, पछौटेपन, हानीकारक प्रथा, प्रचलन र अभ्यास रहेको पाइन्छ । महिलाविरुद्ध हुने शारीरिक, मानसिक तथा यौनजन्य हिंसाको संख्या दिन प्रतिदिन वृद्धि हुँदै गएको छ । अझै घरपरिवार र नजिकका चिनेजानेका व्यक्तिबाट महिला र बालबालिका बढी पीडित हुने गरेका छन् । यस किसिमको हिंसाले महिलाको शारीरिक, मानसिक तथा आर्थिक क्षति हुनुको साथै महिलाको समग्र विकासमा बाधा तथा अवरोध सिर्जना गर्दछ । विभिन्न किसिमका हिंसाको विद्यमानताले नेपाली समाजमा महिलाको सशक्तीकरण र लैंगिक समानताको प्राप्ति र विकासमा ठुलो चुनौती खडा गरेको छ । महिलाको सार्वजनिक जीवनमा हुने सहभागिताको प्रमुख बाधकको रूपमा रहेको लैंगिक हिंसा अन्त्य गर्नु चुनौतीपूर्ण देखिएको छ ।

(च) महिलाको हक अधिकार सम्बन्धी अन्तरराष्ट्रिय प्रतिवद्धता र राष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयन

राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकलाई महिलाको हकको रूपमा नभई मौलिक अधिकारका रूपमा संविधानमा नै व्यवस्था छ । यसलाई कानुन बनाई कार्यान्वयनमा ल्याउनुपर्ने अवस्था छ । महिलाको सहभागिता सुनिश्चित गर्ने गरी बनाइएका विभिन्न क्षेत्रगत तथा विशिष्टीकृत ऐन, नियमावली तथा नीतिहरूको प्रभावकारी रूपमा कार्यान्वयन गरी महिलाको समानुपातिक सहभागिता सुनिश्चित गर्ने विषय चुनौतिको रूपमा देखिएको छ ।

नेपालमा २०६४/६५ देखि लैंगिक उत्तरदायी बजेट विनियोजन सुरु भएको र हाल प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट विनियोजन ३७ प्रतिशतको हारहारीमा पुगेको छ । महिलाको सहभागिता वृद्धि, क्षमता विकास, कार्यबोझमा कमी आउने, समय वचन गर्ने र आयआर्जन गर्ने क्षेत्रमा योगदान पुऱ्याउने गरी बजेट विनियोजन प्रणाली भए पनि खर्चको अनुगमन गर्न सकिएको छैन भने संघीय शासन व्यवस्था बमोजिम प्रदेश र स्थानीय तहमा लक्षित बजेट विनियोजन गरी खर्चको प्रभावकारी मूल्यांकन गर्ने प्रणाली स्थापित गर्नु पर्ने देखिन्छ ।

• • •

नेपाल एकात्मक शासन व्यवस्थाबाट संघीय शासन व्यवस्थामा रूपान्तरण भएको सन्दर्भमा सबै तहको संरचनामा महिलाको हक, अधिकार संस्थागत गरी नीति निर्माण र निर्णय प्रक्रियामा उनीहरूको अर्थपूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने महत्वपूर्ण अवसर हो । राज्यका सबै अंग, तह र संरचनामा संविधानको व्यवस्था बमोजिम समानुपातिक समावेशिता सुनिश्चित गर्ने वातावरण तय गर्नुपर्छ । यस्ता व्यवस्थालाई व्यवहारमा अनुभूति हुने गरी कार्यान्वयन गर्न पर्याप्त स्रोत साधनको व्यवस्था सहित समयवद्ध कार्ययोजना अनिवार्य रूपमा लागू गर्नुपर्छ । राज्यका तीनै तहको संरचनामा महिला सहभागिता अभिवृद्धि गर्न संस्थागत संयन्त्रको सुदृढीकरण र उत्तरदायित्वको विकास गर्नुपर्छ ।

File Photo : Stars Foundation

महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, बेइजिङ कार्ययोजना र दीगो विकासका लक्षहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी महिला सहभागिता सुनिश्चित गर्ने विषय चुनौतीका रूपमा देखिएका छन् ।

(छ) महिला सशक्तीकरण तथा लैंगिक समानताको क्षेत्रमा पर्याप्त लगानी गर्नु

नेपालमा २०६४/६५ देखि लैंगिक उत्तरदायी बजेट विनियोजन सुरु भएको र हाल प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट विनियोजन ३७ प्रतिशतको हारहारीमा पुगेको छ । महिलाको सहभागिता वृद्धि, क्षमता विकास, कार्यबोझमा कमी आउने, समय वचत गर्ने र आयआर्जन गर्ने क्षेत्रमा योगदान पुऱ्याउने गरी बजेट विनियोजन प्रणाली भए पनि खर्चको अनुगमन गर्न सकिएको छैन भने संघीय शासन व्यवस्था बमोजिम प्रदेश र स्थानीय तहमा लक्षित बजेट विनियोजन गरी खर्चको प्रभावकारी मूल्यांकन गर्ने प्रणाली स्थापित गर्नु पर्ने देखिन्छ ।

(ज) सारभूत समानता कायम गर्ने

संविधान लगायत विशिष्टीकृत ऐनहरूले महिलाको औपचारिक समानतामा ध्यान दिएको छ । यसको असर र परिणाममा ध्यान नपुऱ्याएका कारण व्यवहारमा समानताको अनुभूति हुन सकेको छैन । अर्थात् परिणाममा लैंगिक समानता हासिल गर्न खासै योगदान पुग्न सकेको देखिँदैन । विशेषगरी ग्रामीण भेग, दुर्गम क्षेत्र र ऐतिहासिक रूपमा बहिष्कृत समूहका महिलाको शिक्षा, स्वास्थ्य, सशक्तीकरणको क्षेत्रमा सुधार गरी नीति निर्माण र निर्णायक तहमा उनीहरूका सहभागिता गराउने विषय चुनौतीपूर्ण छ ।

४. उपसंहार

नेपाल एकात्मक शासन व्यवस्थाबाट संघीय शासन व्यवस्थामा रूपान्तरण भएको सन्दर्भमा सबै तहको संरचनामा महिलाको हक, अधिकार संस्थागत गरी नीति निर्माण र निर्णय प्रक्रियामा उनीहरूको अर्थपूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने महत्वपूर्ण अवसर हो । राज्यका सबै अंग, तह र संरचनामा संविधानको व्यवस्था बमोजिम समानुपातिक समावेशिता सुनिश्चित गर्ने वातावरण तय गर्नुपर्छ । यस्ता व्यवस्थालाई व्यवहारमा अनुभूति हुने गरी कार्यान्वयन गर्न पर्याप्त स्रोत साधनको व्यवस्था सहित समयवद्ध कार्ययोजना अनिवार्य रूपमा लागू गर्नुपर्छ ।

राज्यका तीनै तहको संरचनामा महिला सहभागिता अभिवृद्धि गर्न संस्थागत संयन्त्रको सुदृढीकरण र उत्तरदायित्वको विकास गर्नुपर्छ । मुख्य रूपमा महिलाको शिक्षा र स्वास्थ्यको स्तर अभिवृद्धि गरी सशक्तीकरणको सूचक वृद्धि गर्न सकेमा सबै तह र क्षेत्रमा महिलाको सहभागिता क्रमिक रूपमा सुधार हुने देखिन्छ । यसले सहभागिता गुणस्तरीय हुनुको साथै अर्थपूर्ण पनि हुनसक्छ । त्यसैले महिलाको नीति निर्माण र निर्णायक तहमा सहभागिता अभिवृद्धि गर्न प्रारम्भिक रूपमा शिक्षा र स्वास्थ्यमा लगानी बढाउन आवश्यक छ ।

स्रोत सामग्री

१. नेपालको संबिधान २०७२

२. नेपालमा महिलाको प्रगति (सन् १९९५-२०१५) सारभूत समानता सहभागी संस्था

३. निर्वाचन आयोगका दस्तावेजहरू

४. महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका दस्तावेजहरू

❖❖❖

निर्वाचन प्रणाली र
महिला प्रतिनिधित्व

शशी श्रेष्ठ*

सन्दर्भ

यतिखेरको हाम्रो आवश्यकता एक महिलाको होइन जो इतिहास बनाउँछिन्, हामीलाई धेरै महिला चाहिएका छन् जो नीति बनाउँछन् ।

राज्य निर्माणको स्वरूप दिने आधार भनेको संविधान हो । संविधान राज्यको एउटा यस्तो महत्वपूर्ण कानुनी दस्तावेज हो जसको आधारमा देशमा अन्य कानुनहरू तर्जुमा गरिन्छन् । संविधानमा भएको प्रावधानको आधारमा त्यस देशका नागरिकको अधिकारका बारेमा थाहा पाउन सकिन्छ । संविधानले नै देशका राजनीतिक शक्ति, संस्था तथा नागरिकबीच शक्ति नियन्त्रण र सन्तुलनको व्यवस्था गर्दछ । संविधानमा व्यवस्था गरिएका प्रावधानहरूको आधारमा नागरिकहरूको अधिकारको व्यवस्था तथा राज्य व्यवस्थापन र सञ्चालन हुने गर्दछ ।

देशको शासन व्यवस्था चलाउनका लागि जनताको मतद्वारा जनप्रतिनिधि वा नेता चुन्ने, चुनाउने विधि वा जनप्रतिनिधि छान्नका लागि गरिने मत संकलन प्रक्रियालाई निर्वाचन भनिन्छ । राज्य सञ्चालनका लागि जनताले आफ्ना प्रतिनिधि छान्ने गर्दछन् । यसका लागि जनताको मत संकलन गरिन्छ । निर्वाचन प्रक्रियामा सहभागी भएर जनता देशको राज्य सञ्चालन प्रकृयामा सहभागी हुन्छन् ।

अहिले हामी करिब सात दशक लामो निरन्तरको संघर्षपछि नेपालको इतिहासमा पहिलोपटक संविधान सभाबाट संविधान जारी गर्न सफल भएका छौं । दस वर्षे जनयुद्ध र निरन्तरको जनआन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा र परिवर्तनलाई संस्थागत गर्दै संविधान कार्यान्वयन गर्ने चरणमा छौं । संविधानले समानताको अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । मानव अधिकार र मौलिक स्वतन्त्रता मानव जातिका जन्मसिद्ध अधिकार हुन् । तर महिला भएकै कारण अनेकौं प्रकारका विभेदको शिकार बन्नु परेको छ । अहिले देशमा महिला असमानताको मूल जरो सामन्तवादको गढ राजतन्त्र ढलेर संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेको छ ।

सामन्तवादका अन्य आधारको रूपमा आर्थिक, सामाजिक, सांस्कृतिक संरचना र राजनीतिक उपरी संरचनामा रहेका सामन्तवादका अवयवहरू अझै पनि बाँकी छन् । प्रणालीको हेरफेर भए पनि मानसिकता, चिन्तनशैली र संस्कारको न्यूनतम पनि रूपान्तरण नभई यथास्थितिवादी ढाँचामै चलिरहेकाले आमनेपाली जनताले अझै पनि 'यो राज्य मेरो हो' भन्ने अनुभूति गर्न सकेका छैनन् ।

नेपालको सन्दर्भलाई हेर्दा २०७२ असोज ३ गते जारी भएको नेपालको संविधानको प्रस्तावनामा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने भन्ने कुरा लिपिबद्ध गरिएको छ । मौलिक हक र कर्तव्यको धारा ३८ उपधारा ४ र सामाजिक न्यायको हकको धारा ४२ उपधारा (१) मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

विश्वमा कहीं पनि समानुपातिक समावेशीकरणका सैद्धान्तिक तथा व्यावहारिक कुनै निश्चित मापदण्डहरू छैनन् । हरेक देशले आ-आफ्नो देशको विशेषता र आवश्यकता अनुसार समावेशी सहभागिताको रणनीति अवलम्वन गरेको पाइन्छ । त्यसैले प्रत्येक देशको आर्थिक, सामाजिक, सांस्कृतिक, क्षेत्रीय, जातीय, भाषिक विविधताका आधारमा सम्पूर्ण नागरिकको संलग्नतालाई राष्ट्रिय मूलधारमा समेट्ने रणनीतिअनुरूप समानुपातिक समावेशी सहभागिताको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

हामीले समानुपातिक समावेशी सहभागिताको विषयमा कुरा गर्दा व्यक्तिको सहभागिताको मात्र कुरा गरेर पुग्दैन । योजना, कार्यक्रम, विषयवस्तु, क्षेत्रगत आदि सम्पूर्ण क्षेत्रमा समावेशी हुनुपर्छ । यदि यसो भएन भने समावेशिताका हरेक पक्ष र मर्मलाई पक्रन सकिँदैन र यो एकांकी हुन्छ । जसले गर्दा समावेशिताको मूलभावना, सिद्धान्त र लक्ष परिपूर्ति हुन सक्दैन । अहिले हामीले कुरा गरिरहेको समावेशी, आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी समुदाय, अल्पसंख्यक जनता, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई राज्यको संरचनामा समावेश गर्नेमात्र कुरा गऱ्यौं, यो कुरा ठिक भए पनि यतिमात्रले समावेशिताको मूलभावना, मर्म र लक्षलाई पक्रन सक्दैन ।

शिक्षामा पढ्ने विद्यार्थी समावेशी तर पाठ्यक्रमको विषयवस्तु, शीर्षक

* प्रतिनिधि सभा सदस्य

File Photo

समावेशी भएन भने त्यसलाई पूर्ण समावेशी मान्न सकिँदैन (पढ्ने विद्यार्थी जनजाति पढाउने क्षेत्री ब्राह्मणको संस्कार संस्कृति र मूल्य मान्यता, पढ्ने विद्यार्थी कृषक पृष्ठभूमिको, पढाउने पर्यटन या अन्य कुनै विषय) क्षेत्रगत समावेशीकरण कै कुरा गर्दा पनि अति अविकसित कर्णालीको कुरा गर्दा विकसित क्षेत्रभित्रको अविकसित क्षेत्र या भाग नछुटोस्, बहिष्करणमा नपरोस् भन्ने हो । सूक्ष्म रूपले पनि समावेशी हुनु पर्दछ भन्ने हो । तसर्थ हामीले समावेशिताको कुरा गर्दा देशको आर्थिक सामाजिक, जातीय, भौगोलिक तथा सांस्कृतिक विविधताका आधारमा सम्पूर्ण नागरिक र क्षेत्रलाई समेट्ने गरी रणनीति तय गर्नु उपयुक्त हुन्छ ।

यस सम्बन्धमा विश्वमा कहीं पनि कुनै निश्चित एक रूप प्रणाली वा मापदण्ड नभई हरेक देशले आ-आफ्नो देशको अनुकूलतामा विविध खाले प्रणाली अपनाएको पाइन्छ । विशेषतः महिला प्रतिनिधित्व सुनिश्चितताको कुरा गर्दा संविधान र निर्वाचन प्रणाली एउटा बलियो र महत्वपूर्ण हतियारको रूपमा रहेको पाइन्छ । विश्वभरि नै महिलाको राजनीतिक प्रतिनिधित्वमा निर्वाचन प्रणाली र प्रकृयाले निकै ठुलो असर पारेको महसुश संयुक्त राष्ट्रसंघ र यससँग सम्बन्धित आयोगहरू (Commission on the Status of Women - CSW) ले गरेपछि बेइजिङ घोषणापत्र तथा कार्यनीतिमै 'महिलाहरूको राजनीतिक प्रतिनिधित्वमा निर्वाचन प्रकृयाले पारेको प्रभावको अध्ययन गर्ने, प्रकृयाको समीक्षा गर्ने र आवश्यकता अनुसार संशोधन गर्ने' भन्ने कुरा समेत उल्लेख छ ।

नेपाल लगायत विश्वभरिका सबै मुलुकमा महिला प्रतिनिधित्व सुनिश्चितताका लागि संविधान, दलको आन्तरिक नीति, विधान, निर्वाचन प्रणाली र त्यससम्बन्धी कानुन नै बढी प्रभावकारी भएको पाइएको छ । २०७२ असोज ३ गते जारी नेपालको संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना, संघ, प्रदेश र स्थानीय तह गरी तीन तह निर्धारण गरेको छ । नेपालको संविधानमा संघीय व्यवस्थापिका र प्रदेश व्यवस्थापिकाको निर्वाचनका लागि मिश्रित निर्वाचन प्रणाली अवलम्वन गरेको छ भने स्थानीय

समानुपातिक समावेशी सहभागिताको विषयमा कुरा गर्दा व्यक्तिको सहभागिताको मात्र कुरा गरेर पुग्दैन । योजना, कार्यक्रम, विषयवस्तु, क्षेत्रगत आदि सम्पूर्ण क्षेत्रमा समावेशी हुनुपर्छ । यदि यसो भएन भने समावेशिताका हरेक पक्ष र मर्मलाई पक्रन सकिँदैन र यो एकांकी हुन्छ । जसले गर्दा समावेशिताको मूलभावना, सिद्धान्त र लक्ष परिपूर्ति हुन सक्दैन । अहिले हामीले कुरा गरिरहेको समावेशी, आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी समुदाय, अल्पसंख्यक जनता, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई राज्यको संरचनामा समावेश गर्नेमात्र कुरा गर्यौं, यो कुरा ठिक भए पनि यतिमात्रले समावेशिताको मूलभावना, मर्म र लक्षलाई पक्रन सक्दैन ।

समानुपातिक निर्वाचन प्रणालीमा मत खेर नजाने, राज्यको जनसांख्यिक बनोट अनुसारको समावेशी प्रतिनिधित्व (महिला तथा पिछडिएका वर्ग, क्षेत्र, अल्पसंख्यक र जातजातिको) हुने, राजनीतिक दललाई बलियो बनाउने, निर्वाचनमा भाग लिने अधिकांश राजनीतिक दलहरूको प्रतिनिधित्व हुने जस्ता कारण लोकप्रिय बन्दै गइरहेको छ । यो निर्वाचन प्रणाली रुवाण्डा, दक्षिण अफ्रिका, नर्वे, फिनल्याण्ड, स्वीडेन, डेनमार्क, बेल्जियम लगायत विश्वका ८४ देशले प्रयोग गर्ने गरेका छन् ।

व्यवस्थापिकाका लागि पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणाली अबलम्बन गरेको छ । २०७४ माघ ७ गतेभित्र तीनवटै तहको निर्वाचन सम्पन्न गरी सक्नुपर्ने संविधानको व्यवस्थाअनुरूप मंसिर २१ गते भित्रै तीनै तहको निर्वाचन सम्पन्न भइसकेको छ ।

निर्वाचन प्रणाली

देशको शासन व्यवस्था चलाउनका लागि जनताको मतद्वारा जनप्रतिनिधि वा नेता चुन्ने, चुनाउने विधि वा जनप्रतिनिधि छान्नका लागि गरिने मत संकलन प्रक्रियालाई निर्वाचन भनिन्छ । राज्य सञ्चालनका लागि जनताले आफ्ना प्रतिनिधि छान्ने गर्दछन् । यसका लागि जनताको मत संकलन गरिन्छ । निर्वाचन प्रक्रियामा सहभागी भएर जनता देशको राज्य सञ्चालन प्रकृयामा सहभागी हुन्छन् ।

कुनै राजनीतिक, सामाजिक वा अन्य कुनै संघसंस्थामा आफ्नो विचार, कार्यनीति र कार्ययोजना जनअनुमोदनसहित लागू गर्न मतदानद्वारा आफैं वा आफ्नो प्रतिनिधि छान्ने निश्चित विधि तथा प्रक्रियालाई निर्वाचन प्रणाली भनिन्छ ।

विश्वमा प्रचलनमा रहेका निर्वाचन प्रणालीहरूको अध्ययन गर्दा मुख्यत: तीन प्रकारका निर्वाचन प्रणाली अन्तर्गत १२ उपप्रणाली प्रयोगमा छन् ।

विश्वमा प्रचलनमा रहेका मुख्य निर्वाचन प्रणालीहरू

१. पहिलो हुने निर्वाचित हुने (First Past the Post)/बढीमतीय/प्रत्यक्ष निर्वाचन प्रणाली

२. समानुपातिक निर्वाचन प्रणाली (Proportional Representation System)

३. मिश्रित निर्वाचन प्रणाली (Mixed System)

१. पहिलो हुने निर्वाचित हुने (First Past the Post)/बढीमतीय/प्रत्यक्ष निर्वाचन प्रणाली

निर्वाचनमा उम्मेदवार मध्ये सबैभन्दा बढी मत अर्थात् निकटम प्रतिद्वन्द्वी भन्दा एक मत बढी ल्याए पनि विजयी हुन सक्ने अर्थात् जसले बढी मत ल्याउँछ, उसैलाई एक सिट संख्या निर्वाचित गरी विजयी घोषित गरिने निर्वाचन प्रणालीलाई पहिलो हुने निर्वाचित हुने (First Past the Post) /बढीमतीय/प्रत्यक्ष निर्वाचन प्रणाली भनिन्छ । यस किसिमको निर्वाचन प्रणाली एकल सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिने भएकाले यसलाई एकल सदस्यीय निर्वाचन प्रणाली पनि भनिन्छ । यो सामान्य बहुमतको मत प्रणाली (Simple Majority Voting), बढीमत प्रणाली (Plurality Voting) आदिको नामले पनि परिचित छ ।

यो निर्वाचन प्रणालीमा मतदान एवं मतगणना गर्न सजिलो र सरल हुने, दलीय संस्कारलाई बढावा दिने, सवल प्रतिपक्ष बनाउन प्रोत्साहन गर्ने, उम्मेदवार र मतदाताको बीचमा प्रत्यक्ष सम्बन्ध रहने, स्वतन्त्र व्यक्तिहरू पनि निर्वाचनमा भाग लिन सक्ने र एउटा दलले समेत बहुमत प्राप्त गर्न सक्ने हुँदा सरकारको स्थायित्व र राजनीतिक स्थिरताको लागि यो सकारात्मक मानिन्छ । यसमा मत खेर जाने, समावेशीकरण नहुने, स-साना दलहरूको अस्तित्व नहुने र निर्वाचन क्षेत्र निर्धारणमा पूर्वाग्रह हुन सक्ने जस्ता नकारात्मक पक्ष पनि रहेका छन् । यसमा महिला, सबै जातजाति, अल्पसंख्यक, पिछडिएको क्षेत्र, वर्ग र सिमान्तकृत जनसमुदायका

तालिका नं. १ : पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाएका केही देशहरू र महिला प्रतिनिधित्व

मुलुक	कूल सिट	महिला	महिला प्रतिशत	निर्वाचन मिति
United Kingdom	650	208	32	8.6.2017
Australia	150	43	28.7	2.7.2016
Canada	335	88	26.3	19.10.2015
Bangaladesh	350	71	20.3	5.1.2014
United States of America	433	84	19.4	8.11.2016
India	542	64	11.8	7.4.2014
Bhutan	47	4	8.5	13.7.2013

IPU 1 Oct 2017

यस तालिका अनुसार सबैभन्दा बढी (३२%) निर्वाचित महिला संयुक्त अधिराज्य र सबैभन्दा कम (८.५%) भुटानमा रहेको छ ।

साथै विभिन्न स्वतन्त्र विचारहरूको प्रतिनिधित्व हुन सक्दैन । अल्पसंख्यकहरूको सरकार बन्छ । यसबाट खसेको अत्याधिक मत खेर जाने, निर्वाचनमा जित्ने उम्मेदवार भन्दा हार्ने सबै उम्मेदवारहरूको मत संख्या प्रायः सबै निर्वाचन क्षेत्रहरूमा बढी हुन्छ ।

यसरी सम्पूर्ण निर्वाचन क्षेत्रलाई जोड्दा जित्ने उम्मेदवारले भन्दा हार्ने उम्मेदवारहरूको मत बढी हुँदाहुँदै पनि कम मत प्राप्त गर्नेहरूको अल्पमतको सरकार बन्ने जसका कारणबाट असमयमै सरकार ढाल्ने खेलहरू हुन सक्छन् । राजनीतिक दलले पाएको मतअनुसार स्थान नपाउने, धेरै मत पाएर पनि उम्मेदवारले पराजय भोग्नु पर्ने, निर्वाचन अत्यन्तै खर्चिलो र भड्किलो हुने स्थितिका कारण असन्तोष र विरोधका आवाज चर्को रूपमा उठ्न थालेका छन् ।

यो निर्वाचन प्रणाली अमेरिका, बेलायत, क्यानडा, अष्ट्रेलिया, भारतलगायत Inter Parliamentary Union को रेकर्डमा समावेश गर्ने गरेको कुनै न कुनै प्रकारको निर्वाचनमा सहभागी विश्वका दुई सय १२ देशमध्ये ६२ वटा देशले अवलम्वन गरेका छन् ।

२. समानुपातिक निर्वाचन प्रणाली (Proportional Representation System)

सिंगो देशलाई एक निर्वाचन क्षेत्र मानी जनसंख्याको अवस्थिति (वितरण) का आधारमा समानुपातिक समावेशी सूचीमा आधारित भएर राजनीतिक दलले प्राप्त गरेको मतको आधारमा आफ्ना प्रतिनिधि चुन्ने प्रणालीलाई नै समानुपातिक निर्वाचन प्रणाली भनिन्छ । समानुपातिक निर्वाचन प्रणालीलाई पूर्ण प्रतिनिधित्वको निर्वाचनका रूपमा पनि लिइन्छ ।

समानुपातिक निर्वाचन प्रणालीमा मत खेर नजाने, राज्यको जनसांख्यिक बनोट अनुसारको समावेशी प्रतिनिधित्व (महिला तथा पिछडिएका वर्ग, क्षेत्र, अल्पसंख्यक र जात जातिको) हुने, राजनीतिक दललाई बलियो बनाउने, निर्वाचनमा भाग लिने अधिकांश राजनीतिक दलहरूको प्रतिनिधित्व हुनेजस्ता कारण लोकप्रिय बन्दै गइरहेको छ । यो निर्वाचन प्रणाली रुवाण्डा, दक्षिण अफ्रिका, नर्वे, फिनल्याण्ड, स्वीडेन, डेनमार्क, बेल्जियम लगायत विश्वका ८४ देशले अवलम्वन गर्ने गरेका छन् ।

मूलतः विश्वमा समानुपातिक निर्वाचन प्रणाली दुई प्रकारका पाइन्छन् :-

१. दलीय सूची प्रणाली (Party List System)

२. एकल संक्रमणीय मत प्रणाली (Single Transferable Vote System)

१. दलीय सूची प्रणाली (Party List System)

समानुपातिक निर्वाचन पद्धतिको अर्को प्रकार दलीय सूची प्रणाली पनि विश्वमा प्रचलित एक महत्वपूर्ण निर्वाचन प्रणाली हो । यस प्रणालीमा दलहरूले आफ्ना उम्मेदवारहरूको समूहको सूची बनाउँछ । मतदाताले उम्मेदवारको सूची नछानीकन दललाई आफ्नो इच्छा अनुसार छान्दछ । दलहरूले जति मत प्राप्त गर्छन्, सिट संख्या र दलको मतअनुसार उनीहरूको सूचीमा रहेका उम्मेदवारहरूलाई प्राथमिकताको आधारमा निर्वाचित गराएर पठाउँछन् ।

दलीय सूची प्रणालीभित्र पनि दुई प्रकारका सूची प्रणाली छन् ।

क. बन्द सूची प्रणाली (Closed List System)

ख. खुला सूची प्रणाली (Open List System)

File Photo

क. बन्द सूची प्रणाली (Closed List System)

यस प्रणालीमा मतदाताको मत उम्मेदवारलाई नभई दलहरूलाई हुन्छ। जहाँ पूरै देशलाई एउटा बन्द सूचीमा राखिन्छ, दलहरूले आफूलाई प्राप्त मत र मतको आधारमा प्राप्त सिटमा समानुपातिक र समावेशी तवरले बाँडफाँड गरी निर्वाचन आयोगमा पेश गरेको उम्मेदवारहरूको सूचीका आधारमा प्रतिनिधि छनोट गरिन्छ। दलले प्राप्त गरेको सिटको आधारमा प्राथमिकतामा परेका उम्मेदवारहरूलाई निर्वाचन आयोगले विजयी घोषित गर्दछ।

ख. खुला सूची प्रणाली (Open List System)

खुला सूची प्रणालीमा दलहरूले आफ्ना उम्मेदवारहरूको सूची प्रस्तुत गरेका हुन्छन्। मतदाताहरूले आफ्नो मत प्राथमिकताको आधारमा १, २, ३, ४ मा चिह्न लगाउँछन्। जसको प्राथमिकता बढी हुन्छ, दलले प्राप्त गरेको सिटको आधारमा उम्मेदवारलाई विजयी घोषित गरिन्छ।

२. एकल संक्रमणीय मत प्रणाली (Single Transferable Vote System)

यो मत प्रणाली अनुसार मतदाताले बहुसदस्यीय निर्वाचन क्षेत्रका उम्मेदवारहरूको क्रम निर्धारण गर्दछन् र प्राथमिकताका आधारमा मत जाहेर गर्दछन्। पहिलो, दोस्रो, तेस्रो आदि प्राथमिकता मध्ये पहिलो प्राथमिकताको उम्मेदवारले कति मत प्राप्त गरेको छ, दोस्रोले कति मत प्राप्त गरेको छ ? हिसाब गर्दै गएपछि पहिलो प्राथमिकताको कोटा (Threshold) पार गऱ्यो भने ऊ विजयी हुन्छ।

कम मत प्राप्त गर्ने उम्मेदवारलाई क्रमशः सूचीबाट हटाइन्छ। त्यस्ता उम्मेदवारहरूको मत अर्को उम्मेदवार विजयी हुने सम्भावना नभएसम्म पुनः

तालिका नं. २ : समानुपातिक निर्वाचन प्रणाली अपनाएका विभिन्न देशको संसदमा महिला प्रतिनिधित्व

मुलुक	कूल सिट	महिला	महिला प्रतिशत	निर्वाचन मिति	कैफियत
Ruwanda	80	49	61.3	16.92013	PR
Ice Land	63	30	47.6	29.10.2016	STV PR
Nicaragua	92	42	45.7	06.11.2016	List PR
Sweden	349	152	43.6	14.9.2014	List PR
South Africa	395	167	42.3	7.5.2014	List PR
Finland	200	84	42.0	19.4.2015	List PR
Norway	169	70	41.4	11.9.2017	List PR
Namibia	104	43	41.3	29.11.2014	List PR
Mozambique	250	99	39.6	15.10.2014	List PR
Spain	350	137	39.1	26.6.2016	List PR
Belgium	150	57	38	25.5.2014	List PR
Ecuador	137	52	38	19.2.2017	List PR
Denmark	179	67	37.4	18.6.2015	List PR
Nether Land	150	54	36.0	15.3.2017	List PR

यस तालिका अनुसार समानुपातिक निर्वाचन प्रणाली अपनाएका देशहरूमध्ये रूवान्डामा सबैभन्दा बढी (६१.३%) र नेदरल्याण्डमा सबैभन्दा कम (३६%) महिला प्रतिनिधित्व रहेको छ।

वितरण गरिन्छ र पहिलो प्राथमिकतामा बाँकी रहेको मत क्रमशः द्वितीय, तृतीय उम्मेदवारहरूलाई दिँदै जाने पद्धतिलाई एकल संक्रमणीय मत प्रणाली (Single Transferable Vote System) भनिन्छ ।

३. मिश्रित निर्वाचन प्रणाली (Mixed System)

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली दुवैका गुण समेटेर बनाइएको निर्वाचन प्रणालीलाई मिश्रित निर्वाचन प्रणाली भनिन्छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको संयुक्त स्वरूप मिश्रित निर्वाचन प्रणाली हो ।

यो प्रणाली दुई मत प्रणालीमा आधारित छ । यो निर्वाचन प्रणाली नेपालमा २०६४ चैत्र २८ गते पहिलो संविधान सभा, २०७० मंसीर ४ गते दोस्रो संविधान सभाको निर्वाचन र २०७४ मंसिर १० र २१ गते सम्पन्न प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्यको निर्वाचनमा प्रयोग गरिएको थियो । यो निर्वाचन प्रणाली ३५ वटा देशमा प्रयोग गरिएको छ । विश्वमा प्रचलित मिश्रित निर्वाचन प्रणाली मुख्य गरी दुई किसिमका छन् :-

१. मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली

२. समानान्तर

क) मिश्रित सदस्य समानुपातिक (Mixed Member Proportional-MMP)

यस प्रणालीअनुसार दुई भिन्न प्रणालीहरू- सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणाली र बढी मत/पहिलो हुने निर्वाचित हुने/प्रत्यक्ष निर्वाचन प्रणाली मार्फत् प्रतिनिधिहरू निर्वाचन गर्ने गरिन्छ । जसमा बढी मत/पहिलो हुने निर्वाचित हुने/प्रत्यक्ष निर्वाचन प्रणालीबाट हुन गएको निर्वाचन परिणामको नमिलेका अनुपातका लागि सूचीमा आधारित समानुपातिक प्रणालीले क्षतिपूर्ति दिनुपर्ने हुन्छ ।

ख) समानान्तर (Parallel)

समानान्तर प्रणालीमा समानुपातिक र बढी मत/पहिलो हुने निर्वाचित हुने/प्रत्यक्ष निर्वाचन प्रणाली दुवैका विशेषताहरू समावेश हुन्छन् तर मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणालीमा जस्तो यस प्रणालीले बढी मत/पहिलो हुने निर्वाचित हुने/प्रत्यक्ष निर्वाचन प्रणालीमा आधारित निर्वाचन क्षेत्र भित्रको कुनै नमिलेका अनुपात वापत क्षतिपूर्ति दिँदैन । यो व्यवस्था नेपालले २०६४ र २०७० सालको संविधान सभाको निर्वाचन र २०७४ सालको प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनमा अवलम्वन गरेको थियो ।

२०१५ सालदेखि संविधान सभाको निर्वाचन अगाडि (२०५६ सालको प्रतिनिधि सभा सदस्य निर्वाचन) सम्म नेपालमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली नै प्रयोगमा रहँदै आएको थियो । यो निर्वाचन प्रणालीबाट महिला, दलित, आदिवासी, जनजाति, मधेसी, सीमान्तकृत समुदाय आदिको प्रतिनिधित्व र हक, अधिकार सुनिश्चित हुन सकेको देखिँदैन । २०४६ सालको जनआन्दोलन पछाडि जारी संविधानको आधारमा भएको २०४८ साल र २०५१ सालका प्रतिनिधि सभाको निर्वाचन र उपनिर्वाचनमा कूल दुई सय पाँच जना प्रतिनिधि सभा सदस्यमा सात जना (३.४ प्रतिशत) मात्र महिला सदस्यको उपस्थिति थियो ।

तालिका नं. ३ : मिश्रित निर्वाचन प्रणाली अपनाएका केही देशहरूको संसदमा महिला प्रतिनिधित्व

मुलुक	कूल सिट	महिला	महिला प्रतिशत	निर्वाचन मिति	कैफियत
Bolivia	130	69	53.1	12.10.2014	MMP -Mixed
Mexico	500	213	42.6	7.6.2015	MMP -Mixed
New Zealand	120	46	38.3	23.9.2017	MMP -Mixed
Nepal	275	90	32.72	26.11 & 7.12.2017	Parallel\Mixed
Andorra	28	9	32.1	1.3.2015	-
Italy	630	195	31.0	24.2.2013	-
Germany	709	218	30.7	24.9.2017	-
Lesotho	118	27	22.9	3.6.2017	-
Venezuela	167	37	22.2	6.12.2015	-
Russia	450	71	15.8	18.9.2016	-
Hungary	199	20	10.1	6.4.2014	-

यस तालिका अनुसार मिश्रित निर्वाचन प्रणाली अपनाएका देशहरूमा बोलिभियामा सबैभन्दा बढी (५३.१%) र कम हंगेरीमा (१०.१%) महिला प्रतिनिधित्व रहेको छ ।

महिला प्रतिनिधित्व सुनिश्चित गर्न कस्तो निर्वाचन प्रणाली आवश्यक पर्छ ?

२०१५ सालदेखि संविधान सभाको निर्वाचन अगाडि (२०५६ सालको प्रतिनिधि सभा सदस्य निर्वाचन) सम्म नेपालमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली नै प्रयोगमा रहँदै आएको थियो । यो निर्वाचन प्रणालीबाट महिला, दलित, आदिवासी, जनजाति, मधेसी, सीमान्तकृत समुदाय आदिको प्रतिनिधित्व र हक, अधिकार सुनिश्चित हुन सकेको देखिँदैन ।

२०४६ सालको जनआन्दोलन पछाडि जारी संविधानको आधारमा भएको २०४८ साल र २०५१ सालका प्रतिनिधि सभाको निर्वाचन र उपनिर्वाचनमा कूल दुई सय पाँचजना प्रतिनिधि सभा सदस्यमा सातजना (३.४ प्रतिशत) मात्र महिला सदस्यको उपस्थिति थियो भने २०५६ सालको निर्वाचनमा १२ जना (५.८ प्रतिशत) निर्वाचित हुन सफल भएका थिए । त्यो पनि २०४७ सालको संविधानमै दलहरूले न्यूनतम पाँच प्रतिशत उम्मेदवार उठाउनै पर्ने बाध्यात्मक व्यवस्था गरेकाले यति संख्या भए पनि सम्भव भएको हो । राष्ट्रिय सभामा कूल ६० जनामा तीन जना महिला प्रतिनिधिको अनिवार्य व्यवस्थाले एक समयमा नौ जनासम्म महिला सदस्य हुन सम्भव भएको थियो ।

२०५४ सालको स्थानीय निर्वाचनमा महिला आन्दोलनको दबाब र प्रभावका कारण दलबीच राजनीतिक सहमति गरी गाउँ विकास समिति र नगरपालिकामा चारजना वडा सदस्यमध्ये एकजना महिला वडा सदस्यको अनिवार्य व्यवस्थाको परिणामस्वरूप (पछि २०५५ सालमा यसलाई स्थानीय स्वायत्त शासन ऐनअन्तर्गत व्यवस्थित गर्ने काम भएको थियो) स्थानीय निकायका (गाविस, नपा) वडा स्तरमा २० प्रतिशत महिला प्रतिनिधित्व सम्भव भएको थियो ।

संविधान सभाबाट संविधान जारी भइसकेपछिको पहिलो स्थानीय तहको निर्वाचनमा संविधान र निर्वाचन कानुनमा नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र चार जना वडा सदस्य मध्ये दुई जना महिला हुनैपर्ने अनिवार्य व्यवस्थाका कारण कूल ३५ हजार ४१ मध्ये १४ हजार ३ सय ५३ (४०.९६%) महिला निर्वाचित हुन सफल भएका छन् । विगतको इतिहास हेर्दा अन्यथा यो सम्भव थिएन ।

२०६२/६३ सालको जनआन्दोलन पछि अर्थात् २०६४ सालमा सम्पन्न संविधान सभाको पहिलो निर्वाचन र २०७० सालको दोस्रो निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अपनाएका कारण अन्तरिम संविधान २०६३ मा संविधान सभाको गठन सम्बन्धी अलग्गै शीर्षकको व्यवस्था गरी कूल संख्यामा न्यूनतम एक तिहाई महिलाको उम्मेदवारी दिनुपर्ने प्रावधान रहेको र २०७२ असोज ३ गते जारी संविधानमा पनि प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनका लागि मिश्रित निर्वाचन प्रणाली अवलम्वन गरी संविधानको धारा ८४ को उपधारा ८ र धारा १७६ को उपधारा ९ मा संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तिमा एकतिहाई सदस्य महिला हुनुपर्नेछ भन्ने प्रावधान छ । जसका कारण (संविधान सभाबाट संविधान जारी भइसकेपछि संविधान कार्यान्वयन गर्ने कार्यअन्तर्गत) २०७४ मंसिर १० र २१ गते सम्पन्न प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अपनाएका कारण तुलनात्मक रूपमा विगतका संसदीय निर्वाचनहरूमा भन्दा महिला, दलित, जनजाति, मधेसी समुदाय, पिछडिएको क्षेत्र, वर्ग र अल्पसंख्यकहरूको प्रतिनिधित्व उल्लेखनीय रहेको थियो ।

नेपालको इतिहासमा पहिलो पटक महिला, दलित, जनजाति, मधेसी, अल्पसंख्यक आदिको यति धेरै प्रतिनिधित्व सम्भव भएको हो । जुन कुरा यो तथ्यांकले पनि स्पष्ट पार्दछ :-

वि.सं.	कूल सिट संख्या	महिला	प्रतिशत
२०१५	१०९	१	०.९१%
२०३८	११२	२	१.७८%
२०४३	११२		३२.६७ %
२०४८	२०५	७	३.४१%
२०५१	२०५	७	३.४१%
२०५६	२०५	१२	५.८५%
२०६४	६०१	१९७	३२.७७%
२०७०	६०१ (५९५)	१७७	२९.४५%(२९.७४)
२०७४	२७५	९०	३२.७२%

स्रोत : निर्वाचन आयोग, नेपाल

अपवादमा बाहेक सूचीमा आधारित पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्वन गरेको मुलुकको संसद्मा महिलाको बढी प्रतिनिधित्व भएको पाइन्छ । त्यसैले महिलाको समानुपातिक सहभागिता सुनिश्चित गर्न उपयुक्त निर्वाचन प्रणाली भनेको पूर्ण समानुपातिक निर्वाचन प्रणाली नै हो । विकल्प धेरै भए पनि विगतदेखि वर्तमानसम्मको इतिहासलाई हेर्दा अरू सबै प्रणालीभन्दा अहिलेको अवस्थामा महिला, दलित, जनजाति मधेसी, सीमान्तीकृत समुदाय, पिछडिएका क्षेत्र, वर्ग र अल्पसंख्यक समुदायहरूको प्रतिनिधित्व सुनिश्चित गर्न पूर्ण समानुपातिक निर्वाचन प्रणाली नै उपयुक्त निर्वाचन प्रणाली हो भन्ने कुरा व्यवहारमै सावित भइसकेको छ ।

पहिलो संविधान सभामा विश्वका विभिन्न मुलुकहरूको संसदमा महिला प्रतिनिधित्व उच्च रहेको देशमध्ये नेपाल १६औं स्थानमा परेको थियो । दोस्रो संविधान सभाको निर्वाचनको बेला ३६औं स्थानमा रह्यो भने Inter–Parliamentary Union ले 1st October 2017 मा प्रकाशित गरेको तथ्यांकअनुसार ४८औं स्थानमा रहेको थियो । यसैगरी २०७४ मंसिर १० र २१ गते सम्पन्न निर्वाचनको परिणाम अनुसार ३३औं स्थानमा रहने देखिन्छ । दक्षिण एशियाली मुलुकको कुरा गर्ने हो भने नेपाल पहिलो स्थानमै पर्दछ ।

निस्कर्ष

अपवादमा बाहेक सूचीमा आधारित पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्वन गरेको मुलुकको संसद्मा महिलाको बढी प्रतिनिधित्व भएको पाइन्छ । त्यसैले महिलाको समानुपातिक सहभागिता सुनिश्चित गर्न उपयुक्त निर्वाचन प्रणाली भनेको पूर्ण समानुपातिक निर्वाचन प्रणाली नै हो । विकल्प धेरै भए पनि विगतदेखि वर्तमानसम्मको इतिहासलाई हेर्दा अरू सबै प्रणालीभन्दा अहिलेको अवस्थामा महिला, दलित, जनजाति मधेसी, सीमान्तीकृत समुदाय, पिछडिएका क्षेत्र, वर्ग र अल्पसंख्यक समुदायहरूको प्रतिनिधित्व सुनिश्चित गर्न पूर्ण समानुपातिक निर्वाचन प्रणाली नै उपयुक्त निर्वाचन प्रणाली हो भन्ने कुरा व्यवहारमै सावित भइसकेको छ ।

File Photo

ऐतिहासिक जनआन्दोलन २०६२/०६३ सालपछि जारी अन्तरिम संविधानमा संविधान सभाको गठनसम्बन्धी अलग्गै शीर्षकको व्यवस्था गरी कूल संख्यामा न्यूनतम एकतिहाइ महिलाको उम्मेदवारी दिनुपर्ने व्यवस्था र २०७२ असोज ३ गते जारी संविधानको धारा ८४ को उपधारा ८ र धारा १७६ को उपधारा ९ मा संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तिमा एकतिहाई सदस्य महिला हुनुपर्नेछ भन्ने प्रावधानका कारण महिला, दलित, जनजाति, मधेसी, अल्पसंख्यक आदिको प्रतिनिधित्व नेपालको इतिहासमा ऐतिहासिक रूपमा यति धेरै सम्भव भएको हो ।

महिलाका हकमा कुरा गर्ने हो भने विश्वका विभिन्न मुलुकहरूको संसदमा महिला प्रतिनिधित्व उच्च रहेको देशमध्ये नेपाल १६औं स्थानमा परेको थियो (पहिलो संविधान सभा निर्वाचन) । दोस्रो संविधान सभाको निर्वाचनको बेला ३६औं स्थानमा रह्यो भने Inter–Parliamentary Union ले 1st October 2017 मा प्रकाशित गरेको तथ्यांक अनुसार ४८औं स्थानमा रहेको थियो । यसैगरी २०७४ मंसिर १० र २१ गते सम्पन्न निर्वाचनको परिणाम अनुसार ३३औं स्थानमा रहने देखिन्छ । दक्षिण एशियाली मुलुकको कुरा गर्ने हो भने नेपाल पहिलो स्थानमै पर्दछ ।

File Photo

संसद् भवन, काठमाडौं

COUNTRES	SEATS	WOMEN	WOMEN %	ELECTION DATE	Electoral System |Type
NEPAL	275	90	32.72	26.11 & 7.12.2017	Parallel\Mixed
AFGHANISTAN	249	69	27.7	18.09.2010	SNTV (Single Non TV)
PAKISTAN	340	70	20.6	11.05.2013	Parallel\Mixed
BANGLADESH	350	71	20.3	05.01.2014	FPTP
INDIA	542	64	11.8	07.04.2014	FPTP
BHUTAN	47	4	8.5	13.07.2013	TRS
MALDIVES	85	5	5.9	22.03.2014	FPTP
SRILANKA	225	13	5.8	17.08.2015	List PR

नेपाललगायत विश्वभरका सबै मुलुकमा महिलाको प्रतिनिधित्वलाई हेर्दा महिला प्रतिनिधित्व सुनिश्चितताका लागि संविधान, दलको आन्तरिक नीति, विधान, निर्वाचन प्रणाली र त्यस सम्बन्धी कानुन नै बढी प्रभावकारी भएको पाइएको छ। यसका लागि राजनीतिक दलहरूमा दृढ इच्छाशक्ति, इमान्दारिता र प्रतिवद्धताको खाँचो हुन्छ। दृढ इच्छाशक्ति, इमान्दारिता र प्रतिबद्धता हुने हो भने असम्भव केही छैन।

पहिलो कुरा त 'जहाँ चाह त्यहाँ राह'। यदि राज्य र दलहरूले चाहे भने त्यो सम्भव छ भन्ने कुरा २०५४ र २०७४ सालको स्थानीय निर्वाचन, दुईवटै संविधान सभाको निर्वाचन र संविधान सभाबाट जारी संविधानअन्तर्गत २०७४ मंसिर १० र २१ गते सम्पन्न प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन परिणामबाट व्यवहारमै पुष्टि भइसकेको छ।

❖❖❖

शिक्षामा महिला

जानुका पौडेल*

भौगोलिक, धार्मिक, जातीय, विविधता भएको विकासोन्मुख देश नेपालमा अझै पनि २१.६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छन् । गरिब परिवारमा सबै विद्यालय जान नपाउने अवस्थामा छोरीलाई नै घरमा राखिन्छ । विद्यालय गएको अवस्थामा पनि घरको र मेलापातको काममा छोरालाई भन्दा छोरीलाई बढी लगाइन्छ । आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निशुल्क भनेर संविधानमा व्यवस्था गरेको भए पनि सरकारले विद्यालयमा, तलब, भत्ता, पाठ्यपुस्तक, छात्रवृत्ति, प्रतिव्यक्ति लागत (PCF) लगायतका शीर्षकमा बजेट निकासा गरे पनि आवश्यक बजेट व्यवस्था गर्न सकेको छैन । शिक्षा मन्त्रालयबाट विद्यालय मार्फत् छोरीका लागि दिइएको छात्रवृत्ति नगण्य र अपर्याप्त छ । पर्याप्त बजेटको उपलब्ध नहुँदा पठन पाठनमा समस्या परेको छ ।

शिक्षा नै देश विकासको मेरुदण्ड हो र आधारशीला पनि । विकासको पथप्रदर्शक शिक्षा भएको हुनाले प्रत्येक राष्ट्रले आ-आफ्नो आवश्यकता अनुसारको शैक्षिक उद्देश्य, नीति-नियम तय गर्ने गर्दछन् । सफल र प्रभावकारी शिक्षाले मात्र समयसापेक्ष परिवर्तनलाई दिशानिर्देश गर्ने हुँदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशलाई समेत ध्यान दिएर कानुनको निर्माण गर्नुपर्छ ।

२०६८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या दुई करोड ६४ लाख ९४ हजार पाँच सय चार छ । जसमध्ये महिलाको संख्या एक करोड ३६ लाख ४५ हजार चार सय ६३ छ भने पुरुषको एक करोड २८ लाख ४९ हजार ४१ छ । कूल जनसंख्याको ५१.५ प्रतिशत रहेका आधा आकाश ढाक्ने महिला शब्द आफैंमा अत्यन्त सम्मानित र कर्णप्रिय लाग्छ । पूर्वीय दर्शनअनुसार महिला र पुरुषको सृष्टि एकैपटक भएको हो, तापनि शिक्षा दीक्षाको प्रसंगमा गुरुकूल शिक्षा पद्धतिमा गुरुको समीपमा गई पुरुषहरूले शिक्षा लिन्थे भने आफ्ना पिता, पति तथा दाजुहरूबाट अत्यन्त न्यून महिलाले मात्र शिक्षा लिएको कुरा कथाहरूमा उल्लेख छ ।

मानव विकासको क्रमसँगै नेपालको महिला शिक्षाको प्रारम्भ प्राचीन समयदेखि नै भएको पाइन्छ । नेपाल एक बहुजातीय, बहुसांस्कृतिक र सामाजिक विविधताले भरिएको पितृसत्तात्मक देश भएको हुनाले यहाँ महिलालाई अगाडि बढ्न विभिन्न चुनौतीको सामना गर्नुपर्ने हुन्छ । संस्कृति र सभ्यताको खानीको रूपमा रहेको पूर्वीय दर्शनमा रहेका केही अन्धविश्वासी परम्परालाई सपयसापेक्ष रूपमा परिवर्तन गरी महिलालाई शिक्षामा अगाडि बढाई सशक्तीकरण गर्नु जरुरी देखिन्छ । त्यसैले महिला शिक्षासँग सान्दर्भिक भएर विद्यालय तहमा महिला शिक्षाको अवस्था के कस्तो रहेको छ भन्ने विषयमा यो लेख केन्द्रित छ ।

गुणस्तरीय शिक्षा पाउने बालबालिका संवैधानिक अधिकार हो । गुणस्तरीय शिक्षा प्रदान गर्न सबैभन्दा महत्वपूर्ण आधार असल नेतृत्व हो । असल नेतृत्व भनेको के हो ? शिक्षामा असल नेतृत्व हुनका लागि कुन-कुन गुण उसले प्राप्त गरेको हुनु पर्दछ ? विद्यालय तहमा महिला शिक्षकको अवस्था के कस्तो रहेको छ ? र उनीहरूको उपस्थितिले बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकासमा के कस्तो सकारात्मक असरहरू परिरहेका छन् ? अझ महिला शिक्षकको नेतृत्वले कस्ता किसिमका वृत्ति विकास तथा शैक्षिक उपलब्धिहरू हासिल हुन सकेका छन् ? असल नेतृत्वले विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय, विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघ, स्थानीय सरकार लगायतका सरोकारवालासँग के कति संयोजन र सहकार्य गर्न सफल भएको छ ? विद्यालय तहमा महिला नेतृत्व भएर विद्यालयका महिला शिक्षक तथा किशोरी शिक्षामा उनीहरूको समस्यालाई सम्बोधन गर्दै के कस्तो व्यवस्थापन गर्न सकेको छ ?

विद्यालयको भौतिक संरचना, शिक्षक, समूहकार्य, समुदायको सहभागिता र लगानी, कक्षा शिक्षण, विद्यार्थी मूल्यांकन, शिक्षकको पेशागत विकास, नेतृत्व हस्तान्तरण अर्थात् कार्य विभाजन, सह/अतिरिक्त क्रियाकलाप, विद्यार्थीको नियमित उपस्थिति, विद्यालय छाड्ने र कक्षा दोहऱ्याउने दरको अनुसन्धान, सिकाई उपलब्धिको वास्तविक अवस्थाको पहिचान र लक्ष निर्धारण लगायतका कार्यहरू तथा पाठ्यक्रमअनुकूल समयसापेक्ष सहजीकरण गर्न सक्ने पारदर्शिता, दूरदर्शिता, निष्पक्षता, पेशागत दक्षता, मिलनसार, आत्मविश्वासी, सामूहिक विश्वास र समान व्यवहार, असल समन्वयकर्ता, विषयवस्तुमा दक्ष, सिर्जनशील, प्रेरणादायी, लगनशील व्यवहार भएको व्यक्ति नै असल नेतृत्वकर्ता हो ।

* प्रिन्सिपल, निलवाराही मा. वि., काठमाडौं

फाइल तस्विर : UNDP/नेपाल

गुणस्तरीय शिक्षा पाउने बालबालिकाको संवैधानिक अधिकार हो । गुणस्तरीय शिक्षा प्रदान गर्न सबैभन्दा महत्वपूर्ण आधार असल नेतृत्व हो । असल नेतृत्व भनेको के हो ? शिक्षामा असल नेतृत्व हुनका लागि कुन-कुन गुण उसले प्राप्त गरेको हुनु पर्दछ ? विद्यालय तहमा महिला शिक्षकको अवस्था के कस्तो रहेको छ ? र उनीहरूको उपस्थितिले बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकासमा के कस्तो सकारात्मक असरहरू परिरहेका छन् ?

नेतृत्वकर्तामा माथिका सबै गुण हुँदाहुँदै पनि अझ बढी लगनशीलता, निस्वार्थपन र सहनशीलताका कारण महिला नेतृत्व तहमा सफल देखिएका छन् । जुन आजको विश्व परिवेशको अनुसन्धानले पनि प्रमाणित गरिसकेको छ ।

विद्यालय तहमा महिला शिक्षामा देखिएका समस्याहरू

१. नीतिगत समस्या

छुट्टा-छुट्टै अध्ययन, अनुसन्धान तथा आवश्यकताको पहिचान नगरिकनै लैंगिक समानताका लागि महिलाका सबै किसिमका समस्यालाई एउटै डालोमा राखेर हेर्ने नेपालको नीतिगत व्यवस्था कमजोर छ । यसले गर्दा आवश्यक नपर्नेलाई पनि प्रोत्साहनका कार्यक्रमहरू प्रदान गर्नाले आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपले पिछडिएका लक्षित र सुविधाविहीन बालिकाका लागि दिइने प्रोत्साहन अपर्याप्त भएको छ । सकारात्मक विभेदका थप क्षेत्रको परिचालनमा कमी देखिएकाले विद्यालय सञ्चालन र व्यवस्थापनमा अझ बढी समस्या देखिएको छ ।

२. आर्थिक समस्या

भौगोलिक, धार्मिक, जातीय, विविधता भएको विकासोन्मुख देश नेपालमा अझै पनि २१.६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छन् । गरिब परिवारमा सबै विद्यालय जान नपाउने अवस्थामा छोरीलाइै नै घरमा राखिन्छ । विद्यालय गएको अवस्थामा पनि घरको र मेलापातको काममा छोरालाई भन्दा छोरीलाई बढी लगाइन्छ । आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निशुल्क भनेर संविधानमा व्यवस्था गरेको भए पनि सरकारले विद्यालयमा, तलब, भत्ता, पाठ्यपुस्तक, छात्रवृत्ति, प्रतिव्यक्ति लागत (PCF) लगायतका शीर्षकमा बजेट निकासा गरे पनि आवश्यक बजेटको व्यवस्था गर्न सकेको छैन । शिक्षा मन्त्रालयबाट विद्यालय मार्फत् छोरीका लागि दिइएको छात्रवृत्ति नगण्य र अपर्याप्त छ । पर्याप्त बजेट उपलब्ध नहुँदा पठनपाठनमा समस्या परेको छ ।

३. मनोवैज्ञानिक समस्या

घर परिवारभित्रै छोरा र छोरीलाई फरक दृष्टिकोणबाट व्यवहार गर्ने गरेको पाइन्छ । छोरालाई विशेष स्याहारसुसार र बोर्डिङ स्कुलमा र छोरीलाई सामुदायिक विद्यालयमा पढाउने तथा परिवारमा गरिने काम छोरीलाई बढी लगाउने, कम महत्व दिने, घरधन्दामा व्यस्त बनाउने, परिवारबाट पढाईका लागि उपयुक्त वातावरण पाउन मुस्किल हुनेजस्ता पारिवारिक समस्या पनि किशोरीले नै व्यहोर्नु पर्ने अवस्था छ ।

कक्षा कोठामा खुलेर बस्ने/बोल्ने वातावरणको कमी, विभिन्न प्रकारका दबाब (बुलिङ) को सामना गर्नुपर्ने, महिनावारी सम्बन्धी विविध समस्याका कारण विद्यालयमा संकुचित भएर बस्नु पर्ने, Sanitary pad उपलब्ध नहुनु, Changing room को अभाव, Pad disposer को व्यवस्था नहुनु, प्राथमिक उपचारको व्यवस्था नहुनु जस्ता कार्यले किशोरीहरूले विद्यालय छोड्ने (Drop out) गरेका छन् । कतिपय बालिकाहरूले अध्ययनका लागि अरूको घरमा काम गरेर बस्नु पर्ने बाध्यताका कारण घरदेखि नै विविध किसिमका मानसिक, शारीरिक र हिंसात्मक कार्यले गर्दा उनीहरूले आफ्नो पढाइलाई निरन्तरता दिन नसकेको अवस्था अत्यन्त कारुणिक छ । सामुदायिक विद्यालयमा छात्रामैत्री होस्टलको सुविधाको व्यवस्था हुन नसक्दा पनि छात्राहरूलाई अध्ययनमा समस्या देखिएको छ ।

४. विद्यालयमा सिकाइसँग सम्बन्धित समस्या

अभिभावकको कमजोर आर्थिक अवस्थाका कारण सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी अशिक्षा र गरिबीको चपेटामा रुमलिन बाध्य भएका छन् । अभिभावक सचेतनामा कमी भएका कारण छोराछोरीको शिक्षा, दीक्षाभन्दा दैनिक कार्यलाई नै महत्व दिने गरेको पाइन्छ ।

अभिभावकले उनीहरूको पठनपाठन र दैनिक क्रियाकलापमा

ध्यान दिन नसक्दा विद्यार्थीको सिकाइमा भन्दा अन्यत्र ध्यान बढिरहेको छ। कतिपय विद्यालयमा छात्रा शौचालय नहुनु वा अपर्याप्त हुनु, भए पनि छात्रामैत्री नहुनु, गुनासो सुनुवाई र सम्बोधनको प्रभावकारी व्यवस्था नहुनु, कमजोर सिकाई क्षमता भएका विद्यार्थीका लागि उपचारात्मक सिकाई सहायता नहुनु जस्ता समस्याले विद्यालयमा छात्राहरूको नियमितता र सिकाईमा समस्या रहेको छ।

२०७१ सालको प्रवेशिका परीक्षामा सम्मिलित विद्यार्थीको आँकडा अनुसार छात्रभन्दा छात्राको उपस्थिति बढी देखिएको छ भने उर्तीण प्रतिशत छात्रा ४१.२३ र छात्रको ५४.३९ रहेकोछ (परीक्षा नियन्त्रण कार्यालय, २०७२)। आधारभूत तहमा महिला शिक्षकको उपस्थिति ३८.८ प्रतिशत रहेको छ भने माध्यमिक तहमा १५.१ प्रतिशतमात्र छ (शैक्षिक सूचना २०७३, शिक्षा मन्त्रालय)। जुन कुराले विद्यालय शिक्षामा पनि लैंगिक असमानताको समस्या अझै पनि विद्यमान रहेको कुरा प्रष्ट हुन्छ।

५. समन्वयको कमी

शिक्षक अभिभावक र विद्यार्थी बीचको त्रिकोणात्मक सम्बन्धले विद्यार्थीको सर्वाङ्गीण विकास हुन्छ। तर अभिभावक सचेतनाको कमी, विद्यार्थीमा आत्मअनुशासन र नैतिक शिक्षाको कमी, शिक्षकमा कर्तव्यबोध, पेशाप्रतिको निष्ठा र जवाफदेहिताको कमीले गर्दा विद्यालय विकासमा समन्वयको अभाव छ। विद्यालयप्रति स्थानीय समुदायको पनि चासो एकदमै कम छ। उनीहरूका छोराछोरी सामुदायिक विद्यालयमा अध्ययन नगर्ने हुँदा विद्यालय हुनु वा नहुनुमा उनीहरूको कुनै चासो देखिँदैन। जसका कारण विद्यालयको सर्वाङ्गीण विकास कमजोर देखिन्छ। विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र समुदाय बीच राम्रो समन्वय हुन नसक्दा छात्राहरूमा शिक्षामा विद्यालय छाड्ने (Drop out) दरमा कमी ल्याउन र शैक्षिक उपलब्धिमा सन्तोषजनक वृद्धि गर्न सकिएको छैन।

६. सामाजिक, धार्मिक, सांस्कृतिक समस्या

नेपालको परिवेशमा हेर्दा अझै पनि पुरुषको प्रधानता रहेको पाइन्छ। महिला र पुरुष समान हुन् भने पनि वास्तवमा समानताको अनुभव महिलाले गर्न पाएका छैनन्। छोरीलाई सानैदेखि घरायसी कामको जिम्मेवारी दिने, घरै बाहिर जाँदा परिवारको सहारा लिनुपर्ने, मनमा लागेको कुरा बोल्नलाई रोक लगाउने तथा उसको प्रस्तुतिलाई त्यति महत्व नदिने, सानै उमेरमा बिबाह गरिदिने, कुमारी प्रथा, कमलरी प्रथा, छाउपडी प्रथा लगायतका धार्मिक, सांस्कृतिक, सामाजिक प्रभावका कारण विद्यालयमा उनीहरूको नियमित उपस्थितिमा कमी आउने गरेको छ। बीचैमा विद्यालय छाड्नुपर्ने बाध्यता, अधुरो शिक्षालाई पुरा गर्न नसकिएको अवस्था आदिका कारण विद्यालयमा छात्रा शिक्षाको समस्या देखिएको छ।

महिला शिक्षकमा दोहोरो, तेहोरो भूमिका निर्वाह गर्नुपर्ने बाध्यताले पनि समय व्यवस्थापन पक्ष कमजोर भएको छ। थप शिक्षा लिएर क्षमता अभिवृद्धि गर्न नसक्नु, अपर्याप्त सुत्केरी विदा, किरिया विदामा विभेद, विद्यालयमा विदा लिएको शिक्षकको ठाउँमा अतिरिक्त सट्टा शिक्षकको व्यवस्थापन नहुनु जस्ता विषयहरू समस्याको रूपमा रहेका छन्।

७. शिक्षकको नैराश्यता

हाल नेपाल सरकारले प्रारम्भिक बाल विकासदेखि कक्षा ८ सम्म आधारभूत तह र कक्षा ९-१२ लाई माध्यमिक तह भनेर विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३-२०८०) अन्तर्गत आफ्नो कार्यक्रमको प्रारम्भ गरेको छ। प्रारम्भिक बाल विकासमा महिला सहयोगी कार्यकर्ता नियुक्ति गर्नुपर्ने नीतिगत व्यवस्था भए पनि उक्त पदमा अत्यन्त न्यून तलब सुविधाको व्यवस्था गरेको छ। जसले गर्दा अप्रत्यक्षमा महिलाप्रति विभेद भएको देखिन्छ। त्यसैले पुरुषप्रधान



File Photos: World Education Nepal

घर परिवारभित्रै छोरा र छोरीलाई फरक दृष्टिकोणबाट व्यवहार गर्ने गरेको पाइन्छ । छोरालाई विशेष स्याहार सुसार र बोर्डिङ स्कुलमा र छोरीलाई सामुदायिक विद्यालयमा पढाउने तथा परिवारमा गरिने काम छोरीलाई बढी लगाउने, कम महत्व दिने, घरधन्दामा व्यस्त बनाउने, परिवारबाट पढाइका लागि उपयुक्त वातावरण पाउन मुस्किल हुने जस्ता पारिवारिक समस्या पनि किशोरीले नै व्यहोर्नु पर्ने अवस्था छ ।

कक्षा कोठामा खुलेर बस्ने/बोल्ने वातावरणको कमी, विभिन्न प्रकारका दबाब (बुलिङ) को सामना गर्नुपर्ने, महिनावारी सम्बन्धी विविध समस्याका कारण विद्यालयमा संकुचित भएर बस्नु पर्ने, Sanitary Pad उपलब्ध नहुनु, Changing room को अभाव, Pad disposer को व्यवस्था नहुनु, प्राथमिक उपचारको व्यवस्था नहुनु जस्ता कार्यले किशोरीहरूले विद्यालय छोड्ने (Drop out) गरेका छन् । कतिपय बालिकाहरूले अध्ययनका लागि अरूको घरमा काम गरेर बस्नु पर्ने बाध्यताका कारण घरदेखि नै विविध किसिमका मानसिक, शारीरिक र हिंसात्मक कार्यले गर्दा उनीहरूले आफ्नो पढाइलाई निरन्तरता दिन नसकेको अवस्था अत्यन्त कारुणिक छ । सामुदायिक विद्यालयमा छात्रामैत्री होस्टलको सुविधाको व्यवस्था हुन नसक्दा पनि छात्राहरूलाई अध्ययनमा समस्या देखिएको छ ।

समाजमा महिला नेतृत्वलाई सकेसम्म अवसर नै नदिने र दिए पनि स्वीकार गर्न नसक्ने समस्या अझ जटिल रूपमा खडा भएको देखिन्छ । विद्यालय शिक्षा निशुल्क भनेर संविधान, ऐन, नियममा व्यवस्था भए पनि वास्तवमा निशुल्क हुन सकेको छैन । विद्यालयमा न्यून मात्र बजेट प्राप्त हुनु यसको मूल कारण हो ।

विद्यालय शिक्षामा हुने गरेका यस्ता समस्याहरू निराकरणका लागि नेपालको संविधान (२०७२) तथा शिक्षा ऐन २०२८ र नियमावली २०५९ मा भएका व्यवस्थाहरू

नेपालको संविधानको प्रस्तावनामा लैंगिक विभेदको अन्त्य गर्दै सामाजिक न्यायको सुनिश्चितता गर्ने कुरा उल्लेख गरिएको छ । मौलिक हकको धारा १८ को समानताको हकमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिलाको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न सकिने प्रावधान छ । धारा ३१ को शिक्षा सम्बन्धी हकमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षामा अनिवार्य र निशुल्क रूपमा पहुँच हुने तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने कुरा उल्लेख गरिएको छ । धारा ३८ को महिलाको हकमा महिला शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने र राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिताको सुनिश्चितता गरिएको छ भने धारा ५० मा लैंगिक समानता समानुपातिक समावेशीकरण गर्ने राज्यको राजनीतिक उद्देश्य छ ।

शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९

शिक्षामा सबैको पहुँच पुऱ्याउनका लागि ऐनको दफा ६ (क) मा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था गरिएको छ । प्राथमिक तहमा दरबन्दीको आधारमा महिला शिक्षकको व्यवस्था गरिएकोछ । शिक्षामा लैंगिक समानता कायम गर्नका लागि विद्यालय व्यवस्थापन समितिमा ३३.३३ प्रतिशत, गाउँ शिक्षा समितिमा ३६.३६ प्रतिशत र शिक्षा समितिमा १० प्रतिशत महिला रहनुपर्ने व्यवस्था हुनाको साथै केन्द्रीय संरचनामा पनि महिला सहभागिताको व्यवस्था गरिएको छ ।

संशोधित ऐन २०७३ तथा स्थानीय तह नियमावलीमा पनि सोही अनुसार व्यवस्था गरिएको छ । सेवा तथा व्यवस्थापन तहमा पनि समावेशीकरणका थुप्रै प्रावधान राखिएको छ । निजामती तथा शिक्षा क्षेत्रमा खुलातर्फका पदमध्ये समावेशीतर्फ ४५ प्रतिशत पदहरू छुट्याई त्यसको ३३ प्रतिशत महिलाका लागि आरक्षित कोटाको सुनिश्चितता गरिएको छ । त्यस्तै सेवा प्रवेश उमेर, परीक्षण अवधि, सुत्केरी विदामा विशेष व्यवस्था गरी आकर्षण गरिएको छ ।

बालबालिका सम्बन्धी ऐन २०४८ मा भएको व्यवस्था

यस ऐनको दफा ४ को पालनपोषण, शिक्षा स्वास्थ्योपचारको अधिकारमा बाबुआमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालबालिकाको पालनपोषण गर्नुका अतिरिक्त निजको शिक्षा, स्वास्थ्योपचार, खेलकुद तथा मनोरञ्जन सुविधाहरूको व्यवस्था गरिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३-२०८०) ले शिक्षामा महिला सहभागिता वृद्धि गर्ने नीति तथा कार्यक्रमहरू तय गरेको पाइन्छ । जस्तै :-

- माध्यमिक शिक्षा १-१२ मा लैंगिक समता सूचक ०.९९ बाट १ पुऱ्याउने,
- शैक्षिक व्यवस्थापन तथा पेशागत विकासतर्फ आधारभूत तहको शिक्षामा महिलाको सहभागिता २८.८ बाट ५० पुऱ्याउने,
- माध्यमिक तहमा १५.१ बट २२ पुऱ्याउने लक्ष तय गरेर लैंगिकमैत्री कार्यक्रमहरू सुचारु गरेको,

महिला शिक्षाको विषयमा विगतमा जारी भएका ऐन, नियमलाई पल्टाउँदा नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९ ले बालिग

File Photo : PHASE Worldwide

मताधिकारको व्यवस्था, नेपाल अधिराज्यको संविधान २०४७ ले लिङ्गको आधारमा पनि महिलाको हक अधिकारलाई संवैधानिक र कानुनी संरक्षण दिने प्रयासको थालनी गरेको पाइन्छ। नेपालको अन्तरिम संविधान, २०६३ ले महिलाका अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरी अन्तर्राष्ट्रिय अधिकारको मापदण्डलाई पछ्याएको छ तापनि व्यवहारमा तोकिए अनुसारको कार्यान्वयन भएको पाइँदैन।

मानवले सक्ने र गर्नुपर्ने काम सक्रिय रूपले गर्नुपर्छ। समग्र शिक्षा क्षेत्रको विकासका लागि सर्वप्रथम विद्यालय तहको शिक्षालाई सम्बोधन गर्न सक्नुपर्छ। एउटा विद्यालयलाई आवश्यक पर्ने समग्र पूर्वाधार निर्माण, उपयुक्त वातावरण र उच्च सिकाई उपलब्धि वृद्धिमा जोड दिँदै पवित्र पुन्यात्मभावका साथ महिला नेतृत्व लागेको छ। निजामती कर्मचारी अन्तर्गत शिक्षा समूहका महिलाको प्रवेशको थालनीमा केही हदसम्म वृद्धि भए पनि शिक्षण सेवामा महिला शिक्षकको सहभागिता सहरी क्षेत्रमा मात्र सीमित छ। विकट र ग्रामीण भेगमा महिला शिक्षक तथा महिला नेतृत्वको सहभागिता वृद्धि गर्नुपर्ने चुनौती अत्यन्त जटिल छ।

महिलाको नेतृत्व विकासका लागि सबै विद्यालय तहका सरोकारवाला निकायले निरन्तर अन्तरक्रिया गर्ने, सवल पक्षको संरक्षण, पृष्ठपोषण र कमजोरी न्यूनीकरणका प्रयासमा विद्यार्थी, अभिभावक, नीति निर्माता र बौद्धिक वर्गहरू निरन्तर लाग्नुपर्छ। शैक्षिक सुव्यवस्थापनका विविध विकल्प पहिचान गरी विकासका हरेक पक्षमा अगुवाईका साथ समुदायको विश्वास जित्नु विद्यालय नेतृत्वका लागि अनिवार्य हुन्छ। संघीय, प्रान्तीय र स्थानीय तहको शिक्षा व्यवस्थापन र नेतृत्व विकास सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा समाजका शिक्षित महिलाले नेतृत्व लिनु आवश्यक देखिन्छ। स्थानीय साधन स्रोतको पहिचान गर्न सबै विद्यालयको प्रधानाध्यापकलाई लैंगिक समानता र बालबालिकाप्रति सचेत हुन प्रोत्साहित गर्नुपर्छ। साथै उनीहरूलाई आ-आफ्नो कार्य र आवश्यकता अनुरूप नेतृत्व विकास गर्ने क्षमताका कार्यक्रमहरू ल्याउनुपर्छ। जसले गर्दा विद्यालय तहमा बालिका शिक्षामा रहेको समस्यालाई निराकरण गर्न सहयोग मिल्दछ।

शिक्षित समाजको सुनौलो योजनाका साथ ऐन, कानुनको निर्माण र कार्यान्वयन गर्ने दायित्व बोकेको स्थानीय सरकारले शैक्षिक व्यवस्थापनमा समुदायका शिक्षित र जागरूक महिलालाई अवसर प्रदान गरी आवश्यक पृष्ठपोषण सहित क्षमता अभिवृद्धि गर्नुपर्छ। विद्यालय तहको शैक्षिक प्रशासनलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउन महिला शिक्षकमा भएको इमान्दारिता (honest) निष्ठा (integrity), वस्तुपरकता (objectivity), खुलापन (openness), नेतृत्व (leadership), जवाफदेहिता (accountability) लाई समीक्षा गरी नेतृत्व चयन गर्दा विद्यालय तहको शिक्षामा शैक्षिक उपलब्धि उद्देश्य अनुरूप प्राप्त गर्न सकिन्छ। साथै बालिका शिक्षामा देखिएको समस्यालाई पनि निराकरण गर्न सकिन्छ।

सन्दर्भ सामग्रीहरू

कानुनी किताब व्यवस्था समिति, (२०७०) बालबालिकासम्बन्धी ऐन २०४८, काठमाडौं।

कानुनी किताबखाना, (२०७२) नेपालको संविधान, सिंहदरवार, काठमाडौं।

कानुनी किताबखाना, (२०७३) शिक्षा ऐन २०२८ (आठौं संशोधनसहित) सिंहदरवार, काठमाडौं।

कानुनी किताबखाना, (२०७३) शिक्षा नियमावली २०५९ (संशोधनसहित) सिंहदरबार, काठमाडौं।

केन्द्रीय तथ्यांक विभाग, (२०६८), थापाथली, काठमाडौं।

शिक्षा मन्त्रालय, (२०७३) विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३-२०८०)

❖❖❖

महिलाको बसाइँसराई र रोजगारी

मञ्जु गुरुङ*

१. प्रारम्भ

स्थान परिवर्तन गरिरहनु मानव जातिको एक विशेषता हो । विश्वको ७ अर्ब ६० करोड जनसंख्यामध्ये झन्डै २५ करोड मानिस आफ्नो पुरानो थातथलो बाहिर बस्दछन्, त्यो पनि राज्यको राजनीतिक सिमाना भन्दा बाहिर जसलाई अन्तर्राष्ट्रिय बसाइँसराई अथवा आप्रवासन भन्ने गरिन्छ । संयुक्त राष्ट्र संघको अनुमान अनुसार यसरी आप्रवासनमा जानेमध्ये ४९ प्रतिशत महिला हुने गर्दछन् । महिलामा पनि किशोरी र बालिकाहरूको संख्या अधिक हुने गरेको छ ।

आफ्नो थातबास छोडेर घुमफिर गर्नु वा नयाँ अवसरको प्रयत्न गर्नु मानवीय स्वभाव पनि हो । इतिहासतिर फर्कने हो भने करिब १० लाख वर्षअघिदेखि नै यस्तो प्रक्रिया भएको पाइन्छ । जनसंख्याविद्को भनाईअनुसार, यो उपक्रम अफ्रिकाबाटै सुरु भएको थियो । त्यहाँ मानिसको होमोस्यापिन्स करिब एक सय ५० मिलियन वर्षअघिदेखि अस्तित्वमा आएको विश्लेषण छ । सन् १५८५ पछाडिको समयलाई समग्र आधुनिक काल भनेर चिनिन्छ । यहाँसम्मको यात्रामा मानिसको स्थानान्तरण व्यापक भइसकेको थियो । तैपनि यातायातको साधनको अभाव, जनचेतनाको कमी तथा नयाँ काम पाउने सम्भावना पनि कम भएकै कारण आप्रवासनले त्यति ठूलो स्थान लिन सकेको थिएन ।

१८औं शताब्दीपछि बेलायतबाट सुरु भएको औद्योगिक क्रान्तिले भने बढ्दो प्राविधिक यन्त्रहरूको प्रयोगमा अभिप्रेरित गऱ्यो । साथसाथै स्थानान्तरणमा पनि नयाँ आयामहरू थपिन थाले । पहिल्यै व्यापक भइसकेको आन्तरिक आप्रवासनले अन्तर्राष्ट्रिय आप्रवासनको रूप लिन थाल्यो ।

औद्योगिकरणको प्रभावले नै अमेरिकामा बढ्दो दासदासी बेचबिखन कार्य घट्न थाल्यो र कामका लागि विदेशमा लगिने व्यक्तिहरूको करारनामाका कुराहरू पनि उठ्न थाले । सन् १९४० सम्म आइपुग्दा संसारभर मानिसहरू एक देशबाट अर्को देशमा जाने ठूलै लहर चलिसकेको थियो । त्यतिखेर नै करिब पाँच करोड मानिस युरोपका विभिन्न भागबाट अमेरिकी मुलुकहरूमा आप्रवासन गरेको तथ्यांक पाइन्छ । करिब तीन करोड मानिस एशियाबाट अमेरिकी मुलुकहरूमा बसोबास गर्न गएको भन्ने गरिन्छ ।

सन् १९३९ देखि १९४५ सम्म चलेको दोस्रो विश्व युद्धका क्रममा लाखौं मानिस एक देशबाट अर्को देशमा लगिए, युद्धमा सामेल गराइए, लाखौंको ज्यान गयो, मानिस भागाभाग भए र यसरी बस्तीका बस्ती आप्रवासन हुने प्रचलन बढेर गयो ।

जुइस मूलका मानिसमाथि हिटलरको अभियानमा गरिएको विभत्स हत्या, लुटपाट लगायतका घटनाले सुरक्षाकै खोजीमा यूरोप र मध्यपूर्वी एशियन मुलुकबीच डायस्पोराको रूप लियो । सन् १९८० को दशकमा आइपुग्दा आप्रवासन मानिसको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नति र प्रगतिका लागि अनिवार्य शर्तजस्तै भइसकेको थियो । खासगरी ९० को दशकपछि कामका लागि विदेश जाने लहर विश्वभर व्याप्त रहयो ।

File Photo : The Borgen Project

नेपालीहरू मुलुक बाहिर जान थालेको यकिन प्रमाण छैन । आप्रवासनका विज्ञहरूले सन् १८१६ मा सम्पन्न नेपाल अंग्रेज शान्ति तथा मैत्री सन्धिलाई औपचारिक र वैधानिक आप्रवासनको प्रस्थान विन्दु मान्ने गरेका छन् । हुनत यो सन्धिमा हस्ताक्षर हुनुपूर्व नै युद्धबन्दीका रूपमा रहेका तीन हजार गोर्खालीलाई देहरादुनबाट बेलायती फौजमा भर्ती गरिएको इतिहास छ ।

* रोजगार तथा महिला आप्रवास विज्ञ

File Photo : iDE

लुम्ले तरकारी संकलन केन्द्र, कास्कीमार्फत् तरकारी उत्पादन गरिरहेका महिला ।

२. नेपालबाट आप्रवासन

नेपालीहरू मुलुकबाहिर जान थालेको यकिन प्रमाण छैन । आप्रवासनका विज्ञहरूले सन् १८१६ मा सम्पन्न नेपाल अंग्रेज शान्ति तथा मैत्री सन्धिलाई औपचारिक र वैधानिक आप्रवासनको प्रस्थान विन्दु मान्ने गरेका छन् । हुनत यो सन्धिमा हस्ताक्षर हुनुपूर्व नै युद्धबन्दीका रूपमा रहेका तीन हजार गोर्खालीलाई देहरादुनबाट बेलायती फौजमा भर्ती गरिएको इतिहास छ ।

यसपछि ब्रिटिस गोर्खा राइफल्स र भारतमा गोर्खा राइफल्समा नेपालीले काम गरेको पाइन्छ । सन् १९७४ पछि तेलको मूल्यमा भएको वृद्धिसँगै मध्यपूर्वका देशहरूको आयमा वृद्धि भयो । यस आयलाई ती देशहरूले उद्योग, पूर्वाधार विकास तथा सेवा क्षेत्रमा लगानी गर्न थालेपछि कामदारहरूको आवश्यकता पर्न थाल्यो र नेपाली युवा रोजगारका लागि ती मुलुकमा जान थाले ।

सन् ८० को दशकमा विश्वव्यापी रूपमा उदारीकरणको लहर सुरु भएसँगै खुलापनको अभ्यास नेपालमा पनि हुन थाल्यो । नेपाली युवा कामका लागि गन्तव्य खोज्दै विभिन्न मुलुकमा जान थालेको पाइन्छ । यसै क्रममा सरकारले वि.सं २०४२ सालमा वैदेशिक रोजगार ऐन जारी गऱ्यो । यो ऐनले रोजगारका लागि विदेश जाने कामदारलाई संस्थागत गर्न सहयोग गऱ्यो । तर सो ऐन कल्याणकारी तथा संरक्षणमुखी हुन नसकेको भनी २०५६ मा नियमावली बनाइयो । समय परिवर्तनसँगै वैदेशिक रोजगारीको क्षेत्र फराकिलो बन्दै जाँदा यी दुई ऐन र नियमावलीले पनि वैदेशिक रोजगारका समसामयिक चुनौतीको सामना गर्न सकेनन् । परिणाम स्वरूप २०६४ मा नयाँ वैदेशिक रोजगार ऐन र नियमावली बनाइयो । जुन ऐनका आधारमा लाखौं नेपाली मुलुकबाहिर गएका छन् ।

३. नेपालमा आप्रवासनको महत्व

कानुनी भाषामा भन्ने हो भने नेपालका कानुनहरूले भारतबाहेक अन्य मुलुकमा गएर काम गर्ने रोजगारीलाई मात्र मान्यता दिएको छ । विभिन्न कारणले वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या तीव्र गतिमा वृद्धि हुँदै गइरहेको छ ।

विशेषगरी जनंसख्यामा आएको परिवर्तन, विकट भौगोलिक अवस्था, परम्परागत कृषि प्रणाली तथा यसबाट वर्षभर खान नपुग्ने अवस्था, मुलुकभित्र बढ्दो बेरोजगारी, प्रतिकूल राजनीतिक अवस्था, विद्यमान शोषणपूर्ण सामाजिक ढाँचा, शिक्षा तथा स्वास्थ्य, सम्पत्तिको सुरक्षा, काम गर्ने स्वतन्त्र वातावरणको अभाव आदि कारणले वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको छ । देशमा प्रतिवर्ष करिब पाँच लाखभन्दा बढी युवा श्रम बजारमा जाने गर्छन् । तीमध्ये ३० प्रतिशत काम गर्न योग्य जनशक्तिले स्वदेशमा रोजगार पाउँदैनन् ।

नेपालको आर्थिक विकासमा वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको महत्वपूर्ण योगदान रहेको छ । विश्व बैंकबाट प्रकाशित आप्रवासन र विप्रेषणसम्बन्धी प्रतिवेदनमा नेपालले प्राप्त गरेको विप्रेषण मुलुकको कूल ग्रार्हस्थ उत्पादनको २३ प्रतिशत रहेको देखाएको छ भने संयुक्त राष्ट्र संघको मानव विकास कार्यक्रम प्रतिवेदनमा नेपालको मानव विकासमा विप्रेषणको योगदान महत्वपूर्ण रहेको उल्लेख छ ।

आर्थिक सर्वेक्षण २०७४/७५ अनुसार आ.व. २०६८/६९ मा विप्रेषणबाट ३५९.५ अर्ब अर्थात् अघिल्लो आर्थिक वर्षको भन्दा ४१.८ प्रतिशतले बढी रकम प्राप्त भएको तथ्य सार्वजनिक भएको थियो । यो आय कूल ग्रार्हस्थ उत्पादन (जि.डि.पी) मा विप्रेषणको योगदान २३.१ प्रतिशत रहेको छ, जबकि नेपालको प्राथमिकता प्राप्त पर्यटनको कूल ग्राहस्थ उत्पादनमा केवल दुई प्रतिशतको मात्र योगदान छ ।

नेपाल जीवनस्तर सर्वेक्षण, तेस्रोको संक्षिप्त नतिजा आ.व.२०६६/६७ अनुसार नेपालमा भित्रिएको विप्रेषण ५६ प्रतिशत घर परिवारले प्राप्त गर्ने गरेका छन् । विप्रेषण प्राप्त गर्ने घरपरिवारमध्ये प्रतिघरपरिवारले प्राप्त गर्ने औसत विप्रेषण ८० हजार चार सय ३६ पुगेको छ । नेपालको गरिबी आ.व.२०५२/५३ देखि १५ वर्षका अवधिमा झण्डै १७ प्रतिशतको विन्दुले (४२ प्रतिशतबाट २५ प्रतिशतमा) झर्नुमा विप्रेषणको महत्वपूर्ण भूमिका रहेको राष्ट्रिय योजना आयोगको भनाई छ ।

वैदेशिक रोजगारका कारण नेपाली घरधुरीमा उपभोग क्षमता, खाद्य सुरक्षामा सुधार, सामाजिक विकास, बालबालिकालाई विद्यालय पठाउने क्रम र महिला सशक्तीकरणमा सकारात्मक परिणाम देखिएको अध्ययनहरूले देखाएको छ। नेपाली कामदारले नेपालमा भित्र्याउने विप्रेषणबाट मुलुकको अर्थतन्त्रमा उल्लेख्य योगदान पुगेको छ।

कृषिपछि वैदेशिक रोजगार नै नेपालको दोस्रो महत्वपूर्ण क्षेत्रका रूपमा विकास हुन पुगेको छ। विप्रेषणबाट आवास, शिक्षा, स्वास्थ्य, पोषण तथा स्थानीय आय आर्जनका गतिविधिमा महत्वपूर्ण योगदान पुगेको छ। यसले मुलुकको गरिबी घटाउन र मानव विकासको अवस्था सुधार गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। वैदेशिक रोजगारको अर्को योगदान सीपयुक्त दक्ष जनशक्तिको पनि हो। वैदेशिक रोजगारबाट फर्किएका कामदारले कुनै न कुनै प्रकारको सीप साथमा बोकेर ल्याउने गरेका छन्, साथमा कामप्रतिको झुकाव, उर्जा र देशभित्र कुनै न कुनै इलम गर्ने प्रतिबद्धता पनि साथमा हुन्छ। जसको पहिचान र सदुपयोग राज्यले राष्ट्रिय विकासमा गर्न नसकिरहेको अवस्था छ।

४. नेपालमा महिलाको अवस्था

नेपालको कूल जनसंख्याको आधाभन्दा बढी हिस्सा महिलाले ओगटेको भए तापनि सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक लगायतका सबै क्षेत्रमा पुरुषको तुलनामा महिलाको पहुँच र उपस्थिति ज्यादै न्यून छ। पित्तृसतात्मक सोच र मूल्य मान्यताबाट निर्देशित सामाजिक, आर्थिक तथा राजनीतिक मूल्य मान्यताका कारण महिला राज्यका हरेक पक्षमा पछाडि पारिएका छन्।

अधिकांश विकासशील देशमा महिलाको भूमिकालाई कमजोर बनाइएजस्तै नेपालमा पनि महिलाको अवस्था कमजोर पारिएको पाइन्छ। नेपालको सन्दर्भमा महिलाको सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक हैसियतलाई अझ बढी कमजोर बनाउनका लागि विद्यमान कतिपय विभेदपूर्ण कानुनहरू, नीति तथा राज्यका परम्परागत संयन्त्र र व्यवस्थाहरू एवं पितृसत्तात्मक सोचले नै मलजल पुऱ्याएका छन्।

फलस्वरूप महिलाले गर्ने काम कृषि तथा हेरचाहमा (Care and agriculture work) लाई हालसम्म पनि उत्पादनशील कार्यको रूपमा मान्यता दिइएको छैन। उत्पादनका हरेक कार्यमा महिलाको प्रमुख भूमिका रहन्छ। यद्यपि महिलाले गर्ने कार्यलाई केवल सेवामूलक कार्यको रूपमा सीमित गरिएको छ। महिलाले गरिरहेका कार्यले समग्रमा देशको कूल ग्रार्हस्थ उत्पादनमा योगदान पुऱ्याउँछ। यद्यपि महिलाले गर्ने कामको मान्यता र सम्मान हुन सकेको छैन। कानुनमा महिलाका लागि समान सम्पत्ति अधिकारको व्यवस्था भए तापनि छोरासरह छोरीले पैतृक सम्पत्ति प्राप्त गर्न सहज छैन। भएका आर्थिक अधिकारहरूलाई पनि व्यवहारमा बदल्न अझै कठिन छ। देशको समग्र गरिबीको स्थितिले महिला विकासको क्रमलाई पनि प्रभाव पार्दछ।

नेपाल जीवनस्तर सर्वेक्षणअनुसार पछिल्ला वर्षमा नेपालमा गरिबीको संख्या घट्दो क्रममा रहेको पाइन्छ। जसअनुसार २०५२/०५३ मा सहरी क्षेत्रको तथा ग्रामीण क्षेत्रको गरिबीको दर ४१.७६ र ४३.२७ प्रतिशत थियो भने सो दर घटेर २०६७/०६८ मा २५.१६ र २७.४३ प्रतिशतमा झरेको देखिन्छ। घरमुलीको भूमिकामा रहेका महिलाको संख्या सन् २००१ मा १४ प्रतिशत थियो। अहिले वृद्धि भएर २५ दशमलव ७३ पुगेको छ। सहरी क्षेत्रमा २८ दशमलव १ प्रतिशत र ग्रामीण क्षेत्रमा २५ दशमलव २ प्रतिशत महिला घरमुलीको भूमिकामा छन्। सन् २०११ को जनगणनाको नतिजा अनुसार महिला घरमुलीको प्रतिशत सन् २००१ को तुलनामा १४ प्रतिशतबाट बढेर २६ प्रतिशतभन्दा माथि देखिएको छ।

नेपालमा गरिबीको रेखामुनिको जनसंख्या दर सकारात्मक दिशातर्फ उन्मुख भएको प्रतीत भए पनि महिलाको स्थितिमा तात्विक भिन्नता भने आँकलन गर्न सकिएको छैन।

नेपालमा पछिल्लो दशकमा वैदेशिक रोजगार महिलाका लागि एक विकल्प बनेको देखिन्छ। सरकारी तथ्यांकका आधारमा सन् १९९३ देखि २०१६ सम्मको २३ वर्षको अवधिमा नेपाल सरकारले एक सय १० मुलुकमा (भारतबाहेक) काम गर्न जाने गरी आ.व. २०७३/७४ सम्ममा रोजगारीका लागि मुलुक बाहिर जाने नेपालीको संख्या ४३ लाख ७८ हजार पुगेको छ। जुन नेपालको विद्यमान मुलुकको जनसंख्याको करिब १४ प्रतिशत हुन आउँछ। (वैदेशिक रोजगारका लागि श्रम आप्रवासन, नेपालको स्थिति प्रतिवेदन २०१४/१५ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०१७) सन् २०११ को राष्ट्रिय जनगणनाअनुसार, देशभित्र अनपुस्थित जनसंख्या १९ लाख २१ हजार चार सय ९४ देखाइएको छ।

● ● ●

हाल श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जानेमा सबैभन्दा बढी प्रदेश नम्बर १ बाट २५.५१ प्रतिशत, त्यसपछि प्रदेश २ बाट २४.१० प्रतिशत, प्रदेश नम्बर ३ बाट १६.०७ प्रतिशत, प्रदेश नम्बर ४ बाट १३.१ प्रतिशत, प्रदेश नम्बर ५ बाट १३.०१ प्रतिशत, प्रदेश नम्बर ५ बाट १६.२६ प्रतिशत, प्रदेश नम्बर ६ बाट ३.४१ प्रतिशत र प्रदेश नम्बर ७ बाट १.१६ प्रतिशत रहेका छन्। यस अनुसार वैदेशिक रोजगारमा सबैभन्दा धेरै १ नम्बरका देखिन्छन् भने ७ नम्बर प्रदेशबाट वैदेशिक रोजगारमा पठाउने अभ्यास कम देखिन्छ।

महिला श्रमको मुल्यविना दिनरात कार्य गरिरहेको पाइन्छ। धेरै अध्ययनले महिला सरदर १० देखि १८ घन्टासम्म पनि घरेलु काममा व्यस्त रहन्छन् जसको कुनै पारिश्रमिक हुँदैन। धेरैजसो महिला बच्चा हेर्ने बिरामी स्याहार्ने, खानपान तथा घरको र समय भएमा सामुदायिक कार्यमा पनि संलग्न रहेको पाइन्छ। महिलाले गर्ने गरेका त्यस्ता कामहरू पारदर्शी नभएकाले मूल्यांकन हुँदैन।

महिला घरायसी काममा व्यस्त हुने भएकाले उनीहरूको समयको योगदान सो क्षेत्रमा बढी हुन्छ। यसले उनीहरूको हिँड्डुलमा कमी, स्वास्थ्य कमजोर र आफैंले चाहेको वा गर्न खोजेको अन्य अवसरबाट वञ्चित भएको पाइन्छ। केही महिलाले सो घरेलु कामभन्दा बाहिर कुनै अन्य क्षेत्रमा मात्र सीमित हुने परेको पनि पाइन्छ। महिलाको आर्थिक सशक्तीकरणका लागि दीगो विकास लक्षको बुदा नं. ५ ले पनि महिला तथा किशोरीहरूको सशक्तीकरणलाई तथा लक्षको बुँदा नं १० ले (Unpaid care work) लाई महत्व दिइएको पाइन्छ। यस SDG को लक्ष ५.४ ले पनि हरेक राष्ट्रलाई महिलाको Unpaid care तथा घरेलु कामलाई परिवारहरूले घरभित्र कामको बाँडफाँड गरेर वा अन्य सार्वजनिक सेवा दिएर पनि सम्मान गर्नुपर्छ भनेको छ।

५. महिला र वैदेशिक रोजगार

नेपालमा पछिल्लो दशकमा वैदेशिक रोजगार महिलाका लागि एक विकल्प बनेको देखिन्छ। वैदेशिक रोजगार वास्तवमा अन्तर्राष्ट्रिय आप्रवासनको सबैभन्दा महत्वपूर्ण अंश हो। सरकारी तथ्यांकका आधारमा सन् १९९३ देखि २०१६ सम्मको २३ वर्षको अवधिमा नेपाल सरकारले एक सय १० मुलुकमा (भारतबाहेक) काम गर्न जाने गरी आव २०७३/७४ सम्ममा रोजगारीका लागि मुलुक बाहिर जाने नेपालीको संख्या ४३ लाख ७८ हजार पुगेको छ। जुन नेपालको विद्यमान मुलुकको जनसंख्याको करिब १४ प्रतिशत हुन आउँछ। (वैदेशिक रोजगारका लागि श्रम आप्रवासन, नेपालको स्थिति प्रतिवदेन २०१४/१५ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०१७) सन् २०११ को राष्ट्रिय जनगणनाअनुसार, देशभित्र अनपुस्थित जनसंख्या १९ लाख २१ हजार चार सय ९४ देखाइएको छ। यो अनुपस्थित जनसंख्या र वैदेशिक रोजगारमा जानेको संख्या करिब करिब मिल्दोजुल्दो पाइन्छ। किनभने श्रम स्वीकृति लिएर जानेहरू स्वदेश फर्केको तथ्यांक राख्ने गरिएको छैन।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार, श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जाने महिलाको संख्या २०७४ वैशाख मसान्तसम्म एक लाख ५५ हजार एक सय १३ पुगेको छ। तर यस तथ्यांकमा भारतमा रहेका कामदार, भारतको बाटो हुँदै तेस्रो मुलुक जाने कामदार तथा विद्यार्थी भिसा र अन्य आश्रित भिसामा वैदेशिक रोजगारमा जाने महिला कामदारको गणना गरिएको छैन। हालसम्मको अनुमानअनुसार सरकारी स्वीकृति लिएर जानेभन्दा गैरकानुनी तथा अन्य प्रयोजन देखाएर वैदेशिक रोजगारमा जाने महिलाको संख्या अधिक रहेको छ।

हाल श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जानेमा सबैभन्दा बढी प्रदेश नम्बर १ बाट २५.५१ प्रतिशत, त्यसपछि प्रदेश २ बाट २४.१० प्रतिशत, प्रदेश नम्बर ३ बाट १६.०७ प्रतिशत, प्रदेश नम्बर ४ बाट १३.१ प्रतिशत, प्रदेश नम्बर ५ बाट १३.०१ प्रतिशत, प्रदेश नम्बर ५ बाट १६.२६ प्रतिशत, प्रदेश

File Photo : The Seattle Globalist

रोजगारका लागि विदेश उड्न तयार युवति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा।

केन्द्रीय तथ्यांक विभागले प्रकाशित गरेको 'नेपालको तथ्यांकीय झलक' २०६८ मा आ.व. २०६७/६८ मा विप्रेषणको रकम दुई सय ३१ अर्ब रुपैयाँ भनी जनाइएको छ । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार आ.व. २०७२/७३ मा विप्रेषण आप्रवाह वृद्धि भई ६ खर्ब ६५ अर्ब पुगेको तथ्यांक सार्वजनिक गरेको छ । यसबाट कूल गार्हस्थ्य उत्पादनसँगको अनुपात २५.६ प्रतिशत पुगेको उल्लेख छ ।

नम्बर ६ बाट ३.४१ प्रतिशत र प्रदेश नम्बर ७ बाट १.१६ प्रतिशत रहेका छन् । यस अनुसार वैदेशिक रोजगारमा सबैभन्दा धेरै १ नम्बरका देखिन्छन् भने ७ नम्बर प्रदेशबाट वैदेशिक रोजगारमा पठाउने अभ्यास कम देखिन्छ ।

महिला कामदारका सन्दर्भमा भने वैदेशिक रोजगारमा गएका मध्ये सबैभन्दा बढी झापाबाट ८.८४ प्रतिशत गएको पाइन्छ । दोस्रो जिल्लामा सिन्धुपाल्चोक ७.५१ प्रतिशत, तेस्रोमा मोरङ ५.८० प्रतिशत, चौथोमा मकवानपुर ४.७५ प्रतिशत, पाँचौंमा काठमाडौं ४.७५ प्रतिशत महिला गएका छन् । काभ्रेबाट ३.९० प्रतिशत, सुनसरीबाट ३.५३ प्रतिशत, नुवाकोटबाट ३.५२ प्रतिशत, ईलामबाट ३.०७ प्रतिशत र चितवनबाट २.८६ प्रतिशत महिला वैदेशिक रोजगारमा गएका छन् (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रतिवेदन २०१८) । वैदेशिक रोजगारमा महिलाको सहभागिता विगतको दशकमा उल्लेख्य रूपमा वृद्धि भएको छ । खासगरी, पहिलो दुई र आधा दशकमा भएको मन्द वृद्धिको तुलनामा विगत पाँच वर्ष (सन् २०१०/११-२०१४/१५) मा वैदेशिक रोजगारमा जाने महिला कामदारहरूको संख्यामा तीब्र वृद्धि भएको पाइन्छ ।

वैदेशिक रोजगार विभागमा रहेको अभिलेखले सन् १९८५ र २००१ को बीचमा केवल वार्षिक औसत १० जनाको अनुपातमा एक सय ६१ जना महिला वैदेशिक रोजगारका लागि जाने गरिएको देखाएको थियो । सन् २००६/०७ मा महिलाका लागि तीन सय ९० वटा श्रम स्वीकृति जारी गरिएको थियो भने सन् २००७/०८ मा चार हजार ६ सय ८५ श्रम स्वीकृति जारी गरिएको थियो । यो संख्या गत वर्षमा वैदेशिक रोजगारको प्रवृत्तिलाई भूकम्पले प्रत्यक्ष प्रभाव पारेको थियो । वैदेशिक रोजगारमा सबैभन्दा बढी संख्या भएको सिन्धुपाल्चोक मानव तथा पूर्वाधार क्षतिका हिसाबले सबैभन्दा बढी प्रभावित भएको जिल्ला मध्येको एक थियो ।

आधिकारिक रूपमा वैदेशिक रोजगार विभागले लैङ्गिक खण्डीकृत तथ्यांक सन् २००६/०७ देखि उपलब्ध गराउँदै आएको छ, । तर पनि यस आधिकारिक तथ्यांकले वैदेशिक रोजगारमा गएका आप्रवासी नेपाली महिलाको वास्तविकता उजागर गर्दैन भन्नेमा राष्ट्रिय मानव अधिकार आयोग पनि पर्दछ, जसले यो आफ्नो प्रतिवेदनमा व्यक्त गरेको छ । राष्ट्रिय योजना आयोगको सन् २०११ को एक प्रतिवेदन अनुसार दुई लाख नेपाली महिला वैदेशिक रोजगारका निम्ति आप्रवासनमा रहेका खुलाइएको थियो । जो कूल वैदेशिक रोजगारमा गएका नेपाली कामदारहरूको ८.१० प्रतिशत हुन जान्छ । तर केही अनुसन्धानकर्ताहरूले वैदेशिक रोजगारमा रहेका नेपाली महिलाको संख्या ११ प्रतिशत माथि रहेको औल्याउँदै आएका छन् । जे भए पनि वैदेशिक रोजगारतर्फ नेपाली महिलाको आकर्षण बढ्दो छ । यसलाई यो तथ्यांकले पनि पुष्टि गर्दछ ।

तालिका १ : श्रम स्वीकृतिको लैंगिक वार्षिक वर्गीकृत तथ्यांक

वर्ष	वैदेशिक रोजगारमा जाने पुरुषको प्रतिशत	वैदेशिक रोजगारमा जाने महिलाको
२००८/०९	९४.४ प्रतिशत	५.६० प्रतिशत
२००९/१०	९६.६ प्रतिशत	३.४० प्रतिशत
२०१०/११	९७.१ प्रतिशत	२.९. प्रतिशत
२०११/१२	९४.४ प्रतिशत	६.०० प्रतिशत
२०१२/१३	९३.८५ प्रतिशत	६.१५ प्रतिशत
२०१३/१४	९४.४ प्रतिशत	५.६० प्रतिशत
२०१४/१५	९५.७२ प्रतिशत	४.२८ प्रतिशत
२०१५/१६	९५.४२ प्रतिशत	४.५८ प्रतिशत
२०१६/१७	९४.७४ प्रतिशत	५.२६ प्रतिशत

स्रोत : वैदेशिक रोजगार विभाग (२०१८)

६. वैदेशिक रोजगार र महिला भित्रका विविधता

सामान्यतः लैंगिक अवधारणाले मानव जातिभित्रको पुरुष र स्त्रीबीचको जैविक अन्तर र यसले उब्जाएका विभिन्न पाटोलाई प्रस्टाउने गर्दछ । लैंगिक अवधारणाले महिला र पुरुष बीचको सामाजिक भूमिका र उनीहरूलाई समाजले निर्धारण गरेको सामाजिक, आर्थिक, राजनीतिक एवं धार्मिक भूमिका तथा विभेदहरूको मूल्यांकन गर्ने र गराउने गर्दछ । यो उपक्रमको लामो सिलसिलाबाट नेपाली समाज उकालो लागेको छ । वास्तवमा महिलाका अन्तरवस्तु तथा महिला सन्दर्भलाई हेर्न अव यत्तिले मात्र पुग्दैन । महिला भित्रका विविधता र त्यस विविधतामा राज्यका नीति तथा कार्यक्रमले नसमेटेका मूलधार बाहिर बहिष्कृत सीमान्त, अल्पसंख्यक महिलाको समूहको पनि पहिचान गर्नु पर्ने हुन्छ ।

वैदेशिक रोजगारको कुरा गर्दा वैदेशिक रोजगारमा जाने नेपाली महिला समूह पनि यही सीमान्त तथा बहिस्करणमा परेका महिला समूहमा पर्दछन् । जसको श्रमको मूल्य परिवार, समाज तथा राज्यमा उपलब्ध हुँदैन, उसले सुरक्षित तथा असुरक्षित दुवै खालका वैदेशिक रोजगारको विकल्प रोज्नेछ । यसमा अधिकांश महिला एकल महिला, पारिवारिक बोझ उठाउन बाध्य भएका र गरिबीको चपेटामा परेका तथा हिंसा र हेलाको मार खेपिरहेका महिला नै यो वर्गमा पर्दछन् ।

महिला तथा बालबालिका मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका लागि प्रा. डा. चन्द्रा भद्राले गर्नुभएको 'आप्रवासी महिला कामदारहरूको आर्थिक सुरक्षा अभिवृद्धि तथा उनीहरू विरुद्ध हुने हिंसालाई सम्बोधन गरी सुरक्षित आप्रवासन सुनिश्चित गर्न स्थानीय शासनको उत्तरदायित्व' विषयक अनुसन्धानका क्रममा महिलाले वैदेशिक रोजगार रोज्नुमा गरिबी, घरेलु हिंसा, एकल अभिभावकीय जिम्मेवारी, विदेश घुम्ने रहर, बेरोजगार तथा द्वन्द्व प्रमुख कारण औंल्याउनुभएको थियो ।

हुनत ती कारणहरू एकअर्कामा परिपूरक जस्ता देखिन्छन् । तर यी सबै कारणहरूको अन्तर्य घरपरिवारको जिम्मेवारी र बालबच्चाको हेरचाह प्रमुख रूपमा पर्दछ ।

७. महिलाको वैदेशिकबाट योगदान

महिलाको वैदेशिक रोजगारबाट जीविकोपार्जनमा योगदान पुगेको सरकारी तथा गैरसरकारी क्षेत्रको अध्ययन अनुसन्धानहरूबाट पुष्टि भएको विषय हो । राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा जनाइएअनुसार सन् २०११ मा कूल गार्हथ्य उत्पादनमा २३.५ प्रतिशत वैदेशिक रोजगारको योगदान थियो । सन् २०११ को नेपाल जीवनस्तर सर्वेक्षणको तथ्यांकअनुसार वैदेशिक रोजगारबाट नेपालमा भित्रिने विप्रेषण विगत १५ वर्षमा ३० गुणाले वृद्धि भएको छ, जो सन् १९९५/९६ मा सात अर्ब रुपैयाँ थियो भने सन् २००४/०५ मा ३५ अर्ब रुपैयाँ र सन् २०१०/११ मा दुई सय आठ अर्ब रुपैयाँ पुगेको पाइयो ।

केन्द्रीय तथ्यांक विभागले प्रकाशित गरेको 'नेपालको तथ्यांकीय झलक' २०६८ मा आ.व. २०६७/६८ मा विप्रेषणको रकम दुई सय ३१ अर्ब रुपैयाँ भनी जनाइएको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार आ.व. २०७२/७३ मा विप्रेषण आप्रवाह वृद्धि भई ६ खर्ब ६५ अर्ब पुगेको तथ्यांक सार्वजनिक गरेको छ । यसबाट कूल गार्हस्थ्य उत्पादनसँगको अनुपात २९.६ प्रतिशत पुगेको उल्लेख छ । वैदेशिक रोजगारीले नेपालमा बेरोजगारी दर घटाउन र नेपाली समाजको लागि सेफ्टी भल्वको भूमिका खेलेको राष्ट्र बैंकको दाबी छ । तर यो सकारात्मक पाटोको चर्चा गरिरहँदा महिला र त्यसमा पनि एकल महिलाको तथ्य र तथ्यांकलाई पनि हेक्का राख्नुपर्ने हुन्छ ।

महिलाको वैदेशिक रोजगार राज्य पक्षबाट ज्यादै नियमनमा पारिएको एउटा विषय हो । एशियाका केही मुलुक जस्तै नेपालले महिलालाई वैदेशिक रोजगारमा अतिरिक्त शर्तहरू तथा विभिन्न प्रतिबन्धहरू अवलम्वन गर्दै आएको छ । उदाहरणका लागि सन् १९८५ को वैदेशिक रोजगार ऐनले महिलालाई आफ्नो अभिभावकको स्वीकृतिबिना देश छोड्न निषेध गरेको थियो । सन् १९९८ को ऐनमा भएको दोस्रो संसोधनले यसको प्रतिबन्धात्मक प्रावधानलाई कायम राख्नुका साथै अभिभावकका अतिरिक्त सरकारको समेत अनुमति चाहिने प्रावधान थप गरेको थियो ।

कानी शेर्पा नामक नेपाली घरेलु कामदारहरूको कुवेतमा मृत्यु भएपश्चात् सरकारले नेपाली महिला कामदारहरूका लागि खाडी सहयोग परिषद् देशहरूमा जान पूर्ण प्रतिबन्ध लगायो । यो प्रतिबन्ध महिलाका लागि औपचारिक क्षेत्रको कामका लागिमात्र सन् २००३ मा आंशिक रूपमा हटाइयो भने घरेलु कामका लागि अझै प्रतिबन्धित अवस्था कायमै छ । विदेश जाने कामदारका लागि रक्षात्मक संयन्त्रहरू लागू गरेपछि सन् २०१० मा यी प्रतिबन्ध हटाइए

तालिका १ : महिलाको वैदेशिक रोजगारका कारणहरू

वैदेशिक रोजगारमा जानुका कारण	वैदेशिक रोजगारमा गएका महिलाको प्रतिशत
गरिबीका कारण	४१.२ प्रतिशत
घरेलु हिंसाका कारण	३.५ प्रतिशत
एकल अभिभावकको जिम्मेवारीका कारण	२.४ प्रतिशत
विदेश घुम्न मन लागेर	१५.३ प्रतिशत
श्रीमान्को साथ लागेर	२.४ प्रतिशत
बेरोजगार भएको कारण	३२.९ प्रतिशत
सशस्त्र द्वन्द्वका कारण	२.४ प्रतिशत
जम्मा	१०० प्रतिशत

स्रोत : वैदेशिक रोजगार विभाग (२०१८)

नेपालको महिला आन्दोलन र त्यसपछिको खुला र उन्मुक्त वातावरणले महिलासँग सम्बन्धित विषयहरू क्रमशः सम्बोधन हुँदै त गएका छन् तर त्यो पर्याप्त छैन । महिला आन्दोलनको प्रमुख एजेन्डा बनिरहेको महिलाका रोजगारका सवाललाई पनि सम्बोधन गर्न केही नीतिगत व्यवस्थाहरू गरेको छ । जस्तो नेपाल सरकारले २०६४ सालदेखि कार्यान्वयनमा ल्याएको लैंगिक उत्तरदायी बजेटका अवधारणाले केही घच्घचाएको छ । राज्यका नीति तथा कार्यक्रमलाई लैंगिक अवधारणाका आधारमा मूल्यांकन गर्ने यो पद्धतिले हरेक बजेट तथा कार्यक्रम ल्याइए प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ गरी तीन भागमा वर्गीकरण गरेर मूल्यांकन गर्ने पद्धतिको विकास भएको छ ।

तालिका २ : महिला कामदारको आवतजावतमा सरकारी रोकको सिलसिला

समयावधि	प्रतिबन्धको स्वरूप
१९८५-१९९८	महिलालाई वैदेशिक रोजगारमा जानका लागि अभिभावक (आमाबाबु, लोग्ने वा अन्य नातेदार) को स्वीकृति आवश्यक पर्ने ।
१९९८-२००३	खाडी मुलुकमा महिलाको आप्रवासनमा पूर्ण प्रतिबन्ध ।
२००३-२०१०	खाडी मुलुकमा महिलाको आप्रवासनमा आंशिक प्रतिबन्ध ।
जनवरी २००९-मे २००९	लेबनानमा घरेलु कामदारको रूपमा महिलालाई जान पूर्ण प्रतिबन्ध ।
२०१२ - मे २०१४	खाडी मुलुकमा ३० वर्षमुनिका महिलालाई घरेलु कामदारको रूपमा जान निषेध ।
मे २०१४ - अप्रिल २०१५	खाडी मुलुकमा सबै उमेरका आप्रवासी महिलालाई घरेलु कामदारका रूपमा भर्ती हुन पूर्ण प्रतिबन्ध ।
अप्रिल २०१५	पश्चात् (कार्यान्वयनका लागि विचाराधीनमा रहेको) खाडी मुलुकमा २५ वर्षमुनिका महिलालाई घरेलु कामदारको रूपमा काम गर्न निषेध ।
२०१५ अप्रिल देखि	महिलालाई घरेलु कामदारमा जान पूर्ण प्रतिबन्ध ।

स्रोत : वैदेशिक रोजगार विभाग (२०१८)

महिला कामदारका सन्दर्भमा भने वैदेशिक रोजगारमा गएका मध्ये सबैभन्दा बढी झापाबाट ८.८४ प्रतिशत गएको पाइन्छ । दोस्रो जिल्लामा सिन्धुपाल्चोक ७.५१ प्रतिशत, तेस्रोमा मोरङ ५.८० प्रतिशत, चौथोमा मकवानपुर ४.७५ प्रतिशत, पाँचौंमा काठमाडौं ४.७५ प्रतिशत महिला गएका छन् । काभ्रेबाट ३.९० प्रतिशत, सुनसरीबाट ३.५३ प्रतिशत, नुवाकोटबाट ३.५२ प्रतिशत, ईलामबाट ३.०७ प्रतिशत र चितवनबाट २.८६ प्रतिशत महिला वैदेशिक रोजगारमा गएका छन् । (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रतिवेदन २०१८) वैदेशिक रोजगारमा महिलाको सहभागिता विगतको दशकमा उल्लेख्य रूपमा वृद्धि भएको छ ।

पनि सन् २०१२ मा ३० वर्ष मुनिका कुनै पनि महिलालाई घरेलु कामका लागि मध्यपूर्वमा जान रोक लगाउने उद्देश्यले पुनः लागू गरियो ।

वर्तमान अवस्थामा असंगठित क्षेत्रमा महिला कामदारलाई श्रम स्वीकृति पूर्ण प्रतिबन्ध लगाइएको छ । परिणामतः नेपाली महिला घरेलु कामका लागि अनियमित माध्यमद्वारा औपचारिक प्रणाली प्रदान गर्न सक्ने कुनै पनि सुरक्षाको प्रत्याभूति बेगर मध्यपूर्वका देशहरूमा जाने क्रम अहिले पनि जारी छ ।

८. सवैधानिक व्यवस्था तथा नीति, कानुन एवं अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू

नेपालको संविधान २०७२ ले महिलाविरुद्ध असमानता तथा विभेद हुने व्यवस्थालाई पूर्णतः खारेज गरेको छ । संविधानको मौलिक हकमा नै महिलाको हक (धारा ३८) को व्यवस्था गरेर बिनालैंगिक विभेद वंशीय हक हुने उल्लेख छ । महिलामा शोषण विरुद्धको हक, समानुपातिक समावेशीको हक, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने उल्लेख छ ।

यसरी नै हरेक नागरिकसरह रोजगारीको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, समानता र स्वतन्त्रताको हक प्रत्याभूत गरिएको छ । लैंगिक समानता कायम गर्न विभिन्न कानुन तथा नियामावली पनि जारी भएका छन् । नयाँ संविधानअनुरूप परिमार्जन गर्ने काम जारी छ ।

संयुक्त राष्ट्रसंघले चीनको बेइजिङमा आयोजना गरेको चौथो विश्व सम्मेलन १९९५ महिला अधिकारका दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । जसको उपहारका रूपमा बेइजिङ कार्ययोजना पारित गरिएको थियो । यो कार्ययोजनाले महिलाउपर हुने सबै प्रकारका

गोलभेडा खेतीमा महिला

File Photo : iDE

भेदभाव उन्मुलनसम्बन्धी महासन्धि १९७९ र इच्छाधीन आलेख सन् १९९९ का १२ विषयलाई सम्बोधन गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । नेपालले यो महासन्धिलाई २२ अप्रिल १९९१ मा अनुमोदन गरिसकेको छ । यसका साथै विभिन्न अन्तर्राष्ट्रिय सन्दर्भहरू पनि लैंगिक समानतासँग जोडिएका छन् । विकासका दृष्टिले सहस्राब्दी विकास लक्षको चक्र पुरा गरेर सन् २०३० मा पुरा गर्ने गरी दीगो विकास लक्षमा छौं ।

यी समग्र राष्ट्रिय र अन्तर्राष्ट्रिय स्रोतहरूले महिलाको सहभागिता, महिलाको क्षमता अभिवृद्धि, महिलालाई लाभ र नियन्त्रणको सुनिश्चितता, महिलाको रोजगारी र आयआर्जनमा वृद्धि र महिलाको समयको प्रयोगमा गुणात्मक सुधार र कार्यबोझमा कमीजस्ता विषयलाई अगाडि सारिएका छन् । वास्तवमा यी औजारको सफल कार्यान्वयनले पारिश्रमिक विनाको कामको सन्दर्भलाई पनि सम्बोधन गर्ने अपेक्षा गरिन्छ ।

नेपालको महिला आन्दोलन र त्यसपछिको खुला र उन्मुक्त वातावरणले महिलासँग सम्बन्धित विषयहरू क्रमशः सम्बोधन हुँदै त गएका छन् तर त्यो पर्याप्त छैन । महिला आन्दोलनको प्रमुख एजेन्डा बनिरहेको महिलाका रोजगारका सवाललाई पनि सम्बोधन गर्न केही नीतिगत व्यवस्थाहरू गरेको छ । जस्तो नेपाल सरकारले २०६४ सालदेखि कार्यान्वयनमा ल्याएको लैंगिक उत्तरदायी बजेटका अवधारणाले केही घच्घचाएको छ ।

राज्यका नीति तथा कार्यक्रमलाई लैंगिक अवधारणाका आधारमा मूल्यांकन गर्ने यो पद्धतिले हरेक बजेट तथा कार्यक्रम ल्याइए प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ गरी तीन भागमा वर्गीकरण गरेर मूल्यांकन गर्ने पद्धतिको विकास भएको छ ।

यो पद्धतिका आधारमा मूल्यांकन गर्दा मुख्य पाँच सूचक र अन्य झन्डै ९८ वटा उपसूचकका आधारमा मूल्यांकन गरिन्छ । यी सूचक तथा उपसूचक पुरा हुने गरी लैंगिक

महिलाले गर्ने काम कृषि तथा हेरचाहमा (Care and agriculture work) लाई हालसम्म पनि उत्पादनशील कार्यको रूपमा मान्यता दिइएको छैन । उत्पादनका हरेक कार्यमा महिलाको प्रमुख भूमिका रहन्छ । यद्यपि महिलाले गर्ने कार्यलाई केवल सेवामूलक कार्यको रूपमा सीमित गरिएको छ । महिलाले गरिरहेका कार्यले समग्रमा देशको कूल ग्रार्हस्थ उत्पादनमा योगदान पुऱ्याउँछ । यद्यपि महिलाले गर्ने कामको मान्यता र सम्मान हुन सकेको छैन । कानुनमा महिलाका लागि समान सम्पत्ति अधिकारको व्यवस्था भए तापनि छोरासरह छोरीले पैतृक सम्पत्ति प्राप्त गर्न सहज छैन । भएका आर्थिक अधिकारहरूलाई पनि व्यवहारमा बदल्न अझै कठिन छ । देशको समग्र गरिबीको स्थितिले महिला विकासको क्रमलाई पनि प्रभाव पार्दछ ।

संवेदनशील कार्यक्रम राज्यका सबैले कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था छ । तर नेपाल सरकारको संघीय बजेट २१ प्रतिशतमात्र लैंगिक उत्तरदायी भएको सरकारकै मूल्यांकनमा उल्लेख छ (अर्थ मन्त्रालय, २०७५) । स्थानीय तहको हकमा स्थानीय तहका योजना तथा कार्यक्रम ११ प्रतिशत प्रत्यक्ष, १३ प्रतिशत अप्रत्यक्ष र ७६ प्रतिशत तटस्थ रहेको एक अनुसन्धानले देखाएको छ । (मीरेष्ट नेपाल, २०७२) यसकारण महिलाको रोजगारी महिला अधिकार, महिलाको संवैधानिक हक र स्थानीय सरकारको काम, कर्तव्य र अधिकारसँग जोडिएको विषय हो ।

अन्त्यमा,

आन्तरिक वा बाह्य बसाइँसराई समग्रमा आप्रवासन हो । आप्रवासन विभिन्न कारणले हुन्छन् । आप्रवासनबाट समाजलाई फाइदा र बेफाइदा दुवै हुनसक्छ । तर आजको खुला अर्थतन्त्र, पेशा र व्यवसाय रोज्ने अधिकार आदि कारण यस्तो आप्रबासन नियन्त्रित हुनु हुन्न । यसका लागि स्थानीय सरकारले विशेष भूमिका निर्वाह गर्न सक्छन् ।

खास गरेर स्थानीय सरकारका लागि संविधानको अनुसूची ८ मा उल्लेख भएको अधिकारको सूची र मौलिक हकको प्रत्याभूति दिलाउन विभिन्न कार्यक्रम दिन सकिन्छ । यस्तो कार्यक्रम स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेको तथ्यांक संकलन र परामर्समा मात्र केन्द्रित नरही बृहत्तर हित र रोजगारीलाई केन्द्रमा रहेर काम गरेका वर्तमान चुनौतीहरूको सामना सहज हुने देखिन्छ ।

सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान २०७२ ।
- श्रम तथा रोजगार मन्त्रालय (२०१७), वैदेशिक रोजगारका लागि श्रम आप्रवासन नेपालको स्थिति प्रतिवदेन २०१४/१५ ।
- प्रा डा चन्दा भद्रा (२०१२), आप्रवासी महिला कामदारहरूको आर्थिक सुरक्षा अभिवृद्धि तथा उनीहरू विरुद्ध हुने हिंसालाई सम्बोधन गरी सुरक्षित आप्रवासन सुनिश्चित गर्न स्थानीय शासनको उत्तरदायित्व प्रतिवेदन, महिला तथा बालबालिका मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई बुझाइएको ।
- मन्जु गुरुङ (२०७२), नेपालको स्थानीय शासनमा लैंगिक उत्तरदायी बजेट, काठमाडौं : मीरेष्ट नेपाल ।
- लोकतन्त्रका लागि संयुक्त राष्ट्रसंघीय कोष र मीरेष्ट नेपाल (२०७२) स्थानीय निकायमा लैगिक उत्तरदायी बजेट ।
- केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना-२०६८ ।

❖❖❖

नेपाली महिलाको स्वास्थ्य सेवामा पहुँच

चुनौती र समाधान

पद्मा माथेमा*

१. स्वास्थ्यको अवधारणा

स्वास्थ्यको अवधारणा स्वस्थ हुने चासोबाट सुरूआत हुन्छ । यस अवधारणाले व्यक्तिगत जीवनको सम्पूर्ण चक्र समेटेको हुन्छ । यो नै गुणात्मक जीवनको आधार पक्ष हो । स्वस्थ हुनु व्यक्तिको मौलिक अधिकार हो किनकि स्वस्थ जीवनको थालनी आमाको गर्भावस्थादेखि मृत्युसम्म रहेको हुन्छ ।

अतः जोकोहीलाई आशिर्वाद दिँदा निरोगी होस् भन्ने आशिर्वाद दिन्छौं र लिन्छौ पनि । साधारण भाषामा स्वस्थता भन्नाले शारीरिक र मानसिक स्वस्थता भन्ने बुझिन्छ । विश्व स्वास्थ्य संगठनको परिभाषा अनुसार, स्वास्थ्य भन्नाले व्यक्ति, परिवार, समुदाय र सम्पूर्ण समाजको शारीरिक, मानसिक तथा सामाजिक स्वस्थताको स्तर हो । जसअनुसार स्वास्थ्य भन्नाले रोगबाट मात्र स्वतन्त्र नभई व्यक्तिको शारीरिक, मानसिक र सामाजिक स्वस्थताबाट क्रियाशील जीवनयापन गर्न क्षमतावान हुनु नै स्वस्थ व्यक्तिको पहिचान हो । कुनै पनि व्यक्तिको क्रियाशीलता स्वस्थताले डोऱ्याएको हुन्छ न कि अस्वस्थ व्यक्तिबाट ।

महिला र पुरूषको स्वास्थ्य सेवाका आवश्यकताहरू विश्लेषण गर्दा आ-आफ्ना आवश्यकताहरू हुन्छन् र महिला भएकै कारणले प्रजनन् स्वास्थ्यले गर्दा किशोरावस्था देखि नै महिलाहरूको स्वास्थ्य सेवाका आवश्यकताहरू उनको जीवनचक्रसँग गाँसिने हुनाले बुढ्यौलीसम्म पनि महिला स्वास्थ्य सेवाको विकास, पहुँच र उपयोग हुने गरी महिला स्वास्थ्य सेवाको विकास गर्नुपर्ने हुन्छ ।

स्वास्थ्य क्षेत्रको विकासलाई सामाजिक क्षेत्रको विकासबाट मात्र गणना गरिएकोमा सन् १९७० को दशकमा प्रतिपादित नयाँ अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थाले स्वस्थ व्यक्तिको आवश्यकताका साथै स्वस्थ जनशक्ति कुनै पनि देशको आर्थिक सामाजिक विकासको पूर्वाधारको मान्यतालाई सहमति जनाई स्वास्थ्य क्षेत्रको लगानीले देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासलाई सघाउ पुऱ्याउने मान्यतालाई प्रतिपादन गरेको छ ।

२. अन्तर्राष्ट्रिय प्रतिवद्धता

संयुक्त राष्ट्र संघीय मानव अधिकारको विश्वव्यापी घोषणा सन् १९४८ ले स्वास्थ्यलाई पनि मौलिक अधिकारभित्र समावेश गरेको छ भने UN Convention on the Economic, Social and Cultural

* सामाजिक अर्थशास्त्री

स्वस्थ हुनु व्यक्तिको मौलिक अधिकार हो । स्वास्थ्य भन्नाले रोगबाट मात्र स्वतन्त्र नभई व्यक्तिको शारीरिक, मानसिक र सामाजिक स्वस्थताबाट क्रियाशील जीवनयापन गर्न क्षमतावान हुनु नै स्वस्थ व्यक्तिको पहिचान हो ।

Rights 1976 ले स्वास्थ्य क्षेत्रलाई मौलिक अधिकारको अंशको रूपमा अन्तर्राष्ट्रिय कानुनी मान्यता दिइएको छ । महिलाहरूको स्वास्थ्यको विशेष आवश्यकतालाई आधार मानी Convention on Elimination of All Forms of Discrimination Against Women-1979, Beijing Platform Action 1995 ले महिलाका लागि स्वास्थ्य सेवा र पहुँचबारे अन्तर्राष्ट्रिय प्रतिवद्धता जनाएको छ ।

यसको साथै International Conference on Population & Development (ICPD) ले प्रजनन् स्वास्थ्यलाई महिला अधिकारको स्तरमा स्थापित गरी प्रजनन् स्वास्थ्यलाई जीवन चक्रको स्वास्थ्य सूचकमा प्रतिपादित गरेको छ भने साथै Millennium Development Goal (MDG) 2000-2015 तथा Sustainable Development Goal (SDG) 2016-2030 का प्रमुख लक्ष तथा सूचक अन्तर्गत विशेषगरी स्वास्थ्य क्षेत्र र महिला स्वास्थ्य तथा यसका सूचकहरूलाई लक्षित सूचकमा समावेश गरिएको छ ।

संयुक्त राष्ट्र संघको नेपाल पनि सदस्य राष्ट्र भएकाले माथि उल्लेख गरिएका आह्वान तथा महासन्धिहरूमा सहभागी र हस्ताक्षरी राष्ट्र हो । राष्ट्रिय आवश्यकता अनुसार, महिलाहरूको स्वास्थ्य सेवाको विशेष पहुँच पुऱ्याउन राष्ट्रिय प्रतिवद्धता जनाइसकेको छ र सोही अनुसार नीतिगत रूपमा अंगीकार भइसकेको छ ।

३. नेपालको सन्दर्भ

नेपालको संविधानको भाग ३ धारा ३५ ले स्वास्थ्य सेवालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । स्वास्थ्य सेवा जनसाधारणलाई उपलब्ध गराउन राष्ट्रको दायित्व हुन आएको छ । यसका साथै स्वास्थ्यलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरी गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सहज, सुलभ र समान रूपमा पहुँच पुऱ्याउने संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्यमा उल्लेख गरिएको छ ।

राष्ट्रिय स्वास्थ्य नीति २०७१ ले सबै नेपाली नागरिक शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम हुने दूरदृष्टि सोच (Vision) लिएको छ भने आधारभूत मानव अधिकारको रूपमा सबै नागरिकको स्वास्थ्यको अधिकार सुनिश्चित गर्नु, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच वृद्धि गरी न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीका माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष रहेको छ ।

चौधौं योजना २०७३/७४-७५/७६ मा गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनाको पहुँचमार्फत् स्वास्थ्य र सवल नागरिक विकास गर्ने र सबै नागरिकहरूलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाहरू निशुल्क उपलब्ध गराउने लक्ष रहेको छ ।

देशले अपनाएको आवधिक, दीर्घकालीन राष्ट्रिय स्वास्थ्य नीति र स्वास्थ्य क्षेत्र रणनीतिहरूले गर्दा स्वास्थ्य क्षेत्रको विकासमा उल्लेखनीय प्रगति भएको छ । जसअनुसार, प्रतिकात्मक सेवाअन्तर्गत आधारभूत स्वास्थ्यको पहुँच ग्रामीण क्षेत्रको घरदैलोसम्म पुगेको छ भने विफर उन्मूलन, औलो नियन्त्रण, क्षयरोग नियन्त्रण, पोलियो उन्मूलनजस्ता प्रतिकात्मक सेवाहरू नियन्त्रण तथा रेखदेख अवस्थामा पुगेको छ । चिकित्सा सेवातर्फ पनि साधारण र विशिष्ट स्वास्थ्य सेवाको विकास भई मुटु, मृगौला प्रत्यारोपणजस्ता विशिष्ट स्वास्थ्य सेवाको विकास भएको छ ।

फलस्वरूप नेपालीहरूको स्वास्थ्य सूचकहरूमा औसत आयु ६९ वर्ष पुगेको छ भने चौधौं योजना अनुसार शिशु मृत्युदर र नवजात शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा क्रमशः ३३ र २३ पुगेको छ । पाँच वर्षमुनिका बाल मृत्युदर ३८ र मातृ मृत्युदर प्रतिलाखमा जीवित जन्ममा दुई सय ५८ पुगेको छ ।

यसको साथै औलो रोग उन्मूलन स्तरमा पुगेको र क्षयरोगीको पहिचान र उपचारमा सुधार आएको छ भने STD, HIV, Aids नियन्त्रण र फैलिने क्रममा न्यूनता आएको छ (स्रोत : चौधौं योजना) ।

४. महिलाहरूको स्वास्थ्य सेवामा पहुँच र प्रभाव

स्वास्थ्य क्षेत्रमा भएको विकास विस्तार तथा उपलब्धिमूलक प्रभावबाट महिलाको स्वास्थ्य सेवामा पहुँच र उपचार सेवाबाट महिला स्वास्थ्य स्तरमा पनि वृद्धि भएको पाइन्छ (Sustainable Development Goal-SDG) राष्ट्रिय योजना आयोगको प्रतिवेदन २०१७ अनुसार महिला स्वास्थ्यको स्तर निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ :-

तालिका नं १ महिला स्वास्थ्यको सूचक

स्वास्थ्य सूचक	वर्ष	
	सन् २०००	सन् २०१६
कूल प्रजनन् दर (१५–४९)	४.०	२.३
महिलाहरूको गर्भावस्था सेवा	६३%	८४%
स्वास्थ्य संस्थामा प्रसूति सेवा गराउने	९%	५७%
तालिम प्राप्त स्वास्थ्य कार्यकर्ताबाट प्रसुति सेवा गराउने	५५%	५८%
मातृ मृत्युदर (प्रति १००,००० मा जीवित)	५३९	२५८

स्रोत : SDG Report, राष्ट्रिय योजना आयोगको प्रतिवेदन २०१७

तालिका नं १ अनुसार, कूल प्रजनन् दर सन् २००० मा ४.० बाट २.३ मा झरेको छ। प्रसूति सेवा लिने गर्भवती महिलाहरू सन् २००० मा ९% बाट वृद्धि भई ५७% मा पुगेको छ। यी सेवाहरूबाट मातृ मृत्युदर सन् २००० बाट ५३९ (जीवित जन्म प्रतिलाख) बाट घटेर सन् २०१६ मा २५९ पुगेको छ। यसको साथै आधारभूत स्वास्थ्य सेवा, प्रतिकात्मक र चिकित्सा सेवाहरूको विस्तारबाट महिलाहरूको स्वास्थ्य स्तरमा सुधार ल्याउन पनि त्यतिकै सहयोग पुगेको छ भन्न सकिन्छ।

५. महिला लक्षित स्वास्थ्य सेवाहरू

सन् २०११ को जनगणना अनुसार, महिला जनसंख्याले ५१% प्रतिशत ओगटेको छ र प्रक्षेपित जनसंख्या अनुरूप २०१८ सम्ममा महिला जनसंख्याको १,४८,६४,३९३ पुगिसकेको प्रक्षेपित अनुमान छ। अतः देशमा स्वास्थ्य क्षेत्रको उपलब्धि, पहुँच र स्वास्थ्य नागरिकको स्थितिमा महिलाहरूको स्वास्थ्य स्थितिले अहं भूमिका खेलेको हुन्छ। स्वास्थ्य मन्त्रालय र विभागको वार्षिक कार्यक्रम अनुरूप बाल स्वास्थ्य, महिला स्वास्थ्य, रोग नियन्त्रण, चिकित्सा सेवा र सहयोगी कार्यक्रमअन्तर्गत विभिन्न कार्यक्रमहरू सञ्चालित छन्। तर यी कार्यक्रमहरूमा बालिका तथा महिलालक्षित खण्डीकृत लक्ष समावेश गरिएको छैन। उदाहरणमा विभिन्न रोगहरू, खोप कार्यक्रमले १५ वटा रोगहरू नियन्त्रण गर्ने र स्वासप्रस्वास, झाडापखाला, न्यूनपोषण कार्यक्रमले बालबालिकाको स्वास्थ्यमा सुधार ल्याउने लक्ष लिए तापनि यी कार्यक्रमहरू लैंगिक दृष्टिकोणबाट सम्वेदनशील भएको पाइँदैन।

परिवार स्वास्थ्य कार्यक्रम

परिवार स्वास्थ्य कार्यक्रम महिलालक्षित लैंगिक विषयगत कार्यक्रम हो र यस अन्तर्गत परिवार नियोजन, सुरक्षित मातृत्व र महिला स्वास्थ्य सेवा कार्यक्रमहरूको लक्षित क्षेत्र महिला नै रहेको छ।

राष्ट्रिय स्वास्थ्य नीतिले प्रतिकारात्मक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको प्रथम प्राथमिकता कार्यमा राखिसकेको छ। यस आधारमा औंलो, कुष्ठरोग, क्षयरोगहरूको नियन्त्रण र एचआइभी एडस् र STD रोग नियन्त्रण सम्बन्धी विविध कार्यक्रमहरू सञ्चालन गरिएको छ। तर यी कार्यक्रमहरू महिलालक्षित र लैंगिक संवदेनशीलता भएको पाइन्न। यसैगरी, प्राथमिक स्वास्थ्य केन्द्रमा प्रसूति स्वास्थ्यका लागि एक शैया छुट्याइए पनि जिल्ला, अञ्चल तथा क्षेत्रीय विभिन्न स्तरका अस्पतालहरूले पुऱ्याउने बहिरंग तथा अन्तरंग सेवाहरूको लैगिकता सम्बन्धी संवेदनशीलता भएको पाइन्न।

समग्रमा स्वास्थ्य सेवाहरू लैंगिक संवेदनशील नभई प्रजनन् स्वास्थ्य र जनसंख्या व्यवस्थापन अवधारणाबाट सञ्चालित छन्। Gender Assessment in Health Sector, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र (MWSW) Mainstreaming Gender Equity Program (MGED) २००२ ले स्थानीय तहमा स्वास्थ्य कार्यक्रम र परियोजनाको अध्ययनमा स्वास्थ्य कार्यक्रमहरू महिलालक्षित नभएको, महिला स्वास्थ्य विशेषज्ञको कमीले महिला स्वास्थ्य सेवाहरू प्रदानमा कठिनाई भएको र महिला वर्गभन्दा पुरूषवर्ग स्थानीय स्वास्थ्य सेवाहरूमा लाभान्वित भएका छन् भन्ने निष्कर्ष निकालिएको छ।

यसका साथै अनुगमन तथा मूल्यांकन सूचकमा पनि लैंगिक दृष्टिकोणको कमी भएकाले स्वास्थ्य सम्बन्धी विविध सेवाबाट के कति महिला लाभान्वित भएका छन् भन्ने लेखाजोखा गर्न सकिन्न। नेपालको वर्तमान स्वास्थ्य सेवाहरूको कार्यक्रम तथा संस्थागत संरचनामा लैंगिक सम्वेदनशीलता नभएकाले यी सेवाहरूबाट देशको पितृप्रधान संरचना, आर्थिक सामाजिक र सांस्कृतिक संरचना महिलाहरूको घरकाज दोहोरो दायित्व, आर्थिक निर्भरता, अशिक्षा, स्वास्थ्य चेतनाको कमी, परम्परागत अन्धविश्वास आदि कारणहरूले गर्दा महिलाहरूको स्वास्थ्य सेवामा पहुँच कमभई महिला वर्गमा स्वास्थ्यको प्रभाव न्यून भएको पाइन्छ। महिला अस्वस्थ र मृत्युको सम्भावनामा परेका हुन्छन्। स्वास्थ्य सेवाको प्रगति सकारात्मक देखिए पनि

स्वास्थ्य क्षेत्रमा भएको विकास तथा विस्तारले गर्दा महिला स्वास्थ्य सेवाको पहुँचमा संख्यात्मक तथा गुणात्मक वृद्धि गरी महिला स्वास्थ्य स्तरमा प्रभावकारी स्तरबाट वृद्धि गर्न नीतिगत, संस्थागत तथा कार्यक्रमहरूको विकास तथा विस्तार भइसकेको छ ।

लैंगिक, सामाजिक, भौगोलिक तथा शारीरिक अपांगताका कारणबाट विकासबाट टाढा रहेका बस्तीहरूमा शिशु तथा बाल मृत्युदर, मातृ मृत्यु दर, बढी नै भएको देखिन आउँछ। यसको साथै बजेट व्यवस्था गर्न पनि समस्या छ। लैंगिक संवेदनशील बजेट पनि कार्यक्रमहरूको संरचनाले गर्दा महिला स्वास्थ्य सेवाहरूका लागि आवश्यक बजेट व्यवस्था हुन सकेको देखिन्न।

२०७२ वैशाख १२ गतेको भूकम्पले निम्त्याएको महिला समस्या, हावापानीको मौसमी परिवर्तनले निम्त्याएको स्वास्थ्यसम्बन्धी समस्या अर्को चुनौती छ। अतः स्वास्थ्य सेवालाई समतामूलक पहुँच पुऱ्याउने भनिए पनि महिलाको स्वास्थ्य सेवाको विकास तथा विस्तारमा यसअनुरूप हुन सकेको पाइन्न। काठमाडौं, पोखरा, विराटनगरजस्ता सहरी क्षेत्रहरूमा औसत आयु ६९ वर्ष भनिए पनि हुम्ला, जुम्लाजस्ता ग्रामीण क्षेत्रमा औसत आयु ५० को हाराहारीमा मात्र छ भन्ने वास्तविकता विभिन्न प्रतिवेदनहरूले देखाउँछ। अन्य स्वास्थ्य सूचकहरूको असमान भिन्नताका खाडल पनि गहिरा नै रहेका पाइन्छन्।

६. चुनौती र समस्याहरू

विद्यमान स्वास्थ्य सेवाको पहुँच तथा उपयोगमा विभिन्न प्राविधिक, औषधी उपकरण, सामाजिक तथा आर्थिक कठिनाइले गर्दा महिलाले आफूलाई आवश्यक परेको बेला स्वास्थ्य सेवाको पहुँचबाट टाढा हुनु परेको छ।

१. प्राविधिक रूपमा स्वास्थ्य सेवाहरूको भवन तथा आवश्यक औजार उपकरणको कमी, तालिम प्राप्त तथा अनुभवी जनशक्तिहरूको कमी, महिलाहरूको आवश्यकताअनुरूप जाँच्ने कोठा, छुट्टै शौचालयको अभाव।

२. सामाजिक परिवेशमा बाल विवाह, छोराको चाहना, महिनावारी हुँदाको धार्मिक सामाजिक विभेद प्रजनन् स्वास्थ्यबारे नबोल्ने र यसमा भएका सामाजिक नकारात्मक धारणाहरू जातीय सामाजिक भेदभाव भाषाको बुझाईमा सीमितता र सूचनाको अज्ञानता र मौनताको संस्कृतिले गर्दा महिलाको आफ्नै गाउँठाउँको स्वास्थ्य सेवा र सुविधा उपयोगमा न्यून सहभागी हुने वातावरण छ।

३. घरको कामको बोझ र आर्थिक परनिर्भरताले गर्दा आफ्नो स्वास्थ्य परीक्षणमा चासो नदेखाएकाले गर्दा पनि महिलाहरूमा स्वास्थ्य सेवामा पहुँचको कमी आएको पाइन्छ।

अवसरहरू

स्वास्थ्य क्षेत्रमा भएको विकास तथा विस्तारले गर्दा महिला स्वास्थ्य सेवाको पहुँचमा संख्यात्मक तथा गुणात्मक वृद्धि गरी महिला स्वास्थ्यसम्बन्धी प्रभावकारी नीतिगत, संस्थागत तथा कार्यक्रमहरूको विकास तथा विस्तार भइसकेको छ।

आधारभूत स्वास्थ्य प्रतिकारात्मक र विशेषज्ञ सहितको स्वास्थ्य संरचनाहरू ग्रामीण स्तरदेखि नै चिकित्सा सेवाको उच्च स्तरसम्म देशव्यापी सञ्जाल विस्तार हुनु, आधारभूत स्वास्थ्य कार्यकर्तादेखि उच्चस्तरका स्वास्थ्य जनशक्तिको उत्पादनमा आत्मनिर्भर हुनु, आधुनिक उपकरण उपयोगमा वृद्धि अत्याधुनिक सञ्चार प्रविधिको उपयोग, महिलामा स्वास्थ्य चेतना वृद्धि हुनु आदिका साथै देशमा यातायात विस्तार र व्यवस्थित हुँदै गएकाले महिला स्वास्थ्य सेवाको पहुँच र प्रभाव सकारात्मक हुने अवसरहरू प्राप्त भएको छ।

राष्ट्रिय स्वास्थ्य नीति, आवधिक योजना, सहरी स्वास्थ्यको नीति तथा स्वास्थ्य क्षेत्रका रणनीतिको कार्यान्वयन संस्थागत व्यवस्थामा सुधार आउने अवसर छ।

७. सुझावहरू

महिलाको स्वास्थ्य सेवामा पहुँच र प्रभावकारी बनाउन उपलब्धि तथा अवसरहरूको आधारमा अपनाउनु पर्ने भविष्यका उपायहरू निम्नअनुसार सूचीकृत गरिएका छन् :-

१. स्वास्थ्य क्षेत्रमा हासिल भएका उपलब्धिहरूको विश्लेषण गरी स्वास्थ्य नीति, चौधौं योजनाको स्वास्थ्य नीति तथा SDG Goal लाई आधार मानी महिला स्वास्थ्य सेवाहरूलाई प्रजनन् तथा अन्य स्वास्थ्य सेवाहरूमा समानतामूलक सेवा प्रदान गर्ने।

जनसाधारणको विशेषगरी प्राथमिक स्वास्थ्य सेवामा पहुँच पुगेको छ र स्वास्थ्यको स्तरमा वृद्धि भई उत्साहजनक उपलब्धी हासिल गरेको छ। महिलाहरूको स्वास्थ्यमा पनि औसत आयमा वृद्धि, मातृ मृत्युदरमा कमी, परिवार नियोजन, सुरक्षित मातृ स्वास्थ्यका विशेष वित्तीय प्रोत्साहन तथा स्वास्थ्य चौकीहरूमा बर्थिङ सेन्टर, तालिमप्राप्त नर्सहरूबाट प्रसूति सेवा आर्थिक प्रोत्साहन कार्यक्रमहरूले गर्दा प्रजनन् स्वास्थ्य सेवाको स्तर वृद्धि भई महिलाहरूको प्रजनन् अधिकार पनि सुरक्षित हुन पुगेको छ।

२. प्रजनन् स्वास्थ्यलाई जीवनचक्र स्वास्थ्य प्रणालीमा रूपान्तरण गरी बालबालिका स्वास्थ्य, किशोरकिशोरी स्वास्थ्य, युवा र महिला स्वास्थ्य तथा जेष्ठ नागरिक स्वास्थ्यको आधारमा विस्तार तथा विकास गर्ने।

३. उमेर नपुग्दै विवाह गर्दा पर्ने समस्यालाई विचार गरी २० वर्ष उमेरको कानुनी व्यवस्थालाई नियमन गरी विवाह दर्ता प्रणालीलाई प्रभावकारी बनाइने।

४. महिला शिक्षालाई कम्तिमा उच्च माध्यमिक शिक्षासम्म पुऱ्याउन छात्रवृत्ति, छात्राबास र पढाई तथा रोजगारीको अवसरको वातावरण सिर्जना गर्ने तथा आत्मनिर्भर बनाउने।

५. कार्यक्रमहरूमा महिला/पुरूषको खण्डित लक्ष निर्धारण गर्ने जसले गर्दा महिलाहरूको स्वास्थ्य सेवामा पहुँचको लेखाजोखा गर्न सहज बनाउने।

६. महिला स्वास्थ्यको चेतना अभिवृद्धि गर्न तालिम, छलफल तथा सूचनामूलक कार्यहरू सञ्चालन गर्ने ।

७. महिला स्वास्थ्य सेवाको विषयगत आवश्यकता विचार गरी स्वास्थ्य संरचना छुट्टै कोठा र शौचालय आदिको व्यवस्था गर्ने ।

८. स्वास्थ्यको जनशक्ति व्यवस्थामा साधारण तथा प्रजनन् स्वास्थ्य जनशक्तिको लैंगिक समानताका आधारमा पदस्थापन तथा सुविधाहरूको व्यवस्था गर्ने ।

९. सामुदायिक सहभागिताले महिला स्वास्थ्य सेवाको पहुँच तथा प्रभावकारितालाई पुऱ्याउन सक्ने योगदानलाई उपलब्धिमूलक बनाउन जनचेतना अभिवृद्धि र स्रोत परिचालन तथा प्रभावकारी व्यवस्थापनसहित परिचालन गर्ने ।

१०. स्वास्थ्य सेवाको अनुगमन तथा मूल्यांकन महिला/पुरूष खण्डीकृत तथ्यांक संख्यात्मक तथा सूचनाको विकास तथा विस्तार गर्ने ।

११. महिलाहरूको स्वास्थ्य क्षेत्रमा पहुँच र प्रभावबारे सामाजिक लेखापरीक्षण कार्यक्रमबाट स्वास्थ्य सेवामा महिला पहुँच र स्वास्थ्य स्तर वृद्धिको लेखाजोखा गर्ने ।

१२. महिला स्वास्थ्यको पहुँचको कमी र अस्वस्थताको प्रमुख कारणमा महिला विरूद्धको विभेदकारी व्यवस्था भएकाले महिलालक्षित स्वास्थ्य नीति, रणनीति तथा कार्यक्रमहरू अपनाइएका महिलाको सर्वाङ्गीण विकासका लागि आर्थिक सामाजिक र साँस्कृतिक समानता र सशक्तीकरण नीति, रणनीति कार्ययोजना अपनाउने ।

१३. महिला हिंसा, चेलीबेटी बेचविखन, बोक्सी, दाइजो प्रथा आदि जसको प्रभावबाट महिला स्वास्थ्यमा पर्ने असरलाई न्यूनीकरण तथा निर्मूल गर्न सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने ।

१४. स्वास्थ्य नीति, रणनीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकनमा लैंगिक समानता, सामाजिक, आर्थिक, भौगोलिक आवश्यकताको स्थितिलाई योजना चक्रकै रूपमा समावेश गरी पहुँच र प्रभावकारिताको आधारमा अपनाई महिला स्वास्थ्य स्तरको स्थिति लेखाजोखा गर्ने ।

८. निष्कर्ष

राष्ट्रिय स्वास्थ्य नीति, आवधिक योजना, स्वास्थ्य क्षेत्र कार्यक्रमहरूका (NHSP) दस्तावेजहरूले नेपालको संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक अधिकारको रूपमा रूपान्तरण गर्ने महत्वपूर्ण भूमिका खेलेको मान्न सकिन्छ । यसअनुसार, जनसाधारणको विशेषगरी प्राथमिक स्वास्थ्य सेवामा पहुँच पुगेको छ र स्वास्थ्यको स्तरमा वृद्धि भई उत्साहजनक उपलब्धि हासिल गरेको छ । महिलाहरूको स्वास्थ्यमा पनि औसत आयमा वृद्धि, मातृ मृत्युदरमा कमी, परिवार नियोजन, सुरक्षित मातृ स्वास्थ्यका विशेष वित्तीय प्रोत्साहन तथा स्वास्थ्य चौकीहरूमा बर्थिङ सेन्टर, तालिम प्राप्त नर्सहरूबाट प्रसूति सेवा आर्थिक प्रोत्साहन कार्यक्रमहरूले गर्दा प्रजनन् स्वास्थ्य सेवाको स्तर वृद्धि भई महिलाहरूको प्रजनन् अधिकार पनि सुरक्षित हुन पुगेको छ ।

यी उपलब्धिहरूलाई महिलालक्षित नीति, कार्ययोजना र कार्यक्रमहरू पृष्ठभूमिमा केलाई हेर्दा महिला स्वास्थ्य सेवाहरू प्रजनन् स्वास्थ्यमा केन्द्रित भएको र महिलाहरूको अन्य आवश्यक स्वास्थ्य क्षेत्रको पहिचान हुन सकेको भने पाइन्न । स्वास्थ्य सेवाको विकास, विस्तार र पहुँचमा महिलाहरूको स्वास्थ्य सेवाको पहुँचमा तुलनात्मक आधारमा न्यून रहेको देखिन्छ । कार्यक्रम, कार्यान्वयन र अनुगमनको सम्पूर्ण पक्षमा लैंगिक तटस्थता र न्यूनताले गर्दा महिलाहरूको स्वास्थ्य सेवामा पहुँच र उपलब्धि लेखाजोखा गर्न सकिन्न ।

अतः अबको स्वास्थ्य योजनाले लैंगिक समानता र समावेशी सहभागितालाई पनि आधार बनाई नीतिगत आधारमा महिलाहरूको स्वास्थ्य सेवाको पहुँचमा सहजता एवं सरलतालाई पनि आधार बनाउनुपर्ने देखिन्छ । स्वस्थ महिलाले आफूमात्र नभई परिवार र समुदायलाई पनि स्वस्थ बनाउन अहं भूमिका खेल्न सक्छ ।

सन्दर्भ सामग्री

१. चौधौं योजना २०७३/७४ – २०७५/७६, नेपाल सरकार, वार्षिक योजना आयोग

२. नेपालको संविधान २०७२

३. राष्ट्रिय स्वास्थ्य नीति २०७१

४. लैंगिक र सामाजिक वञ्चितीकरण लेखाजोखा २०११, भोलम २, क्षेत्रगत श्रृंखला मोनोग्राफ ४, एडिबी बैंक एण्ड विश्व बैंक

५. Annual Report Development of Health Service 2073-74, Vol. of Nepal, Ministry of Health

६. Gender Assessment in the Health Sector, Ministry of Women, Children and Social Welfare, Jan 2002

७. Overview on Gender Equality and Social Inclusion in Nepal, Asian Development Bank, 2010

८. Primary Health Care in Nepal, Padma Mathema

❖❖❖

स्थानीय तह
न्यायिक अधिकारको अभ्यास

सीता ढुंगाना*

लामो संघर्षपछि नेपालमा नेपाली जनताको चाहना अनुरूप संघीय स्वरूपको समावेशी लोकतान्त्रिक राज्य प्रणालीको स्थापना भयो । जसको परिकल्पना नेपालको संविधान २०७२ ले गरेको हो ।

संविधानको प्रथम कार्यान्वयनको सूत्रपातसँगै स्थानीय तहको निर्वाचन भयो र यसै संविधानले परिकल्पना गरे बमोजिमको सबै तहको निर्वाचनबाट देशमा अहिले जनप्रतिनिधिमूलक शासन प्रणाली संस्थागत भइसकेको छ । २० वर्षसम्म जनप्रतिनिधिविहीन रहेको स्थानीय तहमा सम्पन्न भएको स्थानीय निर्वाचनले जनतामा अगाध उत्साह र अपेक्षा थपिदिएको छ ।

संविधानमा उल्लेख भएका तीन तहका सरकारमध्ये स्थानीय सरकार (विगतको स्थानीय निकाय) हो । सरकार हुनका लागि तीनवटा निकाय कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका क्रियाशील हुन जरुरी हुन्छ र अहिले स्थानीय तहमा त्यसको अभ्यास पनि सुरु भइसकेको छ । जसमध्ये संविधानको धारा २१७ बमोजिमको स्थानीय तहमा एक न्यायिक समिति अर्थात् न्यायपालिका विल्कुल नयाँ अभ्यास हो । कार्यपालिका र व्यवस्थापिका भने यस अघिकै अभ्यास हुन् ।

स्थानीय तहको न्यायिक समितिलाई केही न्यायिक अधिकार निर्णय वा फैसलामार्फत् विवाद निरूपण गर्ने गरी र केही अधिकार मेलमिलाप मार्फत् निरूपण गर्ने गरी प्रत्यायोजन गरिएको छ । जसका कारण जनतामा न्याय प्राप्तिको उत्साह थपिएको छ । स्थानीय तहमा नै न्याय निरूपणको विषयलाई प्रभावकारी बनाउन सके समाजमा आपराधिक क्रियाकलाप कम हुन सक्ने र घटेका घटना माथि तुरुन्त छानबिन गर्न सहज हुने देखिन्छ । स्थानीय निर्वाचन पछिको एक वर्षलाई हेर्दा स्थानीय तहमा न्यायिक समिति प्रभावकारी र जनताको हितमा हुने देखिएको छ । अहिले न्यायिक समितिले निर्णय गर्न सक्ने १२ प्रकारका विवाद र मेलमिलापबाट निरूपण गर्न सक्ने दस प्रकारका विवाद छन् । संघीय तथा प्रदेश कानुनले स्थानीय तहबाट निरूपण हुने भनी तोकिएका अन्य विवादहरू साथै प्रचलित कानुनबमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति बादी भएर दायर गर्ने देवानी प्रकृतिका मुद्दाहरू छन् ।

अब मेलमिलापबाटै न्याय

यसअघि यी र यस्ता प्रकारका विवादहरू प्रहरी वा अदालतमा जाँदामात्र मुद्दाको रूपमा दायर गर्न सकिन्थ्यो । विकल्पमा समाज बसेर मिलाउने वा मिलाउने नाममा पीडितलाई अनावश्यक दबाब पर्न गई नकारात्मक परिणामसमेत आउन सक्ने अवस्था थियो । गरिबी, अशिक्षा र कानुनी चेतनाको कमीका कारण धेरै पीडित पीडा आफैंभित्र लुकाएर बस्न पनि बाध्य हुन्थे । यसकारण पनि सबैमा न्यायको सहज पहुँच पुग्न नसक्ने अवस्था थियो । स्थानीय तहमा न्यायिक समिति गठन भई यसले काम गर्न थालेपछि भने यस्ता प्रकारका असहजता र न्याय प्रक्रियाको जटिलतामा कमी हुँदै गएको छ ।

जनप्रतिनिधिले न्यायिक जिम्मेवारी सम्हाल्दै गर्दा जनताको माझमै रहने र अन्याय भएको महसुस हुँदा वा समाजमा कुनै घटना घट्दा न्यायिक समिति समक्ष आउनुस् भन्ने गरेकाले पीडितलाई घटना बाहिर ल्याउन सहज भएको छ । एउटा सामान्य अनपढ र ग्रामीण भेगका त्यसमा पनि महिला तथा बालबालिकालाई प्रहरी वा अदालत धाउने विषय सामान्य होइन । उसले आफू अन्यायमा परेको कुरा आफूले सहन सक्ने हदसम्म घरबाट बाहिर पनि निकाल्दैन, सकेसम्म न्याय पाउनका लागि त्यही ठाउँमा संघर्ष गर्छ ।

* उपाध्यक्ष, गजुरी गाउँपालिका

न्यायिक समितिमा न्याय पाइन्छ भन्ने कुरा यति धेरै प्रचार भएको छ कि ४५ वर्षदेखिको अन्याय सहेर बसेका पीडितहरू जो न्याय कहाँ गएर कोसँग माग्ने समेत थाहा नभएकाहरू अहिले न्यायिक समितिको सम्पर्कमा आएका छन् ।

• • •

जनप्रतिनिधि एउटा न्यायाधीशको भूमिकामा रहिरहँदा पनि जनताको मतको उच्च कदर गर्दै फेरि पनि स्वयंसेवी भावनाले जनताको दैलोमै पुगेर विवाद मिलाउने काम गरिरहेका छन् । नयाँ संरचनामा बनेको स्थानीय सरकारको यो सञ्चालन प्रक्रिया पहिलो हुनु, निर्वाचन पश्चात्को केही महिना स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन तथा न्यायिक समिति सञ्चालन सम्बन्धी अन्य निर्देशिका ल्याउनुमा संघीय सरकारले केही ढिलाई गर्नु र ऐन नबनी न्यायिक समिति गठनसमेत गर्न नसकिने नीतिगत अड्चन देखिएको छ ।

• • •

स्थानीय तहमा मुद्दाहरू यति धेरै आउन थालेका छन् कि स्थानीय सरकारको प्रतिनिधि कहिले स्रेस्तेदार त कहिले अभिलेख प्रशासक अनि कहिले न्यायाधीश बनेर बहुभूमिकामा काम गर्नु परिरहेको छ । धेरै जसो घटनाहरूको स्थलगत अनुगमन गरी सर्जिमिनसमेत गर्नुपर्ने हुँदा न त सवारी साधनको व्यवस्था छ न त फिल्ड अनुगमनका लागि अन्य सेवा सुविधा ।

लैंगिक तथा घरेलु हिंसाका कतिपय घटनाका पीडित मध्ये थोरैमात्र अन्तिममा साहस बटुलेर सबै सम्बन्धहरू तोडेपछि मात्र न्याय पाउने आशामा प्रहरी वा अदालतसम्म पुग्ने गर्दछन् । यस्तो अवस्थामा सबै स्थानीय तहमा न्याय निरूपण गरिने व्यवस्थाले उजुरीको रूपमा दर्ता हुने घटनाका सङ्ख्यामा वृद्धि भएको छ भने विगतमा प्रहरी वा अदालत जाने उजुरीको संख्यामा पनि कुनै कमी भएको छैन । यसबाट स्थानीय तहमा सुरु गरिएको न्याय निरूपण प्रक्रियाले सर्वसाधारणले छिटो छरितो न्याय पाउने कुरामा सहज भएको र आफ्नो अधिकार सम्बन्धी चेतनामा पनि वृद्धि भएको बुझ्न सकिन्छ ।

कतिपय घरेलु तथा लैंगिक हिंसाका घटनाहरू, अंशवण्डाका विवादहरू, जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेका अवस्थाहरू, नाबालक छोराछोरी वा पतिपत्नीलाई इज्जत आमद अनुसार खान र लाउन नदिएका घटनाहरू घरभित्र वा समाजमै मिलाउन पर्छ भन्ने थियो । घर बाहिर लान हुन्न भन्ने आदर्श वा डर धम्कीका कारण पनि घटना तथा विवादहरू भित्रै लुक्ने र लुकाउने गरेको पाइन्थ्यो । जतिबेला थोरैमात्र उजुरीहरू अदालत वा प्रहरीकोमा पुग्थे तर हाल स्थानीय तहमा न्यायिक अभ्यासको सुरुआत भएपश्चात् जनप्रतिनिधिलाई जनताले आफ्नै साथी वा अविभावक सम्झिएको पाइएको छ । आफू अन्यायमा परेको कुरा परिवारको अन्य व्यक्तिसँग समेत नभनी सबैभन्दा पहिले जनप्रतिनिधि अर्थात् न्यायिक समितिका संयोजक वा सदस्यहरूसँग के गर्दा हुन्छ, म यस्तो पीडामा छु, कहाँ जाने ? जस्ता प्रश्न सोध्ने गरेका छन् ।

न्यायाधीशको भूमिकामा महिला

जनप्रतिनिधि एउटा न्यायाधीशको भूमिकामा रहिरहँदा पनि जनताको मतको उच्च कदर गर्दै फेरि पनि स्वयंसेवी भावनाले जनताको दैलोमै पुगेर विवाद मिलाउने काम गरिरहेका छन् । नयाँ संरचनामा बनेको स्थानीय सरकारको यो सञ्चालन प्रक्रिया पहिलो हुनु, निर्वाचन पश्चात्को केही महिना स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन तथा न्यायिक समिति सञ्चालन सम्बन्धी अन्य निर्देशिका ल्याउनुमा संघीय सरकारले केही ढिलाई गर्नु र ऐन नबनी न्यायिक समिति गठनसमेत गर्न नसकिने नीतिगत अड्चन देखिएको छ ।

यसका कारण सुरुका केही महिना न्यायिक समिति र स्थानीय सरकारसमेत अन्योलमा रह्यो । त्यसो त अब यस्ता उजुरी आफ्नै गाउँघरकै सरकारमा दायर गर्न पाइन्छ । यो वास्तविकताले जनप्रतिनिधिको पद बहाली लगत्तै न्याय माग्नेको भीड न्यायिक समितिमा बढ्नु स्वाभाविक थियो र हो पनि । यद्यपि सीमित स्रोत र साधनका कारण सुरुका दिनमा न्याय प्रक्रियामा भने निकै नै जटिलता रह्यो । स्थानीय तहमा निर्वाचित हुने सबै जनप्रतिनिधि कानुन पढेको हुनु असम्भव हुनसक्छ यो समय र अवस्थामा । अदालतमा हुने सबै प्रक्रिया पुरा गरेर एउटा विवाद निरूपण गर्ने कार्य आफैंमा सहज छैन ।

न्यायिक समितिको संयोजक अर्थात् न्याय सम्पादन कार्यको प्रमुख भूमिकामा रहने उपप्रमुख विकास कार्यको सहयोगी, योजना कार्यान्वयन अनुगमन संयोजक लगायत थुप्रै विषयको संयोजनकारी भूमिकामा समेत काम गर्नुपर्ने हुन्छ । यी सबै जिम्मेवारी निभाउनका लागि जनशक्ति लगायत अन्य स्रोत साधन भने ज्यादै न्यून हुनुले स्थानीय तहमा न्याय सम्पादन अझै सहज हुन सकेको छैन । स्थानीय तहमा एकजना कानुन अधिकृतको दरबन्दी छुट्याइएको छ तर पनि कर्मचारी समायोजनको काम १४ महिना बितिसक्दा पनि हुन नसक्दा कानुन अधिकृत बिनै न्याय सम्पादन गर्न बाध्य छन् स्थानीय तह र न्यायिक समितिहरू । यसरी दक्ष जनशक्ति विना नै काम गर्दा न्यायिक समितिले सम्पादन गरेका कतिपय काम अपूर्ण हुनसक्छन् र अर्थपूर्ण नहुन पनि सक्छन् ।

'न्यायिक समिति संयोजकको भूमिका न्यायाधीशको जस्तो' भनिएको छ, अदालतमा न्यायाधीशले छलफल र बहस सुनिसकेपछि अन्तिममा फैसला सुनाउन पाउँछ । हाम्रोमा पीडितका निवेदनहरू रित पुगेर नआउने, कहिले

पीडितहरू निवेदनबिनै उजुरी माग्न आउने गर्छन् । यस्तो बेला आफैंले निवेदन उजुरीको फर्म्याटमा टाइप गरेर आफ्नै समितिमा दायर गर्न लगाउनु पर्ने र उजुरीकर्ताको निवेदन परिसकेपछि जवाफकर्ताले लिखित रूपमा प्रतिवादी पेश गर्नुपर्ने हाम्रो ऐनमै तोकिएको छ । तर पनि लिखित जवाफ नआउने, सिधै छलफलमा सहभागी गराउनु पर्ने बाध्यता साथै छलफलमा सम्बन्धित असम्बन्धित व्यक्ति सबै ह्वारह्वार्ती छलफल कक्षमा प्रवेश गर्ने भएकाले ऐनले तोकेको प्रक्रियामा ल्याई न्याय सम्पादन गर्न एकदम कठिन छ । कर्मचारी नभएका कारण आफू जनप्रतिनिधि भएकाले कडा बोलेर प्रक्रियामा ल्याउन पनि असहज हुँदै असहजतामा नै बित्यो पहिलो वर्ष ।

४५ वर्षपछि न्यायको खोजी

केन्द्रीय सरकारले स्थानीय तहका सबै दरबन्दी अनुसार कर्मचारी नपठाउँदा न्यायिक समितिले सचिवालय पनि बनाउन सकेका छैनन् । जनप्रतिनिधिले नै विभिन्न भूमिकामा रहेर काम गर्न परेको छ भन्नलाई न्यायाधीशको पद बनेको धादिङ सिद्धलेक गाउँपालिकाकी उपाध्यक्ष कमला शर्मा भनाई छ । न्यायिक समितिमा न्याय पाइन्छ भन्ने कुरा यति धेरै प्रचार भएको छ कि ४५ वर्षदेखिको अन्याय सहेर बसेका पीडितहरू जो न्याय कहाँ गएर कोसँग माग्ने समेत थाहा नभएकाहरू अहिले न्यायिक समितिको सम्पर्कमा आएको उनको भनाई छ ।

न्यायिक समितिमा दर्ता नै गर्न नमिल्ने खालका घटनासमेत सिद्धलेकमा आएका छन् । त्यस्ता घटनाहरूको प्रकृति हेरी अन्यत्र सिफारिससमेत गर्ने गरेको अवस्था छ । विविध प्रकृतिका न्यायको खोजी भइरहँदा पनि स्थानीय सरकारसँग भौतिक संरचनाको अभावमा बस्ने कोठा र कर्मचारी नहुनुले न्यायिक समितिले सोचे जति प्रभावकारी ढंगले काम गर्न भने सकेको छैन । न्यायाधीश बनेकी कमला शर्माको जस्तै अनुभव छ, धेरै उपप्रमुख र उपाध्यक्षहरूको ।

'जनतामा न्यायिक समिति प्रतिको अपेक्षा एकदमै धेरै भएको तर यो कानुनी विषय र नयाँ अभ्यास पनि भएका कारण यसको सुरुमै न्यायिक समितिका संयोजक तथा सदस्यहरूलाई धेरै अभिमुखीकरण तथा तालिमहरू हुनुपर्नेमा कुनै निकायबाट पनि त्यो हुन नसक्नुले काममा अन्योलता छाएको र जसरी ऐन बनेको छ सोही अनुसार काम गर्न आवश्यक पूर्वाधार तथा जनशक्ति नै नभएको गंगाजमुना गाउँपालिकाकी उपाध्यक्ष एञ्जिला तामाङको पनि छ ।

नुवाकोट बेलकोटगढी नगरपालिकाकी उपप्रमुख कविता ढुंगानासँग चुनावअगाडि नै उपप्रमुख भनेको न्यायाधीश हो भन्ने प्रचार भएकाले पद बहालीसँगै जनताको फोन आउन थालेको अनुभव छ । 'ल तपाई हामीले भोट हालेको जनप्रतिनिधि तुरुन्त यहाँ आएर मलाई न्याय दिनुपर्‍यो' भन्ने मागलाई कविता सामना गर्नु परेको पनि न्यायिक समिति र स्थानीय सरकारकाको विशेषता बनेको छ । उपप्रमुख ढुंगानाले यसका लागि एउटा प्रक्रिया हुने जानकारी दिँदै न्यायिक समितिमा निवेदन दिनुपर्ने प्रक्रियाबारे जानकारी गराउनु परेको थियो । प्रक्रियापछि त्यसका आधारमा पक्ष एवं विपक्षहरूको कुरा सुनेपछि विवाद निरूपण गर्ने बुझेपछि पीडितले भने, 'हामीले छानेका जनप्रतितिनिधिबाट पनि पहिलेजस्तै न्याय पाउन अनेक झन्झट व्यहोर्नुपर्ने हो भने तपाई स्थानीय सरकारको प्रतितिनिधि भएको के काम ?' भन्ने अभिव्यक्ति पनि बेलकोटगढीमा आइसकेका छन् । न्यायिक समिति प्रतिको जनतामा बुझाई र अपेक्षा प्रक्रिया र पद्धतिभन्दा धेरै फरक छ ।

स्थानीय तहमा न्यायिक अधिकारको अभ्यास गर्दा ऐन बमोजिमको प्रक्रियामा जनतालाई बुझाउन नै सुरुका दिन चुनौतीपूर्ण रह्यो भने हालसम्म पनि त्यो जटिलता कायमै छ । यसलाई कम गर्दै लैजान र स्थानीय तहको न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाउन पर्याप्त दक्ष जनशक्तिको व्यवस्थापन अन्य स्रोत साधनको उलब्धताबाट मात्र सम्भव हुने देखिन्छ । अहिले कै संरचनामा काम गर्नु र हामी पहिले सामाजिक कार्यकर्ता भएर काम गर्नु एउटै छ । यसमा केही फरकपन

दिन सकिँदैन तर औपचारिक न्याय सम्पादन गर्न आवश्यक धेरै कुरा स्थानीय तहमा अपुग छ ।

न्यायिक समितिमै अन्याय

स्थानीय तहमा मुद्दाहरू यति धेरै आउन थालेका छन् कि स्थानीय सरकारको प्रतिनिधि कहिले स्रेस्तेदार त कहिले अभिलेख प्रशासक अनि कहिले न्यायाधीश बनेर बहुभूमिकामा काम गर्नु परिरहेको छ । धेरै जसो घटनाहरूको स्थलगत अनुगमन गरी सर्जिमिन समेत गर्नुपर्ने हुँदा न त सवारी साधनको व्यवस्था छ न त फिल्ड अनुगमनका लागि अन्य सेवा सुविधा । त्यसमा पनि न्यायिक समितिमा परेका उजुरीहरूको विषयमा जातिगत दबाब, राजनीति दबाब, सामाजिक अगुवाहरूबाट आउने दबाबले काम गर्ने वातावरण नै नहुने अनुभव छ गोरखा पालुङटार नगरपालिकाकी उपप्रमुख पम्फा बस्यालको ।

विशेषगरी जग्गादलालका कारण जग्गा कित्ताकाट गर्दाका विवाद, गाउँमा बाटो खन्दा पानीको मुहान पुरेको, बाटो खन्दा नै व्यक्तिको जग्गा मासिएको, घरेलु हिंसामा परेकाजस्ता उजुरीहरू न्यायिक समितिमा आउँदा उजुरीसँगै अन्य दबाब पनि आउने गरेको समितिका संयोजकहरूको भनाई छ । स्थानीय तहका भएभरका विवाद उपप्रमुखको हो भन्ने सबैमा परेको मानसिकताले पनि समिति स्वयं अन्यायमा छ ।

सानाभन्दा साना उजुरी पनि समाजमा मिलाउन नखोज्ने र मेलमिलाप केन्द्र अथवा वडामा पनि छलफल नगराउने प्रवृत्तिले न्यायिक समितिका संयोजक तथा सदस्यहरू वर्षैभरि यस्तै विवादमा मात्र अल्झिरहनु परेको छ ।

न्याय प्रदान गर्ने क्रममा उपप्रमुख र उपाध्यक्षको अन्य विकासका काममा तथा नीतिनिर्माण गर्ने ठाउँमा नेतृत्व लिने अवसर गुम्दै गएको छ । यस्तै कारणले उपप्रमुख/उपाध्यक्षको पदलाई विवादमा ल्याउन सक्ने, उपप्रमुख/उपाध्यक्षको तुलनामा प्रमुख/अध्यक्षहरू स्वतन्त्र हुन पाउने देखिएको छ ।

नेतृत्व विकासमा सहभागी हुन समितिको संयोजन गर्नेहरू विभिन्न झमेलामा पनि फस्न पर्ने हुनाले विवाद समाधान गराउन सक्दा वा नसक्दा पनि उपप्रमुख/उपाध्यक्षहरू सबै खाले मुद्दामा मात्र अल्मलिनुपर्ने चुनौति देखिएको छ । यसले उनीहरूमा अन्य क्रियाशीलता र नयाँपन दिन नसक्ने सम्भावना बढेको थाक्रे गाउँपालिकाकी उपाध्यक्ष अम्बिका रूपाखेतीको भनाई छ ।

र, अन्त्यमा

स्थानीय तहको न्यायिक समितिलाई स्थानीय अदालतको रूपमा विकास गरेर न्याय सम्पादन गर्न सक्दा स्थानीय तहमा न्यायिक अभ्यास प्रभावकारी हुन सक्नेमा दुई मत छैन । अन्यथा उपप्रमुख/उपाध्यक्षहरूलाई २४ घन्टे तनाव दिलाउने साथै विवादमा फसाउन सक्ने काम हुनसक्ने प्रष्ट छ । यसको पुष्टिका लागि गजुरीको एउटै घटना काफी छ । 'रातको ११ बजे श्रीमान्ले घरबाट निकालिए । मकैबारीमा नौ महिनाको बच्चा लिएर बसेको छु मलाई न्याय दिनुस् भनेर फोन आउँछ', गजुरी गाउँपालिका न्यायिक समिति सदस्य शोभा चेपाङको यो भनाइले समितिको ऐना देखाएको छ, 'न न्यायिक समितिलाई गाडीको सुविधा छ उठाएर ल्याउनलाई, न कुनै यस्ता उद्दार कोष छ ।'

नगर प्रहरीको व्यवस्थापन स्थानीय तहमा भएको छैन । यस्तो व्यवस्था भए रातको समयमा प्रहरी पठाउन सकिने र न्यायिक समितिले समयमै काम गरेन भन्ने आलोचनाबाट मुक्ति मिल्नेछ । स्थानीय बासिन्दामा न्यायिक समितिले उजुरी परेको एक घण्टाभित्र न्याय दिलाइदेओस् भन्ने अपेक्षा छ ।

यी विविध चुनौतिका बाबजुद, स्थानीय तहलाई एउटा अवसर पनि छ । त्यसमा पनि महिला नेतृत्वलाई ता कि न्यायिक अभ्यासको राम्रो सुरुआतले उनीहरूमा निखारतामात्र ल्याउने छैन कि पीडितले समयमै र सहज ढंगले उचित न्यायसमेत पाउनेछन् ।

❖❖❖

कतिपय घरेलु तथा लैंगिक हिंसाका घटनाहरू, अंशवण्डाका विवादहरू, जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेका अवस्थाहरू, नाबालक छोराछोरी वा पतिपत्नीलाई इज्जत आमद अनुसार खान र लाउन नदिएका घटनाहरू घरभित्र वा समाजमै मिलाउन पर्छ भन्ने थियो । घर बाहिर लान हुन्न भन्ने आदर्श वा डर धम्कीका कारण पनि घटना तथा विवादहरू भित्रै लुक्ने र लुकाउने गरेको पाइन्थ्यो । जतिबेला थोरैमात्र उजुरीहरू अदालत वा प्रहरीकोमा पुग्थे तर हाल स्थानीय तहमा न्यायिक अभ्यासको सुरुआत भएपश्चात् जनप्रतिनिधिलाई जनताले आफ्नै साथी वा अविभावक सम्झिएको पाइएको छ ।

व्यक्तित्व

डा. उषा झा

सदस्य,
राष्ट्रिय योजना आयोग

डा. उषा झा यतिबेला राष्ट्रिय योजना आयोगकी सदस्य हुनुहुन्छ। उहाँले आयोगमा शिक्षा र स्वास्थ्य क्षेत्रको जिम्मेवारी पाउनु भएको छ। यस बाहेक उहाँ रूचिका कारण महिलाका विषयमा पनि उत्तिकै चासो लिने र काम गर्ने गर्नुहुन्छ।

सम्झौता नेपाल नामक गैरसरकारी संस्थाकी प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गरिसकेकी झाको नेतृत्वमा गरिएको नेपालको स्थानीय विकास प्रकृयामा महिलाको क्षमता विकास लेखाजोखा सम्बन्धी अध्ययनले भविष्यमा नेतृत्व सम्हाल्ने महिलाहरूका लागि उचित सुझाव प्रस्तुत गरिएको छ। उहाँ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा थिंक ट्यांकका रुपमा हुनुहुन्छ। उहाँ ग्लोबल फन्ड नेपालको कन्ट्री कोअर्डिनेटिङ मेकानिज्म, युएन वुमन नेपालको सिभिल सोसाइटी एड्भाइजरी ग्रुप, नेशनल एनजीओज ग्रुप नेटवर्क अगेन्स्ट एड्स इन नेपालमा अध्यक्ष हुनुहुन्छ।

वर्ल्ड बैंकको सहयोगमा सञ्चालित प्रोग्राम फर एकाउन्टेबिलिटी इन नेपालको ग्रान्ड मेनेजमेन्ट कमिटिमा रहेकी उहाँले राष्ट्रिय योजना आयोगको राष्ट्रिय विकास परिषद्मा सदस्य भएर पनि काम गरिसक्नु भएको छ।

आफूले आर्जन गरेको ज्ञान, कामका विषय र त्यसबाट बटुलेका अनुभवलाई झाले अमेरिका, बेलायत, कम्बोडिया, भियतनाम, थाइल्याण्ड, केन्या, तान्जेनिया, फिलिपिन्स, बंगलादेश र भारतमा कार्यपत्र प्रस्तुत गर्नुभएको छ।

विभिन्न संघ संस्थाका काममा टिम लिडर र नेशनल कन्सल्ट्यान्ट बनेर पनि उहाँले थुप्रै काम गर्नुभएको छ। जेन्डर इक्वालिटी एन्ड सोसल इन्क्लुजन र थुप्रै क्रस कटिङ मुद्दाहरुमा सम्झौता नेपालमा प्रमुख प्रशासकीय अधिकृत भएर नेपालका थुप्रै जिल्लामा सन् २०१० देखि काम गरिरहेकी झाले त्यसअघिका दुई वर्ष युएनएफपिएमा कम्युनिटी डेभलपमेन्ट एन्ड सोसल इन्क्लुजन स्पेसलिस्टका रुपमा काम गर्नुभएको थियो।

युएनएफपिएमा काम गर्नुअघि उहाँले सात वर्ष सम्झौता नेपालमै प्रमुख प्रशासकीय अधिकृत बनेर काम गरिसक्नु भएको थियो। त्यसअघि प्याक्ट इन्कमा तीन वर्ष इकोनोमिक डेभलपमेन्ट कोअर्डिनेटरको जिम्मेवारी सम्हालिसक्नु भएको थियो। सरकारी र गैरसरकारी संघसंस्था र कार्यालयमा मात्रै झाको कार्यानुभव छैन, उहाँले सन् १९९५ देखि २००१ सम्म क्याम्पस चिफ बनेर थुप्रै विद्यार्थीको जीवन बदल्नु भएको थियो। लमजुङको इन्स्टिच्यूट अफ एग्रिकल्चर एन्ड एनिमल साइन्समा उहाँले नेतृत्व सम्हाल्नु भएको हो। त्यस अघिका एक दसक पनि उहाँको अध्यापनमै बितेको थियो। उहाँले चितवनस्थित रामपुरको इन्स्टिच्यूट अफ एग्रिकल्चर एन्ड एनिमल साइन्समा एकेडेमीसियनका रुपमा काम गर्नु भएको हो।

❖❖❖

CAPACITY ASSESSMENT OF ELECTED LOCAL LEADERS TO DEVELOP A MEANINGFUL CAPACITY DEVELOPMENT PROGRAM

SUPPORTING LOCAL DEVELOPMENT PROCESS

Source: Samjhauta Nepal & The Asia Foundation

Executive Summary

Women's political participation in local level elections in 2017 as per New Constitution, 2015 is found to be encouraging than that of Constituent Assembly elections held in November 2013. The last local level elections were held in 1997 and women's political participation was only 20 percent. Election this year was held in newly structures seven provinces which is divided into 6 metropolitan cities, 11 sub-metropolitan cities, 276 municipalities and 460 rural municipalities.

However, women's political participation in decision making role is not much satisfactory as the majority of women elected were for the posts as Deputy Mayors or Vice-Chairpersons in the Municipality and Village Councils. This was because all the political parties had entirely given the deputy and the vice-chairperson post to women, all against the spirit of GESI in New Constitution.

The best part of the whole process of local election is that the number of women's representatives has increased and it will compulsorily be a little more than 40 %.Women's political participation has been recognized internationally as an important measure of the status of women in any particular country. Hence, in recent years, women's participation in politics has received significant attention across the world and Nepal is not an exception to this. However, women remain seriously underrepresented in decision-making positions.

Samjhauta Nepal, under the technical and financial support from The Asia Foundation, conducted a capacity assessment of elected local leaders targeting women's capacity to develop a meaningful capacity development program supporting local development process and enhanced engagement of women with full information and confidence.

The variables to understand the capacities of locally elected leaders were their education level, their understanding of Gender Equality and Social Inclusion per New Constitution 2015, understanding of Local Governance Act 2074, understanding of roles and responsibilities of the newly elected members, assumptions against realities- before and after election, challenges being faced by them at home/community and workplace and areas of capacity development to them and others around to create an environment of support for women and dalit to run their office.

The research method was totally qualitative with some quantitative interpretations

Based on the situation, some short term recommendations are made to immediately start so that newly elected leaders are not misled. Sharing of research findings would be the part of research to validate the findings. GESI orientation to elected men and women together will help them understand basics of GESI and they can start practicing it from the very beginning before it is too late, sharing of successes of struggle by Deputies/ how have they managed to come to this point/how are they planning to manage further would give good messages to the fresh leaders who are struggling lot and development of training modules focussing on legal provision. This will keep them all engaged for now and we will have some time to coordinate and consult for long term plans.

based on the individual interviews. The tools used were Focus Group Discussions, Individual Interviews and Key Informant Interviews.

About 197 elected men, 190 elected women, 20 Mayor/chairperson and 20 Deputy Mayor/Chairperson were engaged from 10 Municipalities, 10 rural municipalities of 20 districts- Dhankutta, Sindhuli, Nawalparasi, Kaski, Dolakha, Rasuwa, Kailali, Surkhet, Dang and Kaski.

Strategically women, before coming to the Focus Group Discussions, were interviewed individually so that they are able to speak their mind. The information received from II with women, FGD with men and women were further validated through Key Informant Interview.

The research findings show that men and women at the Municipality level are better placed in all of the indicators as most of them are literate, had some political exposure before being nominated for the position, have heard and understood a little bit of provisions made for promoting women's and dalit participation in local governance, have heard of GESI but have not experienced it in behaviour, not clear understanding of their new roles/responsibilities, have a little bit of communication/ coordination/negotiation capacity and not lots of threat at work place though not much engaged yet.

Whereas most of elected men/women local leaders are illiterate, sign any document without reading- always at threat at workplace, don't have knowledge of New Constitution and GESI, no knowledge of local governance act 2074, no information about their roles and responsibilities and always at threat when outside of home as community defines women stay out for a long time from home as 'characterless'. Most of them are economically very very poor and there is no support to them. They have to walk a long distance to come to these meetings and also manage their time. So there is an indirect agreement for signing the document.

Based on the situation, some short term recommendations are made to immediately start so that newly elected leaders are not misled. Sharing of research findings would be the part of research to validate the findings. GESI orientation to elected men and women together will help them understand basics of GESI and they can start practicing it from the very beginning before it is too late, sharing of successes of struggle by Deputies/ how have they managed to come to this point/how are they planning to manage further would give good messages to the fresh leaders who are struggling lot and development of training modules focussing on legal provision. This will keep them all engaged for now and we will have some time to coordinate and consult for long term plans.

Long term planning will be developed after sharing the findings with different external development partners so that all of them can join hands and avoid duplications. The long term program needs to target basic literacy to those who are illiterate; technical trainings like computer/ mobile/ internet use trainings; training module development targeting different issues like GESI, Local Governance Act 2074, Judicial Committee roles and responsibilities and a continuous plan to do the follow up.

Since this data will create a baseline, it will be important that we do a six-monthly follow up and understand the process of social transformation in line with New Constitution. Continuous success documentation, publication and distribution to all the stakeholders will be a very empowering tool for this mass.

❖❖❖

The research findings show that men and women at the Municipality level are better placed in all of the indicators as most of them are literate, had some political exposure before being nominated for the position, have heard and understood a little bit of provisions made for promoting women's and dalit participation in local governance, have heard of GESI but have not experienced it in behaviour, not clear understanding of their new roles/responsibilities, have a little bit of communication/ coordination/negotiation capacity and not lots of threat at work place though not much engaged yet.

व्यक्तित्व

मञ्जुदेवी गुरुङ

उपप्रमुख,
पोखरा लेखनाथ
महानगरपालिका

मञ्जुदेवी गुरुङ्ग पोखरा लेखनाथ महानगरपालिकाको उपप्रमुख पदमा हुनुहुन्छ। उहाँले २०३६ सालदेखि कम्युनिष्ट पार्टीप्रति झुकाव राख्नुभयो। पृथ्वीनारायण क्याम्पसमा पढ्ने मामाकै प्रेरणाबाट नेकपा एमालेप्रति झुकाव रहन पुग्नुभएकी उहाँ त्यसैमा रमाउँदै जाँदा आज पोखरा लेखनाथ महानगरपालिकाको उपप्रमुख पदमा हुनुहुन्छ।

गुरुङले २०५० सालदेखि सक्रिय रुपमा राजनीति गर्नुभएको हो। उहाँ स्याङ्जाको सिरुबारीमा २०१८ मंसिर १६ गते जन्मिनुभएको हो। २०३८ सालमा माध्यमिक तह (एस.एल.सी) उत्तीर्ण र उच्च शिक्षाका लागि पोखरा आउनु भएकी उहाँले २०४० सालदेखि पोखरामै बसोबास गर्नुभएको हो।

महानगरपालिकाको उपप्रमुख पदमा पुग्दा उहाँलाई चुनौती र अवसर दुवै प्राप्त भएको महसुस भएको छ। देशका सात सय ५३ वटा स्थानीय तहमध्ये भूगोलको दृष्टिकोणले सबैभन्दा ठूलो महानगर र ५१ प्रतिशत जनसंख्याको राजनीतिक भविष्य जोडिएकाले काम गर्ने मौकालाई अवसर साथै चुनौति दुवैका रुपमा लिएको उहाँको भनाई छ।

नेपालको संविधानको धारा २१७ अनुसारको काम न्यायिक समितिको संयोजक र राजश्व परामर्श समितिको संयोजकको भूमिका निर्वाह गरिरहनुभएको छ। योजना अनुगमन साथै विकास निर्माण र जनसम्पर्कमा रहेर पोखराबासीलाई सुखी र खुसी देख्न चाहनु भएको छ।

चार वर्षपछि कस्तो हुने महानगर ?

- नागरिकको आधारभूत आवश्यकता परिपूर्ति गर्दै सुविधा सम्पन्न नगर बनाउने।
- शिक्षाको हव बनाउने।
- पर्यटनको विकास र कृषिको विकास गर्दै स्मार्ट सिटी (SMART City) बनाउने चरणमा पुग्ने।

राजनीतिका क्रममा सामना गर्नुपरेका चुनौती

- २०४९ सालमा ३२ वर्षको उमेरमा श्रीमानको मृत्यु।
- घर चलाउन, बालबच्चा पढाउन, हुर्काउन निजी स्कूलमा शिक्षण पेशामा आवद्ध।
- कठिन परिस्थितिमा पनि पार्टीमा निरन्तरता- वडा-नगर-क्षेत्र-जिल्ला कमिटि सचिवालय सदस्य, पार्टीमा मात्र नभई जनवर्गीय संगठनमा पनि काम गर्नुपरेको।
- वडा-नगर-क्षेत्र-जिल्ला हुँदै हाल अखिल नेपाल महिला संघको जिल्ला समिति कास्कीको अध्यक्ष।

❖❖❖

स्वशासन अध्ययन प्रतिष्ठानका गतिविधिहरू

स्थानीय तहका पदाधिकारीलाई क्षमता विकास तालिम

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको छ। नेपालको राज्य शक्तिको प्रयोग तीनै तहबाट संविधान तथा कानुनबमोजिम हुने व्यवस्था गरिएको छ। यस व्यवस्थाअनुसार राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनै तहको एकल र साझा अधिकार किटान गरेको छ।

तीन तहका सरकारले संविधान र कानुनको सीमाभित्र रही अधिकार क्षेत्रको स्वायत्त रूपमा प्रयोग गर्ने जिम्मेवारी निर्धारण गरेको छ। समयमा आफूलाई आवश्यक पर्ने ऐन कानुन निर्माण गरी नागरिकका मौलिक हक परिचालनमा सहजीकरण गर्ने तथा हक अधिकारको परिचालनबारे अनुगमन तथा नियन्त्रण नियमन गर्ने कानुन तथा संयन्त्र निर्माण गर्नु अझ महत्वपूर्ण दायित्व हो। वर्तमान अवस्थामा नेपालमा ७७ जिल्ला सभा, २९३ नगरपालिका (महानगर ६, उपमहानगर ११, नगरपालिका २७६) र ४६० गाउँपालिका छन्। नगर/गाउँपालिकामा कूल ६ हजार ७ सय ४३ वडा छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको काम, कर्तव्य, अधिकार र कार्य पद्धतिको बारेमा स्पष्ट व्यवस्था गरेको छ। यो व्यवस्थाअनुसार काम गरी सरल र सहज ढंगले सार्वजनिक सेवा प्रवाह गर्नु सबै नगरपालिका/गाउँपालिकाको जिम्मेवारी हो। यसै विषयलाई ध्यानमा राखी स्वशासन अध्ययन प्रतिष्ठानले प्याक्ट/साझेदारी विकास परियोजना/युएसएआइडीसँगको सहकार्यमा वडा समितिका पदाधिकारीको लागि क्षमता विकास तालिम प्याकेज (तालिम पाठ्यक्रम, म्यानुअल र स्रोत पुस्तिका) तयार गरेको छ।

प्याक्टको सहयोगमा यस सामग्रीको प्रयोग गरी विभिन्न नगर/गाउँपालिका महिला सदस्यहरूको लागि तीन दिने क्षमता विकास तालिम आयोजना सम्पन्न भएको छ। यसबाट महिला जनप्रतिनिधिहरूको क्षमता विकासमा सहयोग पुगेको छ। प्रतिष्ठानले तयार गरेको यो सामग्री नेपालका सबै नगर/गाउँपालिकाहरूका लागि उपयोगी छन्।

पोखरा-लेखनाथ महानगरपालिकाको राजश्व सम्भाव्यता अध्ययन

स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न आवश्यक व्यवस्था गरेको छ। यस ऐनले स्थानीय सरकारको कार्य सञ्चालनमा सघाउ पुग्ने गरी संगठन संरचना निर्माण गर्ने, कर्मचारी तथा विज्ञहरूको व्यवस्थापन गर्ने, आन्तरिक तथा बाह्य वित्तीय स्रोतको पहिचान र परिचालन गर्नेलगायत संघ र प्रदेश सरकारसँगको सहयोग र समन्वयमा सार्वजनिक सेवालाई चुस्तदुरूस्त बनाउने वातावरण सिर्जना गरिदिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (२) (घ) ले स्थानीय तहलाई स्थानीय कर, सेवा शुल्क तथा दस्तुर तोक्ने अधिकार दिएको छ। दफा (४) (घ) मा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क समेतबाट राजश्व असुलउपर गर्ने व्यवस्था गरेको छ।

सोही ऐनको परिच्छेद ९ दफा ५४ देखि ६४ सम्म स्थानीय तहको वित्तीय अधिकार क्षेत्रका बारेमा व्यवस्था गरिएको छ। यी अधिकारहरू प्रयोग गर्न स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति जस्ता संरचनाहरूको व्यवस्था गरी स्थानीय तहको वित्तीय स्रोत व्यवस्थापन, योजना तर्जुमा, कार्यान्वयन र सेवा प्रवाहको अवस्थामा सुधार ल्याउने कानुनी व्यवस्था गरिएको छ।

नगरपालिकाहरूले आफूलाई आवश्यक कर्मचारी दरबन्दी प्रस्ताव गर्दा आवश्यक तलब, भत्ता, सञ्चय कोष, योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचारजस्ता सेवा सुविधाका लागि लाग्ने खर्च र व्यहोर्ने स्रोतसमेत स्पष्ट खुलाउनुपर्ने हुन्छ। यसका लागि गाउँपालिका वा नगरपालिकाको विद्यमान राजश्वका स्रोतहरू र सोको परिचालन क्षमतासम्बन्धी अध्ययन हुनु आवश्यक छ। स्थानीय सरकारले आफ्नो राजश्व पर्याप्त मात्रामा परिचालन गरेरमात्र स्वायत्तताको अभ्यास गर्न सक्दछ।

त्यसकारण निर्वाचनका बेला आफूले जनतासमक्ष गरेको बाचा कार्यान्वयन गर्न कुनै पनि स्थानीय तहले आफ्नो आन्तरिक आयबाट हुन सक्नेसम्म बढी आय गर्नुपर्दछ। यसै तथ्यलाई ध्यानमा राख्दै स्वशासन अध्ययन प्रतिष्ठानले स्थानीय निकाय वित्तीय आयोगको सचिवालय र पोखरा-लेखनाथ महानगरपालिकासँगको सहकार्यमा पोखरा-लेखनाथ महानगरको राजश्व सम्भाव्यता अध्ययन गरेको छ।

यस अध्ययनले महानगरको हालको वित्तीय अवस्था र भविष्यमा प्राप्त हुनसक्ने थप स्रोतको अनुमान गरेको छ। यस प्रतिवेदनले औंल्याएका विषयहरूको सम्बोधन गर्दै कार्य गर्न सकेमा महानगरको राजश्व वृद्धि हुन सक्दछ। यो प्रतिवेदन नेपालका अन्य नगरपालिकाहरूको लागि समेत उपयोगी हुनेछ।

कमलामाई र पनौती नगरपालिकामा युवा रोजगारीको अवस्था

युवा रोजगारीको बिषय संसारका सबै मुलुकको चासो र व्यवस्थापन गर्नुपर्ने बिषय भित्र पर्छ। नेपालमा पनि कूल जनसंख्याको झण्डै ४३ प्रतिशत युवा (१६-४० बर्ष) भएकाले यो उमेरका मानिसका लागि शिक्षा, स्वास्थ्यमा सहज पहुँचको व्यवस्था मिलाई देश विकासका विभिन्न क्षेत्रमा परिचालन गरेर सक्षम युवा समृद्ध राष्ट्रको मान्यता कायम गर्नु नितान्त आवश्यक छ। तर स्वदेशमा आवश्यक रोजगारी सजिलै प्राप्त नहुँदा कतिपय नेपाली युवा विदेशिन बाध्य भएका छन्।

२०७२ बैशाख १२ गतेको महाभूकम्प पछिको पुनःस्थापना तथा पुनःनिर्माणको अवस्थामा आईपुग्दा राज्यमा दक्ष, योग्य सक्षम युवा जनशक्तिको अभाव खड्कियो। अर्कोतर्फ बैदेशिक रोजगारीमा धेरै समस्या आएकाले सुरक्षित आप्रवास र स्वदेशमै रोजगारीका अवसर सृजना गरी युवा वर्गलाई बिदेशिनबाट रोक्नु पर्ने अवस्था सृजना भैसकेको छ। यसै विषयलाई ध्यानमा राख्दै स्वशासन अध्ययन प्रतिष्ठानले युवा तथा खेलकुद मन्त्रालयसँगको सहकार्यमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका र काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिकामा युवा रोजगारीको सम्भावनासम्बन्धी अध्ययन गरेको छ।

नगरपालिकाको कूल २४,५२७ युवा जनसंख्या मध्ये करिव २८.०८ प्रतिशत र पनौती नगरपालिकाको २०,३३९ युवा जनसंख्या मध्ये करिव २६.६८ प्रतिशत मात्र पूर्णरूपमा रोजगारीमा लागेको देखिएको छ। प्राप्त विवरण अनुसार यस अध्ययनका लागि छनौट भएका दुवै नगरपालिकाहरू तुलनात्मक रूपमा युवा जनसंख्या धेरै देखिएको छ। यी दुई नगरपालिकाको तुलना गर्दा कमलामाईका धेरै युवा वैदेशिक रोजगारीका लागि गएका छन् भने पनौतीमा बेरोजगार युवा धेरै देखिएका छन्।

पोखरा खेलकुद शहर सम्भाव्यता अध्ययन

खेल स्वास्थ्यका लागि र स्वस्थ खेलाडी देशका लागि भन्ने कुरा धेरै पहिलेदेखि सुनिदै आएको विषय हो। खेलकुद शहरको विकास आधुनिक सभ्यतासँग पनि जोडिएको छ। खुल्ला र खाली चौरलाई खेल खेल्ने स्थानको रूपमा मानव सभ्यताको सुरू देखिकै उपयोग गरिँदै आएको हो।

हालैको वर्षहरूमा खुल्ला चौरको सट्टा व्यवस्थित खेल मैदान तथा रंगशालाहरू निर्माण गर्दै विभिन्न खेलकुद प्रतियोगिताहरू संचालन गर्ने क्रम बढेको छ। आधुनिक सुविधा सम्पन्न रंगशाला, भौतिक पूर्वाधार निर्माण, स्वास्थ्य सुविधा, यातायात तथा संचार सुविधा, पार्किङ्ग स्थल, आराम गृह, चमेना गृह, स्नानघर, शौचालयसहितको खेल मैदानहरू र भोजन तथा आवासको सुविधा, मनोरञ्जन स्थल, शान्ति सुरक्षा र स्थानीय वातावरण खेलकुद शहरका न्यूनतम् आवश्यकताहरू हुन्।

युवा तथा खेलकुद मन्त्रालयले पोखरा र

आसपासको क्षेत्रलाई समेटेर खेलकुद शहरको विकास गर्ने लक्ष लिएको छ। यसै सन्दर्भमा स्वशासन अध्ययन प्रतिष्ठानले मन्त्रालयसँगको सहकार्यमा पोखरा खेलकुद शहर संभाव्यता अध्ययन कार्य सम्पन्न गरेको छ। पोखराको भौगोलिक, सामाजिक तथा भौतिक पूर्वाधारको अवस्थालगायत खेल र खेलाडीको अवस्थालाई समेत आधार मानी यो अध्ययन भएको छ। यसले पोखरालाई खेलकुद शहरको रूपमा विकास गर्नका लागि अपनाउनु पर्ने नीति तथा रणनीतिगत योजना तर्जुमा गर्ने आधार तयार गरेको छ।

पोखरा जल, आकास र जमिन तिनै ठाउँमा खेलिने खेलका लागि महत्वपूर्ण शहर नै रहेछ। यहाँ खेलकुदप्रति समाजका सबै उमेर, वर्ग र पेशाको चासो भएको पाइयो। सेती नदीको पूर्वी किनारमा अवस्थित ४१७ रोपनी क्षेत्रफलमा फैलिएको पोखरा रंगशालाका अलावा पोखराको शहरी क्षेत्रमा रहेका कतिपय सामुदायिक तथा संस्थागत विद्यालयहरूको आफ्नै कम्पाउण्डमा खेलमैदान छ। यी खेलमैदान धेरैजसो खुल्लाचौरका रूपमा छन्।

शहरभित्रका केहीलाई पर्खाल तथा घेरावार लगाइएको छ। यस्ता खेल मैदानहरू विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरूको लागि प्रयोग हुने गरेको छ। निजी क्षेत्रबाट आयोजना हुने कतिपय खेलकुद प्रतियोगिताहरू यस्ता मैदानहरूमा हुने गरेका छन्। मौजुदा संस्थागत संयन्त्र र उपलब्ध भौतिक संरचना र सेवा सुविधामा थप विकास गर्दै जाने गरी निश्चित योजना साथ कार्य गरेमा पोखरालाई खेल शहरको रूपमा विकास गर्न असम्भव छैन।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको संस्थागत रणनीति मध्यावधी मूल्यांकन

संवैधानिक निकायका रूपमा स्थापित अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेका सम्बन्धमा कानुन बमोजिम अनुसन्धान, तहकिकात र अभियोजनसम्बन्धी कार्यहरू गर्दै आएको छ। आयोगले नेपाललाई भ्रष्टाचारमुक्त मुलुकको रूपमा स्थापित गर्नेजस्तो दूरदृष्टि राखेर तयार गरेको संस्थागत रणनीति (२०१४-२०१९) ले सन् २०१९ सम्ममा सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचारमा उल्लेख्य कमी आएको अनुभूत हुनेछ भन्ने लक्ष राखेको छ।

निर्धारित लक्षको नतिजा प्राप्तिका लागि उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक पक्षहरू समेटिएका ३ वटा मुख्य रणनीति र संस्थागत क्षमता विकास, आन्तरिक समन्वय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्बन्ध विकास र विस्तार सम्बन्धीका तीन वटा परिपूरक सूचक रहेका छन्। यस रणनीतिको कार्यान्वयन अवस्था थाहा पाउन आयोगको सहयोगमा प्रतिष्ठानले यस रणनीतिको मध्यावधी मूल्यांकन गरेको छ। रणनीतिले मुख्यरूपमा पहिचान गरेका ४४ वटा सूचकहरू मध्ये अधिकांसको कार्यान्वयन अवस्था राम्रो रहेको पाइएको छ।

बालमैत्री स्थानीय शासन

स्वशासन अध्ययन प्रतिष्ठानले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (साविक), युनिसेफ नेपाल, वर्ल्ड भिजन र स्थानीय निकाय (साविक) हरूको सहयोग र समन्वयमा २०६६ सालदेखि हालसम्म निरन्तररूपमा बाल बचाउँ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताजस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, कार्य पद्धति र व्यवहारमा संस्थागत गर्न बालमैत्री स्थानीय शासन प्रवर्द्धनसम्बन्धी कार्यहरू गर्दै आएको छ।

खासगरी बालबालिकासम्बन्धी कार्यहरूको विश्लेषण र प्रतिवेदन तयारी बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधिको मस्यौदा तयारी, बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यविधि र म्यानुअलहरू तयारी, बालमैत्री स्थानीय शासनसम्बन्धी प्रशिक्षण सञ्चालन, बालमैत्री स्थानीय शासन कार्यान्वयनमा प्राविधिक सहयोग, अनुगमन र अध्ययन विश्लेषणका साथै बालबालिहरूका लागि विभिन्न सहभागितामूलक कार्यक्रम तथा तालिमहरूमा सहयोग पुऱ्याउँदै आएको छ।

नेपाल सरकारले जारी गरेको रणनीति तथा कार्यविधिको आधारमा विगतमा १२ वटा स्थानीय निकायहरू (साविकका १० गाउँ विकास समिति, १ नगरपालिका, १ उपमहानगरपालिका) बालमैत्री घोषणा भैसकेका छन्। यस अवधिमा थुप्रै अनुभवहरू समेत हासिल भएका छन्।

बालमैत्री स्थानीय शासन कार्यान्वयनमा प्राप्त भएका अवसर, देखिएका चुनौती र समाधानका प्रयासहरू महत्वपूर्ण विषय हुन सक्दछन्। साथै यस कार्यमा बालबालिका (बाल क्लव/संजाल) को सहभागिता र भूमिका, विषयगत निकायहरूले लिएको अपनत्व, सहयोगी निकायहरू (सरकारी, गैरसरकारी, सहकारी, सामुदायिक संस्था, विकास साझेदार, राजनैतिक दल, निजी क्षेत्र आदि) को सहयोग, स्थानीय समुदायको भूमिका र स्थानीय निकायहरूको नेतृत्व के कस्तो रहयो भन्ने विषयसमेत महत्वपूर्ण हुन्छ।

यसका अलावा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न प्रयोग गरिएका सामग्रीहरू, सूचना व्यवस्थापन, प्रक्रियागत कार्यहरू, नतिजा प्राप्ति, अनुगमन, प्रतिवेदन प्रणाली आदिजस्ता विषयहरूमा समेत जानकारी लिनेदिने व्यवस्था भएमा भावी दिनहरूका लागि सहयोग मिल्न सक्दछ। यसै विषयलाई ध्यानमा राखी संघीय सरकार, प्रदेश सरकार र सबै नगर/गाउँपालिकाहरूले विगतको अनुभवबाट भएका सिकाईहरूलाई व्यवस्थित गरी मुलुकको वदलिँदो परिवेश अनुसार बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यलाई प्राथमिकतामा राखी कार्य गर्नु आजको आवश्यकता भएको छ।

❖❖❖

महिला, मानवता र महानता

गोपीकृष्ण ढुंगाना
अध्यक्ष, विकास पत्रकार मञ्च (फोडेज), नेपाल

'स्वतन्त्रता र न्यायको संघर्षमा हामी महिलाहरूलाई समर्थन गर्न चाहने पुरूषहरूले के कुरा बुझ्न आवश्यक छ भने उनीहरूले यस संघर्षमा चिच्याउन सिक्नु खासै महत्वपूर्ण छैन, उनीहरूले हामीमाथि हुने हिंसाका अपराधहरूलाई रोक्नु चाँहि हाम्रा लागि बढी महत्वपूर्ण छ', प्रसिद्ध अमेरिकी अभियन्ता आन्द्रिमा ङ्वार्किनले अमेरिकी समाजमा आधारित भएर बोलेको कुरा आजका दिनमा नेपाली समाजमा पनि अत्यन्तै सार्थक छ ।

'द लास्ट पेज' मा 'विकास-बहस' लेखिरहँदा अनलाइनमा यस्तो समाचार सम्प्रेषण भइरहेको थियो, 'सस्तोमा जग्गा नबेच्दा दिलमायालाई नाङ्गै बनाएर निर्घात कुटपिट ।'

अर्घाखाँचीको सितगंगा नगरपालिका-९ की दिलमाया पुनमगरलाई संविधान सभामार्फत् बनेको नेपालको संविधान २०७२ कार्यान्वयन भइरहँदा, त्यसभित्र तीन दर्जन हाराहारी मौलिक हकको ग्यारेन्टी हुँदा, गणतन्त्रात्मक शासन व्यवस्था हुँदा, पाँच वर्षे स्थायी सरकार बन्दा, राज्य पुनर्संरचना भएर मुलुकभर सात सय ५३ स्थानीय सरकार (सिंहदरबारको अधिकारसमेत) हुँदा, विश्वले सामाजिक-आर्थिक क्रान्ति गरी विकासका उच्चतम तह पार गरिसक्दा समेत नगरक्षेत्रभित्र नेपालमा यस्तो अवस्था जीवितै छ ।

समाचारसँगै फेसबुकमा अर्को महिला हिंसाकै भिडियो भाइरल बनिरहेको थियो, सुन्दै हाँसो उठ्दो तर चलायमान दृष्य हेर्दा मनै भक्कानिने । 'उमेर पुगेकी युवतिले प्रेम गरेको' निहुँमा गरिएको निर्घात कुटपिट ! रूपन्देहीको यो भिडियो मुटु कमजोर भएकाले पूरै हेर्न सक्दैन, ती युवतिले कसरी सहिन्, समाज (अझ परिवार/आफन्त) को त्यो ज्यादती ?

प्रतिनिधि घटनाका यी दुई प्रसंगमा आन्द्रिमाले भनेका 'स्वतन्त्रता' र 'न्याय' खै कहाँ ? 'महिलाहरू कति स्वतन्त्र छन् भन्ने कुराले त्यो समाज कति स्वतन्त्र छ भन्ने तथ्यलाई दर्शाउँछ', हो विख्यात फ्रान्सेली समाजवादी चिन्तक चार्ल्स फुरियेरले भनेको यो वाक्य अब नेपाली समाजले गहिरिएर बुझ्न र मनन् गर्न अत्यावश्यक देखिएको छ ।

यतिखेर पतञ्जली योगपीठ भारतमा जमेका नेपाली ऋषिकल्प आचार्य बालकृष्णको विचार क्रान्ति (जीवन, राष्ट्र र विश्वको समग्र रूपान्तरणका सूत्रहरू) भित्रको एउटा वाक्य पनि यहाँ आत्मसात गर्नुपर्ने देखिन्छ, 'नारीलाई आफ्नै आमाजस्तो ममतामयी, पत्नीजस्तो पवित्र एवं छोरीजस्तो प्यारी रूपमा अनुभव गर ।'

नारी जो 'असम्भव' लाई 'सम्भव' गर्ने अपार क्षमता/सामर्थ्य राख्छन्, उर्जा बोक्छन् र त्यसैमा दृढ रहन्छन्, विचारहरूको यो दृढता र अनवरत प्रयत्न नै 'सफलताका सेतु' हुन् । भनिन्छ, 'अरूलाई सम्मान गर, तिमीलाई पनि सम्मान मिल्नेछ ।'

पछिल्ला वर्षहरूमा यो वाक्य शब्दमै सीमित हुन थालेको छ । जग्गा वा प्रेम, सन्दर्भ जुनसुकै होस्, तिनमा पीडित बनेका दुई नारीप्रति भएका गल्ती/कमजोरीहरूको पुनरावृत्ति २१औं शताब्दीको यो सूचना-प्रविधिमैत्रीको अत्याधुनिक युगको माग होइन किनकी गल्ती/कमजोरीहरूको पुनरावृत्तिले प्रगति अवरूद्ध हुन्छ । जसका कारण आत्मबल र आत्मविश्वास क्षिण बन्दै जान्छ । आत्मबल/विश्वास बिनाको प्रगति र प्रगतिमार्फत् हुने 'विकास' ले 'अग्रगामी छलाङ' मार्नै सक्दैन ।

नेपाल र नेपालीको सन्दर्भमा अबको समय 'समाज रूपान्तरण' को हो । 'कायापलट' को प्रतीक्षामा दसकौं गुजारेका नेपालीले जग्गा र प्रेमका जस्ता हजारौं घटना अब नभोगुन् । घटना भइहाले मुलुकभर बनेका सात सय ५३ स्थानीय सरकारका न्यायाधीश (उपप्रमुख वा उपाध्यक्ष संयोजक हुने न्यायिक समिति) ले मुक्ति दिलाउन् र पुनरावृत्ति हुन नदिउन् । विश्वप्रसिद्ध महान् मनोविश्लेषज्ञ सिग्मण्ड फ्रायडले भनेका थिए, 'मानसिक विकृति सभ्यताको एक ठुलो बिडम्बना हो ।' मुलुक 'समृद्ध नेपाल' मा प्रवेश गरिसकेको छ ।

सपनाको देश भनिएको अमेरिकालाई टक्कर दिएर समग्र विकासमा उभन्दा झन्डै अघि बढिसकेको छ सीमा जोडिएको चीन । हामी भने चीनसँग जोडिएका नेपालका उत्तरी जिल्लाको अवस्था अझै कल्पना गर्न सकिरहेका छैनौं । सदरमुकाम पुग्न तीन दिन र एउटा वडा वारपार गर्न दिनभर हिँड्नुपर्ने उत्तरी दुर्गमका पीडा कमैले बुझेका होलाउँ, महसुस गर्ने त औंलामै गनिन्छौं होला । तीनतिर सीमा जोडिएको भारत पनि 'चार' नम्बर गियरको गतिमा छ ।

हामी भने 'घरेलु हिंसा' बाट समेत मुक्त हुन सकेका छैनौं । अझ नारीको सम्मान, स्वतन्त्रता र न्यायलाई 'साँघुरो मानसिकताको घेराभित्र' राखेर आफूलाई 'महान्' को संज्ञा दिइरहेका छौं । एकपटक अमेरिकी प्रथम महिला बेट्टी फोर्डको भनाईलाई अनुशरण गर्ने कि ?, 'मानव जातिको स्वतन्त्रताको खोजी महिलाहरूको स्वतन्त्रताबिना कहिल्यै पुरा हुन सक्दैन ।' के स्वतन्त्रताबिना 'समृद्ध नेपाल' संभव छ ?

काव्य-कुञ्ज, गट्ठाघर, भक्तपुर
gopiji2065@gmail.com

NIBL केटाकेटी बचत खाता

केटाकेटी* बचत खाता

समृद्ध भविष्यका लागि आजै बचत गरौं

www.nibl.com.np

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank
नेपाल राष्ट्र बैंक बाट "क" वर्गको इजाजत प्राप्त संस्था

Durbar Marg, P.O. Box: 3412, Kathmandu, Nepal
Telephone: (977-1) 4242530, 4228229
Fax: (977-1) 4226349, 4228927, E-mail: info@nibl.com.np

ICRA [Nepal]A

*वचनबद्ध बचत खाता ।

स्वशासन अध्ययन प्रतिष्ठानका अंकहरू खोजी-खोजी पढ्नुहोस् ।